
सनातनधर्मको मूलप्रवाह



ग्रन्थकार
प्रा.डा. माधवप्रसाद पाण्डेय



आसमुद्रात्तु वै पूर्वादासमुद्राच्च पश्चिमात् ।
तयोरेवान्तरं गिर्योरार्यावर्तं विदुर्बुधाः ॥२२॥

कृष्णसारस्तु चरति मृगो यत्र स्वभावतः ।
स ज्ञेयो यज्ञियो देशो म्लेच्छदेशस्त्वतः परः ॥२३॥

मनुस्मृति

सनातनधर्मको मूलप्रवाह

वैदिक सनातनधर्मसम्बद्ध आधिकारिक ग्रन्थ,

प्रामाणिक आधार र स्रोतहरूको

सङ्गम

सनातनधर्मको मूलप्रवाह

वैदिक सनातनधर्मसम्बद्ध आधिकारिक ग्रन्थ,
प्रामाणिक आधार र स्रोतहरूको
सङ्गम

ग्रन्थकार
माधवप्रसाद पाण्डेय 'विद्यावारिधि'
प्राध्यापक
नेपाल संस्कृत विश्वविद्यालय
वाल्मीकि विद्यापीठ
काठमाडौं

प्रकाशक
सनातन विद्वत् परिषद् नेपाल

पुस्तक : सनातनधर्मको मूलप्रवाह
सहप्रकाशक : ज्योतिर्विद्या प्रा.लि., कीर्तिपुर–२, मैत्रीनगर, आदर्शमार्ग, काठमाडौं।
सर्वाधिकार : लेखकमा
प्रकाशन : २०८१, लक्ष्मीपूजा

समीक्षक

प्रा. शम्भुप्रसाद ढकाल
प्रा. भवानीप्रसाद खतिवडा
प्रा.डा. आनन्दप्रसाद घिमिरे
प्रा.डा. देवमणि भट्टराई
उपप्रा. वैकुण्ठप्रसाद घिमिरे
उपप्रा. सुदर्शन नेपाल
उपप्रा. उपेन्द्र दाहाल
आचार्य विष्णुप्रसाद पोखरेल

व्यवस्थापक

पं. रामकृष्ण उपाध्याय

प्राप्तिस्थान

सनातन विद्वत् परिषद् नेपालको कार्यालय
हिन्दु जागरण नेपालको कार्यालय
रत्नपुस्तक भण्डार, माइतीघर, काठमाडौं, 01–5321818
श्रीचन्नीप्रसाद पाण्डेय, बाकामलाङ, पाल्पा, ९८६४४४४९२२,
श्रीकेदारनाथ पाण्डेय, त्रिवेणी, नवलपरासी, ९८६७४२८९१८,
श्रीमती दुर्गादेवी तिवारी, नवलपुर चोरमारा ९८४१२८७७६०
अभिनव पाण्डेय र सुश्री अभिज्ञा पाण्डेय,
कीर्तिपुर–२, मैत्रीनगर, काठमाडौं। सम्पर्क : ०१–५१५४०६३।

मुद्रक : सनातन प्रेस, बानेश्वर काठमाडौ नेपाल

मूल्य रु. २७०।–

ISBN 978-9937-1-7187-8

ओंकार मूलमन्त्राख्यः पुनर्जन्मदृढाशयः
वेदगो प्रतिमासेवी ह्येषोधर्मः सनातनः ॥

एतद्देशप्रसूतस्य सकाशादग्रजन्मनः
स्वं स्वं चरित्रं शिक्षेरन् पृथिव्यां सर्वमानवाः ॥



सनातन विद्वत् परिषद् नेपाल

मित्रपार्क, चावहिल, काठमाण्डौ

०१४५६५०३५



प.सं. -
च.नं. -

मितिः-..................

प्रकाशकीय

सनातन विद्वत् परिषद् नेपालको सङ्घटन प्रक्रियादेखि नै सक्रिय भूमिकामा रही संस्थाको स्थापना कालदेखि संस्थापक उपाध्यक्षको पदमा अद्यावधि संस्थाको गतिविधिमा अग्रसर प्रा.डा. माधवप्रसाद पाण्डेयद्वारा तयार पारिएको **सनातनधर्मको मूलप्रवाह** नामक पुस्तक प्रकाशन गर्ने अवसरका लागि डा. पाण्डेयलाई धन्यवाद दिन्छु।

सनातन परम्पराविरुद्धमा देखापरेका विभिन्न परिस्थितिमा यस पूर्व पनि यस संस्थाले विभिन्न प्रकाशन, संगोष्ठी र सचेतनाका कार्यक्रम गर्दै आएको हो । त्यसैक्रममा सनातनधर्मको मूल विषयमा सर्वसाधारण सबै सनातनीहरूका लागि संक्षिप्तमा बुझाउनुपर्ने आवश्यकता देखिएकाले त्यसको मूल मर्ममाथि प्रकाश पारिएको यस पुस्तकको प्रकाशन गर्ने तर्जुमा गरिएको हो । यसको अध्ययन गरेर सनातनधर्मसम्बद्ध मूल विषयको ज्ञान गरी पाठकहरू प्रशस्त लाभान्वित हुनुहुनेछ भन्ने पूर्ण विश्वास गरिएको छ।

यसप्रकारको अत्यावश्यक पुस्तक तयार गरी सहयोग गर्नुहुने डा. पाण्डेयको लेखनी अरु प्रकाशनका लागि पनि सतत तत्पर भइरहनेछ र उहाँको जीवनको उत्तरोत्तर प्रगतिको कामना गर्दछु।

प्रा. भवानीप्रसाद खतिवडा

उपाध्यक्ष

२०८१ कार्तिक १४

जि.प्र.का.काठमाण्डौ दर्ता नं.
धर्मो रक्षति रक्षितः

सनातन विद्वत् परिषद् नेपाल
मित्रपार्क, चावहिल, काठमाण्डौ
०१४५८८४०३५
प.सं.-
च.न.-

मितिः- ....

सनातन धर्मको गति

पावका नः सरस्वती

सामान्य अनन्त कृत्य घटितै हुन्छ धर्म, यसमा विशेषण हो सनातन, यस्तो भन्नु निरन्तरता हो । धर्म पनि त्यस्तै त्यस्तै हो, सङ्कल्पानुसारी कृत्यबाट अतिशय विशेषको हुन्छ आधान, उक्त अतिशय अदृष्ट नामले प्रसिद्ध छ, अदृष्ट पद धर्म, अधर्म दुवैको बोधक हो । व्यापारविशेष सनातन हो भने तज्जन्य अतिशयविशेषधर्म यस्तो भावगर्भित निर्देश हो । (विहितक्रियाजन्यो धर्मः ।)

विहितको अर्थ हो विधिवाक्यबाट सिद्ध, विधिनिर्देशक वेद हो । मन्त्र ब्राह्मणात्मक वेद भ्रम विप्रलिप्सादि दोषशून्य हुनाले धर्मको स्रोत हा, अनि वेदानुसारी स्मृति आदि, पुराण त वेदार्थ उपबृंहक हुन् निरूपक होइनन् । स्रोत भएर मात्र हुँदैन, वेददेखि पुराणसम्मको अर्थानुसन्धान मर्यादित हुनुपर्छ । यसर्थ मीमांसान्यायानुपुष्ट परिष्कृत धर्म सनातन हो भन्ने वस्तु गति अर्थमर्यादासिद्धै हो ।

धर्मनिर्णयको शुद्धि मीमांसान्यायानुभावितामा भर पर्छ नत्र त धर्मका नाममा धर्माभासतिर पुग्ने संभावना रहन्छ ।

यसरी प्रवाहमान धर्मका विधा दुई छन् श्रौत र स्मार्त, (अग्निहोत्रादिकः श्रौतः स्मार्तो वर्णाश्रमात्मकः) अग्निहोत्रादि श्रौत र वर्णाश्रमात्मक स्मार्त हुन् । साम्प्रतिक समाजमा श्रौतधर्मको परिचय अत्यल्प होला, स्मार्तको गति पनि के कस्तो हो ? देखिने गरेके स्मार्त प्रायः विकृतै छ ।

प्रवृत्ति र निवृत्ति भेदले दुई विधा यहाँ पनि छन्, प्रवृत्ति विधाको विस्तार अनन्त छ भोगप्रधान हो, निवृत्तिपरक चाहिँ मार्ग धेरै भए पनि लक्ष्य एकैमा टुङ्गिन्छ निश्रेयस् । बहुशाखधर्मको यथार्थबोध

स्वाध्यायविधिसिद्धतामा निर्धारण छ । (स्वाध्यायोऽध्येतव्यः, इति ।) स्वाध्याय वेदादिशास्त्रको हुन्छ त्यसमा पनि स्ववेदशाखा तदनुसारी स्मृति आदि पर्छन् ।

साम्प्रकि समाज प्रायः स्मार्तलाई सनातनधर्म बुझ्दछ । वेदाधिकारी अनुष्ठेय सर्वथा श्रौत होइन मिश्र हो वैदिक हो । स्मार्त त वेदानधिकारिविषयक बुझ्नुपर्छ । मिश्रमा विधि स्मार्त भए पनि मन्ध वेदकै हुन् । यसरी सनातनधर्म लुहुद्वारक हो दुर्ज्ञेय हो । (गह्वरेष्ठं पुराणम्) । (निहितं गुहायाम्) गुहाको अर्थ हो बुद्धि, धर्मनिर्णयशुद्धिमा बुद्धिविमलता अभ्यर्हिततम साधन हो ।

नृपाल संस्कृत विश्वविद्यालय वाल्मीकि विद्यापीठका ज्योतिष प्रा.डा. माधवप्रसाद पाण्डेयको कृति **सनातनधर्मको मूलप्रवाह** यस्तै विवेचनमा केन्द्रित छ । त्यसको अवलोकन आपाततः भएको छ । त्यसमा स्मार्त वा मिश्रधर्मकै विशेषतः चर्चा छ । स्रोत र प्रामाणिकतामा स्मृति, पुराण, तन्त्र र श्रुतिनिर्दिष्ट छन् । कतै कतै सङ्कीर्णजस्तो देखिन्छ तथापि प्रभूत श्रमसिद्ध कृति हो भन्ने तथ्य प्रस्तुत कृतिबाटै उदघाटित छ ।

समाजका वर्गविशेष र व्यक्तिविशेषका निमित्त प्रस्तुत कृति उपयोगी छ । यसमा संलग्न प्रा.डा. पाण्डेयमा मुरी मुरी साधुवाद । धर्म र ज्योतिषका लघुकाय परिचयात्मक कृति निष्पादन पा.डा. पाण्डेयबाट हुँदैरहून् भन्दै विद्यावेद्य प्रत्यक् अक्षरब्रह्ममा विनति तथा पाण्डेयको उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

दीर्घराज घिमिरे

प्रा.डा. दीर्घराज घिमिरे

अध्यक्ष

दिनाङ्क ०६१।७।१

शुभकामना एवं शुभाशीर्वाद

वसुधैव कुटुम्बकम् अर्थात् विश्वमा विद्यमान सम्पूर्ण प्राणीहरू नै आफ्ना परिवार हुन् भन्ने र भन्न सिकाउने धर्म भनेको वैदिक सनातन धर्म मात्र हो। यो सनातन धर्मको सिद्धान्त सित पाश्चात्य विद्वान् एवं वैज्ञानिकहरू पनि सहमत भएर यसको प्रचारप्रसार आफैंले स्वतःस्फुर्त रूपमा गरेकाछन्। विश्वका सम्पूर्ण धर्महरू यस सनातन धर्मबाटै उत्पन्न भएका हुन् र सनातन धर्मद्वारा नै अनुप्राणित छन् । सनातन धर्मको मूल लक्ष्य भनेको वेदको सर्वोच्च सिद्धान्तलाई समर्थन गर्नु हो । सनातन धर्मको दृष्टिले हेर्दा पृथिवी, जल, तेज, वायु, आकाश, वनस्पति, बिज, बिजन सबै ब्रह्म हो। यस्तो व्यापक एवं उदार चिन्तन अन्यत्र कुनै धर्ममा पनि उपलब्ध छैन । तर अहिले यस वैदिक सनातन धर्ममाथि ठूलो चुनौति आइपरेको छ । पहिले धर्ममाथि प्रहार गर्ने व्यक्तिहरूलाई राज्यले दण्ड दिन्थ्ये भने अहिले त्यस्ता व्यक्तिहरूलाई राज्यले नै पुरष्कृत गर्दछ । यस्तो विषम परिस्थितिमा आफ्नो संस्कार,संस्कृति,सिद्धान्त विर्सेर पाश्चात्य संस्कृतितिर अभिमुख भएको वर्तमान समाजलाई स्वाभिमुखीकरण गर्न यस्ता लघुकाय कृतिहरूले महत्त्वपूर्ण योगदान गर्दछन् भन्ने ठहर गरेर प्राध्यापक डा०माधवप्रसाद पाण्डेय जीले जुन यो कृति तयार गर्नु भएको छ, यो अतीव महनीय कार्य हो । प्राध्यापक पाण्डेय जीको यो कृति सामान्य धर्म जीज्ञासुहरूका लागि मात्र नभएर वर्तमान समयका विद्वान्हरूका लागि पनि पठनीय छ भन्ने मेरो ठम्याइ छ । अतः यस्तै कृतिहरू अरु पनि रचना गरी सनातन धर्मको रक्षा एवं सम्बर्द्धन गर्ने सद्भावना पाण्डेय जीलाई सदैव प्राप्त भइरहोस् भन्ने शुभकामना व्यक्त गर्दै हार्दिक शुभाशीर्वाद प्रदान गर्दछु। अस्तु परिपूर्णम् ॥

अनन्त श्रीविभूषित महामण्डलेश्वर

स्वामी आत्मानन्द गिरि

पीठाधीश्वर

गलेश्वर आश्रम, देवघाटधाम, तनहुँ।

प्र.जि.अ.द नं. ११२/०५१/०५२

ॐ

फोन नं.: ०५६-५०००३५
मो: ९८५५०१९८५५



श्रीहरिहरात्मक परब्रह्मणे नमः
श्रीहरिहर-संन्यास-आश्रम
देवघाटधाम, तनहुँ, गण्डकी प्रदेश



Email: psgurukulam@gmail.com
Web: www.hariharashram.org.np

प.सं.:
च.नं.:

मिति:

आशीर्वचन र शुभकामना

हिमच्छादित शैलशिखरहरूद्वारा परिवेष्टित नेपाल आर्षभूमि, ज्ञानभूमि र तपोभूमि हो । यस पावनभूमिमा प्राचीन कालदेखि नै धेरै ऋषि, महर्षि र तपस्वीहरूले साधना मात्रै गरेनन् अपितु सिद्धि पनि प्राप्त गरेका प्रसङ्गहरू विभिन्न पौराणिक ग्रन्थहरूबाट ज्ञात हुन्छ ।

वेद पौरस्त्य वाङ्मयको अपूर्व ज्ञानराशि हो । ऋग्वेद, यजुर्वेद, सामवेद र अथर्ववेद गरी चार भागमा विभक्त वेद नै सृष्टिको संविधान हो । कर्मकाण्ड, उपासनाकाण्ड र ज्ञानकाण्डका रूपमा वेदलाई विभाजन गरिएको छ । धर्म र ब्रह्मको प्रतिपादन गर्ने अपौरुषेय वाक्यलाई नै वेद भनिन्छ । त्यस्तै गरी इष्ट प्राप्ति र अनिष्ट परिहारको अलौकिक उपायलाई प्रतिपादन गर्ने ज्ञानराशिलाई नै वेद संज्ञा दिइएको छ । संहिता, ब्राह्मण, आरण्यक र उपनिषद्का रूपमा विभक्त वेद समग्र लौकिक तथा वैदिक वाङ्मयहरूको उपजीव्य ग्रन्थ हो । वेदले कर्मलाई नै प्रधान मानेर कर्मको गुणानुवाद धेरै गरेको छ ।

कर्मका विभिन्न पाटाहरू छन् । सनातन वैदिक परम्परालाई सुव्यवस्थित बनाउनका लागि विभाजन गरिएको वर्णाश्रम व्यवस्थामा पनि कर्मको ठूलो महत्त्व छ । ब्रह्मचर्य, गृहस्थ, वानप्रस्थ, सन्न्यास आश्रम र ती आश्रमका अधिकारीहरूको निर्णयसहित तत्तत् आश्रममा नीति नियमहरूको साङ्गोपाङ्ग वर्णन वेदमा गरिएको छ । समयको चक्रसँगै परिवर्तन भएको मानवीय मेधाशक्तिको ह्रास अनि साधना र अध्ययनको कमीसँगै वैदिक ग्रन्थहरू जटिल र कठिन बन्दै गए सँगै

विभिन्न, श्रौतसूत्र, गृह्यसूत्र, धर्मसूत्र आदि सूत्रहरू एवम् धर्मग्रन्थको रचना भएको देखिन्छ । श्रुतेरिवार्थं स्मृतिरन्वगच्छत्" भने जस्तै वेदकै अर्थहरूलाई स्मृतिग्रन्थहरूले अनुसरण गरेका छन् । तिनै श्रुति, स्मृति र पुराणहरूले नै समाज, राष्ट्र, वर्णाश्रम व्यवस्था र समग्र विश्वलाई नै न्याय सत्य र धर्मको बाटोमा चल्न प्रेरणा गर्दै सुसंस्कृत सभ्य समाजको परिकल्पना गरेका छन् । यही सनातन धर्मको मूल उद्देश्य हो ।

वर्तमान परिप्रेक्ष्यमा इतर धर्मावलम्बीहरूको बढ्दो सङ्क्रमणका कारण सनातन वैदिक धर्मका अनुयायीहरूका बीचमा भ्रान्ति उत्पन्न हुन थालेको छ । वेदले प्रतिपादन गरेको वास्तविक धर्मको स्वरूप के हो र कुन मार्गबाट हिंड्दा व्यक्तिलाई परमकल्याणभूत लक्ष्य प्राप्ति हुन्छ । विभिन्न मतमतान्तरहरूका बीचमा वास्तविक प्रमाण केलाई मान्ने जस्ता गहन धार्मिक विषयहरूमा सर्वसाधारणहरू अन्योलमा परिरहेको स्पष्ट प्रतीत हुन्छ ।

यही अन्योललाई शास्त्रीय प्रमाणद्वारा अपसारण गर्नका निम्ति प्रा.डा. माधवप्रसाद पाण्डेयले गहन अध्ययनपूर्वक सनातन धर्मको मूल प्रवाह शीर्षकको पुस्तक प्रकाशन गर्न लाग्नुभएको कुराले हर्षित तुल्याएको छ । विद्वान्हरूले जनमानसमा धार्मिक जागरणार्थ यस प्रकारका कार्यहरू गर्नु प्रशंसनीय छ । यस ग्रन्थले समाजमा धर्मको वास्तविक स्वरूप पहिचान गर्नका निम्ति महत्त्वपूर्ण भूमिका निर्वहण गर्नेछ भन्ने कुरामा म विश्वस्त छु । अन्तमा, महत्त्वपूर्ण कृति रचनाका लागि प्रा.डा. माधवप्रसाद पाण्डेयलाई हार्दिक शुभकामना दिंदै आगामी दिनहरूमा पनि उहाँकी लेखनी यस्तै उत्तम कृतिहरूको रचनामा प्रवृत्त भइरहून् । ॐ शुभमस्तु ।।

स्वामी ज्ञानानन्द सरस्वती,
पीठाधीश एवम् अध्यक्ष– श्रीहरिहर सन्न्यास आश्रम, देवघाटधाम तनहुँ
अध्यक्ष– नेपाल सन्त समाज



महेश संन्यास आश्रम



फोन ... इमेल masgurukulam@gmail.com

शुभाशंसा

धर्म शब्दको मूल अर्थ हो परमात्मा । अविनाशी शाश्वत भएकाले परमात्मा नै सनातन हुनुहुन्छ । जुन वस्तु सदा सर्वदा एकनास रहन्छ । त्यसलाई सनातन भनिन्छ । सम्पूर्ण जगत्‌लाई धारण गर्ने भएकाले उहाँलाई धर्म भन्नु उचित नै छ । त्यस्तै कुनै वस्तुले स्वाभाविक रूपमा धारण गर्ने गुण या स्वभावलाई पनि धर्म भनिन्छ । जस्तै आगोको धर्म उष्णता पानीको धर्म शीतलता आदि । धर्म शब्दको अर्को अर्थ हो प्राकृतिक नियम या व्यवस्था जसलाई वैदिक मन्त्रहरूमा ऋत भन्ने शब्दले बताइएको छ । ऋतुचक्रको परिवर्तन वृष्टि र हावाहुरीको व्यवस्था मौसमअनुसार वृक्ष वनस्पतिहरूमा देखिने परिवर्तन सम्पूर्ण प्राणीहरूको जीवनचक्रजस्ता यी सबै व्यवस्था ऋतकै व्यवस्था हुन् । यही प्राकृतिक नियमले संसारलाई गतिशीत बनाएको छ र धानिरहेको छ । त्यसैले यसलाई धर्म भनिएको हो ।

मानिसहरूमा रहने मानवीय गुण र मानिसले गर्नुपर्ने कर्तव्य धर्म शब्दको सबैभन्दा प्रसिद्ध अर्थ हो । मानिस विवेकशील एवं सामाजिक प्राणी भएकाले प्रकृति समाज र परिवारप्रति उसका केही कर्तव्यहरू रहन्छन् । प्रकृतिका नियमहरूलाई सञ्चालन गर्ने दिव्य शक्ति या देवताहरूप्रति पनि उसले कृतज्ञता प्रकट गर्नुपर्ने हुन्छ । यी यावत्

मानवीय कर्तव्यहरूलाई धर्म भनिन कहिलेदेखि सुरु गरियो ? भन्ने प्रश्नको उत्तरमा वेद भन्ने उत्तर आउँछ । मानवीय कर्तव्यहरूलाई वेद र तन्मूलक शास्त्रहरूले सर्वप्रथम व्याख्या गरेकाले त्यसलाई वैदिक धर्म भनिन्छ । प्रकृतिको सनातन नियममा आधारित भएकाले र कुनै पुरुषविशेषद्वारा प्रवर्तित नभएकाले यसलाई सनातन धर्म पनि भनिन्छ । सबै विशेषतालाई एकै वाक्यमा सम्झेर वैदिक सनातन धर्म भनिन्छ । हिमालयदेखि इन्दुसरोवरसम्म वैदिक ऋषिहरूको सभ्यताका अनेकौं केन्द्र भएकाले त्यहाँका निवासीहरूले मान्ने धर्म भन्ने अर्थमा हिन्दुधर्म पनि भनिन्छ ।

अचेल हिन्दु भन्ने शब्द विदेशीहरूले दिएको भन्ने भ्रममा धेरै सनातनी जनताहरू परेको देखिन्छ । केही विद्वान्हरूले पनि आफ्नो धर्मलाई हिन्दु भन्न नरुचाएको देखिन्छ । तर यो सबै उनै विदेशीहरूको भ्रमजाल हो भन्ने बुझ्नुपर्दछ । सिन्धु शब्दबाट हिन्दु शब्द बन्न कुनै विदेशी जनजिब्रोको पालो कुर्नुपर्ने देखिन्न । धकारको जस्त्व हुँदा दकार बन्ने नियम सँस्कृतको भाषाविज्ञान (पाणिनीय व्याकरण) मा छ । त्यसैगरी पाणिनीय सूत्रहरूले सकारको स्थानमा हकार आदेश गर्ने नियम पनि सँस्कृतकै भाषाविज्ञानमा छ । यी नियमको प्रयोगबाट सनातनीहरूकै जनजिब्रोले सिन्धु शब्दलाई कालान्तरमा हिन्दु भनी उच्चारण गर्न थालेको पत्ता लाग्दछ । कालिका पुराण मेरुतन्त्र आदि ग्रन्थहरूमा आर्यहरूले नै हिन्दु शब्द अपनाएको र शास्त्रीय वाङ्मयमा त्यसको प्रयोग गरेको देख्न सकिन्छ । त्यसै गरी आर्य भन्ने शब्दको प्रयोगमा पनि हिन्दुहरूमाझ धेरै भ्रम छर्न खोजिएको छ । वस्तुतः आर्य शब्द ब्राह्मण क्षत्रिय आदि जातिको वाचक होइन । श्रेष्ठ गुणयुक्त भन्ने अर्थमा यो शब्द शास्त्रहरूमा प्रयोग भएको छ । ऋग्वेदमा कृण्वन्तो विश्वमार्यम् (९।६३।५) भन्ने मन्त्र आउँछ । यहाँ विश्वलाई नै आर्य बनाउने प्रतिज्ञा देखिन्छ ।

विश्वलाई जाति परिवर्तन गरेर आर्य बनाउन त सकिँदैन । गुणका आधारमा आर्य बनाउन भने सकिन्छ । गौतम बुद्धले प्रतिपादन गरेको सिद्धान्त पनि आर्यसिद्धान्त नै हो । अतः बुद्धले अनुभव गरेका जीवनका चार सत्यहरूलाई आर्यसत्य भनिएको हो । बुद्धले आफूले उपदेश गरेको सिद्धान्तलाई एस धम्मो सनन्तनो (धम्मपद १।५) भनी सनातन धर्मकै रूपमा व्याख्या गर्नुभएको छ । सनातन धर्मको विश्वव्यापी प्रभावका सम्बन्धमा सयौँ ग्रन्थहरू लेखिन सक्छन् । यसप्रकार सनातन आर्य हिन्दुधर्मका विषयमा रहेका भ्रमहरू मेट्न प्रामाणिक विद्वान्हरूको ओजस्वी लेख र ओजस्वी वाणी अधिकाधिक मुखरित हुनु आवश्यक छ ।

यही सन्दर्भमा सनातन धर्मसम्बन्धी प्रामाणिक निरूपण गर्न ने.सं.वि.का सविद्यावारिधि प्राध्यापक माधवप्रसाद पाण्डेयजीले सनातन धर्मको मूलप्रवाह भन्ने पुस्तक लेख्नुभएको देख्दा अत्यन्त प्रसन्नता भइरहेको छ । सनातन विद्वत् परिषद् नेपालद्वारा प्रकाशित हुनुले झन् नेपाली विद्वान्हरू प्रामाणिक ज्ञानको प्रचार प्रसारमा कटिबद्ध र संस्थागत रूपमा सङ्गठित पनि छन् भन्ने शुभ सन्देशसमेत प्रसारण गरेको छ । यस ग्रन्थको तयारी र प्रकाशनमा योगदान गर्नुहुने सबैमा संसारभरिका सनातनी हिन्दुहरूका राष्ट्रदेव भगवान् श्रीपशुपतिको अमोघ आशीर्वाद रहनेछ भन्ने विश्वासका साथ प्रस्तुत ग्रन्थको अधिकाधिक जनोपयोगिताको शुभभाव प्रकट गर्दछु ।

स्वामी रमणानन्द गिरि
महेश संन्यास आश्रम
देवघाटधाम गण्डकी

ॐ श्रीमते रामानुजाय नमः श्री



जय श्रीमुक्तिनाथ





अखण्डज्योतिबाबा स्वामी श्रीजी च्यारिटेवल ट्रष्ट
AKHANDA JYOTI BABA SWAMI SHREE JEE CHARITABLE TRUST
श्रीपञ्चमहालक्ष्मी श्रीपीठ, श्रीवन, छालिङ - ९, भक्तपुर
संस्थापक एवं संरक्षक : अनन्तश्रीविभूषित मुक्तिनाथपीठाधीश्वर स्वामी कमलनयनाचार्य (श्रीमुक्तिनाथबाबा)

पत्र संख्या :

शुभ मङ्गलाशासनम्

प्रा. डा. श्री माधवप्रसाद पाण्डेयज्यूले वैदिक सनातन धर्मभित्रका विविध आयामहरूको गहन अध्ययन गरी पुस्तकको रूपमा प्रकाशन गर्न तयार गर्नुभएको **"सनातन धर्मको मूलप्रवाह"** नामक लघु तर बृहद् ग्रन्थको पाण्डुलिपि हस्तागत हुँदा सुखानुभूति भयो । आफ्नो समयाभावका कारण पाण्डुलिपि पूर्णतः अध्ययन गर्न नसकेता पनि सरसर्ती हेर्दा ग्रन्थमा लेखकले वैदिक सनातन धर्मको वास्तविकतालाई प्रष्ट्याउने कोसिस गर्दै संस्कृत वाङ्मय, संस्कार, वर्णाश्रम व्यवस्था, विधिनिषेध, सदाचार जस्ता महत्त्वपूर्ण पक्षहरूको शास्त्रोचित मर्यादामा रही सकारात्मक विश्लेषण गर्नुभएको पाएँ । यसका साथै वैदिक सम्प्रदाय र विभिन्न आधुनिक पन्थहरूबीचको मतान्तरलाई लेखकले छर्लङ्ग पार्ने प्रयास गर्नुभएको रहेछ । सनातन धर्मका विषयमा जान्न चाहने जिज्ञासुहरू यस पुस्तकबाट लाभान्वित हुनेछन् भन्ने विश्वास लिएको छु । अतः यस्तो महनीय ग्रन्थ छिट्टै प्रकाशित भएर समस्त सनातन धर्मावलम्बीहरुको घरघरमा पुगोस् । यस्तो प्रशंसनीय कर्म गर्नुहुने विद्वान् आचार्य प्रा. डा. श्री माधवप्रसाद पाण्डेयज्यूको अन्तर्मनको आवाजबाट उत्प्रेरित, हार्दिकताको भावबाट संग्रथित, वैदिक वाङ्मयको साधना र परमात्माको असीम अनुग्रहबाट संप्राप्त यस निधिको सदा रक्षा होस् । खोजमूलक लेखनीले सधैँ निरन्तरता पाओस् शुभ मंगलाशासनम् ।


ॐ श्रीनेपालजनन्यै नमो नमः ।

॥ जय श्रीमुक्तिनाथ ॥

मुक्तिनाथपीठाधीश्वर स्वामी कमलनयनाचार्य
श्रीपञ्चमहालक्ष्मी, श्रीपीठ, श्रीवन भक्तपुर
वि.सं. २०८१ आषाढ १ गते

सम्पर्क कार्यालय : गोल्फुटार, काठमाडौं । फोन : ९७७-१-४३७५०७४
इमेल : muktinathbaba5@gmail.com
वेवसाइट : www.muktinathbaba.com.np
बैंक : अखण्डज्योतिबाबा स्वामी श्रीजी च्यारिटेवल ट्रष्ट
एभरेष्ट बैंक, गोल्फुटार शाखा, काठमाडौं ।
चल्तीखाता नं. ०२८००१०५२००१४५

स्था. प्र. सं. द. नं. ७०/५०



श्री निम्बार्क दर्शन केन्द्र
(श्री राधाकृष्ण मन्दिर)
प्रतीक वृन्दावन, गैंडाकोट -१, नवलपरासी
फोन नं. : ०५६-५०११२८

मिति..................

प. सं. :-
च. नं. :-

सनातन धर्मको मूल प्रवाहप्रति शुभकामना

नेपाल संस्कृत विश्वविद्यालय अर्न्तगत वाल्मीकि विद्यापीठ, काठमाडौँमा प्राध्यापनरत प्रा.डा.माधवप्रसाद पाण्डेयज्यूद्वारा लिखित 'सनातन धर्मको मूल प्रवाह' नामक कृतिको पाण्डुलिपि कालिका संस्कृत विद्यापीठ, गैंडाकोटका प्राचार्य, सह.प्रा.डा. रामचन्द्र कण्डेलज्यूबाट प्राप्त गरेँ र आद्योपान्त पढेँ पनि । उदीयमान युवा विद्वान्हरूको सनातन धर्मप्रति प्रगाढ आस्था हुनु र निराकार आस्थालाई साकार बनाएर दिग्भ्रान्त समाजलाई पथप्रदर्शन गराउने साधनका रूपमा कृति तयार गरी प्रकाशन गर्नुहुने विद्वान् पाण्डेयज्यूको सारस्वतसाधनाबाट म हृदयदेखि नै अत्यन्त प्रभावित भएको छु ।


सनातन धर्मको मूल स्रोत वेदबाट प्रवाहित भएको जगत्सृष्टिदेखि लिएर प्रलयपर्यन्तका तत्त्वहरूलाई समेटेर सनातनको मूलप्रवाह प्रवाहित गर्नु असाधारण कुरा हो । श्रीपाण्डेयज्यूद्वारा आगामी दिनमा पनि सनातन वैदिक समाजलाई सन्मार्ग प्रर्दशन गर्ने यस्तै उत्तम कृतिहरू रचना गरी प्रकाशित हुनेछन् भन्ने आशा एवं विश्वासका साथ यस कृतिको लोकप्रियताका लागि श्री राधासर्वेश्वर भगवानसँग कोटिशः प्रार्थना गर्दै हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछु ।

हरिशरण उपाध्याय

मिति : २०८१ वैशाख १७

(प्रा. हरिशरण उपाध्याय)
संरक्षक
श्रीनिम्बार्क दर्शन केन्द्र प्रतीक वृन्दावन
गैंडाकोट न.पा.१ दिव्यधाम नवलपुर





श्रीराधासर्वेश्वरो विजयते
जगद्गुरु श्रीनिम्बार्काचार्यो विजयतेतराम्
स्वस्ति श्रीमत्प्रचण्डपण्डरश्मिप्रतिभोद्भासितदिङ्मण्डलानां
श्रीमन्[illegible] सन्निहित[illegible]
[illegible]
[illegible] प्राचीन हरिद्वार [illegible]
जगद्गुरुपीठ पीठाधीश्वराणां [illegible]

अनन्तश्रीविभूषितजगद्गुरुबालसन्तमोहनशरणदेवाचार्यमहाराजश्री

प.सं. .... मिति

च.नं. ....

शुभकामना

पूर्वीय संस्कृतिमा वैदिक वाङ्मयको सर्वोच्च स्थान रहेको छ । **"वेदाः ब्रह्मात्मविषयाः"** श्रीमद्भागवतले स्पष्ट पार्दै भनेको छ । वेद नै ब्रह्मतत्त्वको प्रतिपादन गर्ने प्रामाणिक आधार हो । त्यसै कुरालाई प्रष्ट पार्दै स्कन्दपुराणले भनेको छ **"वेदः साक्षात् सनातनः"** वेद अनादि अपौरुषेय सनातन ब्रह्म विषयक तत्त्व प्रतिपादन गर्ने या साक्षात् भगवान् नै हो । सनातन वेदद्वारा प्रतिपादित धर्म नै सनातन धर्म हो । पुनः भागवतले प्रमाण दिँदै भनेको छ **एषः धर्मः सनातनः** सनातन धर्ममा सनातन ब्रह्मको प्रतिपादन भएको छ ।

वासुदेवापरा वेदाः । मूलं हि विष्णुर्देवानां यत्र धर्मसनातनः । -
भागवतमहापुराणम् ।
सनातनः शिवः साक्षात् शिवः साक्षात् सनातनः । -शिवमहापुराणम् ।
कृष्णो धर्मः सनातनः । -महाभारतम् । जस्ता शास्त्रका वचनद्वारा निर्दिष्ट शास्वत अनादि ब्रह्मको उपासना गर्ने पद्धति नै सनातन धर्म हो ।

वर्तमान समयमा वैदिक सनातन धर्मबाट पथ भ्रमित भई आफ्नो स्वधर्मबाट विमुख हुदैं गरेको समाजलाई आफ्नै धर्मको महत्त्व र महत्तालाई सहज ढङ्गमा बोध गराउने पवित्र उदेश्यका साथ श्रुति, स्मृति, पुराणेतिहासादि प्रबल प्रमाणहरूको सङ्कलन गरी विभिन्न ग्रन्थहरुको अध्ययन गरी निक्कै परिश्रम उठाएर वाल्मीकि विद्यापीठका प्राध्यापक ज्योतिषशास्त्रमा विद्यावारिधि गर्नुभएका विद्वद्वर विद्वान् आचार्य


प्रवर डा. श्रीमाधवप्रसाद पाण्डेयज्यूले **सनातनधर्मको मूलप्रवाह** नामक अपूर्व ग्रन्थको प्रणयन गर्नुभएको देख्दा आनन्दातिरेक नहुने कुरै भएन। वर्तमान समयमा जगत् किं कर्तव्यविमूढ भएर गतिहीन अवस्थातर्फ उन्मुख भैरहेका बेला यहाँले विद्वत् जगतलाई चेतना सञ्चार गर्ने र पथ भ्रमित भएका वर्तमान समाजलाई सनातनधर्मको मूलप्रवाह पञ्चदेवोपासनाको सनातन पद्धतिको यथार्थतातिर डोर्याउने प्रयत्नलाई अत्यन्तै महत्वपूर्ण कार्य गर्नुभएको छ। वास्तवमै वेद विपरीत धर्म हुनै सक्दैन भन्ने कुरा बारम्बार शास्त्रहरुले उद्घोष गरेका छन्।

वेदप्रणीहितो धर्म ह्यधर्मस्तद् विपर्ययः। -भागवतमहापुराणम्।

सर्वथा वेद एवाऽसौ धर्ममार्ग प्रमाणकः। -देवीभागवत

श्रीमद्भागवत र देवीभागवत आदि प्रसिद्ध पुराणले स्पष्ट नै पारेका छन्। वेदद्वारा प्रतिपादित धर्म नै धर्म हो, त्यसको विपरीत सबै अधर्म हुन्। धर्ममार्गको सर्वमान्य प्रमाण नै वेद हो। यस्ता श्रुति, स्मृति पुराणेतिहासको आधारलाई प्रमाण मानेर हिंड्ने विष्णु, राम, कृष्ण, शिव, शक्ति, सूर्य र गणेशादि देव उपासना वैदिक हुन् भने तत् विपरीत आचरण गर्ने **"ह्यधर्मस्तद् विपर्ययः"** सबै अधर्म हुन् भन्ने स्पष्ट प्रमाणलाई सुवोध्य ढङ्गबाट प्रस्तुत षरिएको यस ग्रन्थले सनातन वैदिक धर्मका उपासक हामी सबैमा सद्भाव स्थापना गर्दै अगाडि बड्ने प्रेरणा प्रदान गर्न सकोस् भन्ने अपेक्षाका साथ डा.माधवप्रसाद पाण्डेय ज्यूको यो प्रयत्नले समग्र सनातनधर्मोपासकहरूमा उत्साह साथ स्वधर्माचरण गर्ने उत्साह बढिरहोस् भन्ने शुभेच्छा शुभकामनां साथ राष्ट्र र राष्ट्रवासीले यहाँबाट यस्ता प्रेरणादायक अन्य पनि सद्ग्रन्थहरूको अध्ययन गर्ने मौका पाइरहून् भन्ने आकाङ्क्षा राख्दै विश्राम लिन्छु। धन्यवाद॥

जगद्गुरु अनन्तश्री विभूषित
बालसन्त मोहनशरण महाराज
प्रथम जगद्गुरुपीठ
चतराधाम, सुनसरी, नेपाल।



पूजायै माधवार्यस्य रचिता कवितात्रयी

पाण्डेयान्वयदुग्धवारिधिविधुर्विद्वत्प्रियः प्रीतिमान्
सद्विप्रोत्तमसत्कुलः कुलमणिर्ज्योतिर्विदामग्रणीः ।
शिष्टः शिष्टविशिष्टसज्जननुतः सर्वाश्रयः सात्विकः
कौशल्यो हि स गोत्रतो विजयते शुद्धः सुधीर्माधवः ॥१॥

विद्यावारिधितां हितां हि महितां दैवज्ञताञ्चापि तां
सत्प्राध्यापकताञ्च प्राप्य जगताङ्क्षेमाय यः कल्पते ।
सोऽसौ धर्मधृतां वरो वरयते प्राची हि पारम्परीम्
आर्षीमद्य सनातनीमनुपमां नेपालदेशे शुभाम् ॥२॥

तद्धेतोः स हि पुस्तिकां रचितवान् नेपालिभाषामयीन्
धर्मस्यास्य सनातनस्य महतो मूलप्रवाहाभिधाम् ।
वाक्यैः स्वैः सरलैर्हिताय जगतां सत्पुस्तिकेयङ्कृता
तस्याः सत्पठनेन धार्मिकजनैः कालः सदा नीयताम् ॥ ३॥

अभिनन्दकसंस्तवः

व्यौमकूटश्च काश्यश्च लाङ्गवश्चापि यः क्रमात् ।
समभूत्कालभेदेन नीलाद्रिनाथनामवान् ॥
वावदूकः कविः कश्चित् मित्रं पाण्डेयमाधवम् ।
अभिनन्दयते सोऽयं विद्यावुद्धिविवेकिनम् ॥

(जगन्नाथाचार्यः)
अध्यक्षः महन्तश्च
श्रीलक्ष्मीवैकुण्ठनाथमन्दिरम् भ.म.न.पा-४
लङ्कू, चितवन, वाग्मती प्रदेश, नेपाल ।
दिनाङ्क : २०८१/०१/३०गते, शङ्कराचार्यजयन्ती



नेपाल सरकार

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

नेपाल पञ्चाङ्ग निर्णायक विकास समिति



प.सं. : मिति :

च.नं. :

वि.सं. २०८१ असार २ गते रविवार गङ्गादशहरा

शुभकामना

हामीहरू सबै वैदिक सनातन धर्मावलम्वी हौं। हामीहरूको ज्ञान, विज्ञान, धर्म, संस्कृति र सदाचारको मूल आधार वेद नै हो। वेदप्रतिपादित विषयको मर्म र आधारभूत ज्ञान प्राप्त गर्न हामीहरू मध्ये धेरै जसो असक्षम नै छौं र झन् झन् असक्षम बन्दै गएका छौं। समयसापेक्ष यही अवस्थालाई आत्मसात् गरी प्राचीन ऋषि मुनि र साधकहरूले वेदमा सूत्रात्मक र सङ्केतात्मक रूपमा प्रतिपादित विषयहरूलाई चतुर्दश विद्या, तन्त्र, पुराण, उपपुराण र अन्यान्य ज्ञानविज्ञानका महाकाय ग्रन्थहरूका माध्यमले विभिन्न रोचक, ज्ञानवर्धक, व्यावहारिक कथा उदाहरण र विश्लेषणात्मक वर्णनहरूद्वारा उक्त विषयलाई प्रतिपादन गरेका छन्। यी सबै व्यावहारिक, सांस्कृतिक, धार्मिक, वैज्ञानिक र दार्शनिक विषयवस्तुलाई समग्ररूपमा बुझेर समाजमा प्रयोग गर्नु वर्तमान समयमा कठिनतर कार्य बन्दै गएको छ। यद्यपि ज्ञान र विज्ञान कहिले पनि पुरानो र नवीन हुँदैन। यो त शास्वत र नित्य हो। तथापि नयाँ किसिमको व्याख्या विश्लेषण र प्रयोगले गर्दा प्राचीन ज्ञान, विज्ञानमा धेरै परिवर्तन आएको छ। यो परिवर्तन र पाश्चात्य शिक्षापद्धतिको दवदवाले गर्दा हामी अधिकांश सनातन धर्मावलम्वीका साथै हाम्रा नयाँ पुस्ताका धेरैजसो सन्ततिहरूले हाम्रो आदर्शमय उच्चतम मर्यादा, सदाचार, सद्विचार, गौरवमय ज्ञान, विज्ञानको अक्षुण्ण प्रवाह र गार्हस्थ्य जीवनको उपदेयतालाई आत्मसात् गर्न सकेका छैनन्। पाश्चात्य पण्डित र पाश्चात्य शिक्षाले हाम्रो विषयमा जे भन्यो, त्यही विषयमा हामी मस्त छौं। हामीलाई आत्मगौरव, आत्ममर्यादा र आफ्नो आदर्शमय जीवन पद्धतिको कमै मात्र ज्ञान छ। आफूभित्र वहुमूल्य ज्ञान, विज्ञानको खजाना हुँदा हुँदै पनि हाम्रा ज्ञान, विज्ञान र संस्कृति समेतमा पश्चिमी व्याख्यामा भरपर्ने दयनीय परम्परा रहिआएको छ।

उक्त सन्दर्भमा धर्म, संस्कृति, दर्शन र संस्कारको विषयमा हाम्रो आफ्नै आधिकारिक सरल र सानो नेपाली भाषामा लेखिएको पुस्तिका भए वयोवृद्ध पितृमातृवर्गदेखि लिएर समग्र युवा युवतिलाई समेत आफ्नो धर्म, संस्कृति, आचार विचार, संस्कार, ज्ञान विज्ञान र दर्शनको परम्परा बुझ्न र त्यसलाई व्यवहारमा उतार्न समेत सहज हुने थियो भन्ने जनमानस र आफ्नो समेत ईश्वरप्रेरित आन्तरिक सदिच्छाद्वारा प्रा.डा. माधवप्रसाद पाण्डेयज्यूद्वारा सनातन धर्मको मूलप्रवाह नामक वैदिक सनातन धर्मसम्वन्धी मर्मलाई संक्षिप्त रूपमा उद्घाटन गर्ने जुन यो लघुपुस्तिका तयार भएको छ, यसको पठन, पाठन, मनन, चिन्तन र प्रयोगवाट पाठक वर्गमा सनातन धर्मको मूलप्रवाह प्रवाहित हुनेछ भन्ने शुभकामनाका साथै पाण्डेयज्यूप्रति सहस्रशः धन्यवाद समर्पण गर्दै यो अभिव्यक्तिलाई विश्राम दिन चाहन्छु।

श्रीकृष्ण अधिकारी
....
प्रा. श्रीकृष्ण अधिकारी
अध्यक्ष

फोन : ०१-४५११०९३
E-mail: info@npns.gov.np./npns2025@gmail.com/www.npns.gov.np



राष्ट्रिय धर्मसभा, नेपाल
२०६५
Rashtriya Dharmasabha, Nepal
केन्द्रीय कार्यालय का.म.पा. ३२, अनामनगर, काठमाडौं, नेपाल
Central Office Kathmandu-32, Anamnagar, Nepal
जिल्ला/शाखा.. मितिः
द.नं. २५६

अनुकरणीय सान्दर्भिक प्रयास

सनातन धर्मका अत्यन्त जागरुक अभियन्ता विशिष्ट विद्वान् प्राध्यापक डा. माधवसाद पाण्डेयले मेहनतसाथ तयार पार्नुभएको **सनातनधर्मको मूलप्रवाह** नामक पुस्तक प्रकाशित हुनलागेकोमा अत्यन्त हर्षको अनुभूति भएको छ । यसको पाण्डुलपि हेरैं । ज्यादै उपयोगी छ । यसको शीघ्र प्रकाशनको कामना गर्दै लेखकप्रति हार्दिक साधुवाद ज्ञापन गर्दछु।

सनातनधर्म निरन्तर रहने सवभन्दा प्राचीन अत्यन्तै उदार र जीवनोपयोगी धर्म हो । यो धर्म मानवलाई जीवनको उचाइमा पुऱ्याउने आचारपद्धति हो । भारतवर्षको शिरोभाग हाम्रै नेपालबाट विस्तारित हुँदै यो धर्म विश्वव्यापी बनेको हो – **सा प्रथमा संस्कृतिर्विश्ववारा ।** अकारण इर्ष्या गर्नेहरूले अथवा भौतिक भोगविलासमा लिप्त हुनेहरुले हाल सनातनधर्ममाथि चारैतिरबाट प्रहार गरिरहेका छन् । यस अवस्थामा विद्वान् पाण्डेयले स्वधर्मप्रतिको निष्कपट कर्तव्य पालना गर्दै यस पुस्तकको निर्माण गर्नुभएको छ। म यसको हृदयतः स्वगत र प्रशंसा गर्दछु।

स्वधर्मे निधनं श्रेष्ठः परधर्मो भयावहः पूर्वजको यो सदुक्ति शिरोधार्य गर्दै सनातनधर्मको रक्षा गर्नु प्रत्येक धर्मप्राण नेपालीको कर्तव्य हो । यसका लागि स्वार्थको त्याग गर्नैपर्दछ । माधवजीले धर्मरक्षाकै खातिर आफ्नो आचारविचार दैनिक जीवनमा पनि प्रस्तुत गरिरहनुभएको छ । निर्भिक अभिव्यक्ति, व्यवहारमा शास्त्रोक्त मर्यादाको परिपालन र लेखनका माध्यमले धर्मसंस्कृतिको यथार्थ स्वरूपको प्रस्तुति धेरै समयदेखि उहाँले गर्दै

आउनुभएको छ । यो पुस्तक पनि त्यसैको एक कडी हो । हामी ऋषिसन्तति हौँ, उहाँहरुले देखाएको मार्ग स्पष्ट छ, अजेय छ, हामी त्यही मार्गमा हिड्नुपर्दछ ।

येनास्य पितरो याता येन याताः पितामहाः ।
तेन यायात् सतां मार्ग तेन गच्छन्नरिष्यते ।

मनु. ४। १७८ ।

हामीले यही वचनको पालना गर्नु अनिवार्य छ। अथवा **तस्माच्छास्त्रं प्रमाणं ते ... गीता** १६। २४ लाई नै अनुसरण गर्नुपर्दछ । **सनातनधर्मको मूलप्रवाह** पुस्तकले सनातनधर्मका मर्म र मान्यतालाई राम्ररी पहिचान गरेको छ। आकार प्रकारका दृष्टिले गागरमा सागर भरिएको छ भने प्रस्तुतीकरणका दृष्टिले सनातनधर्मको सारभूत महत्त्व यसमा परिपुष्ट छ। यस परिप्रेक्ष्यमा पुस्तक पठनीय छ । सप्रमाण विषयप्रतिपादन गरिएकाले यसमा पाठकले सन्देह गर्नुपर्दैन। धर्म, संस्कार र धर्मनिरपेक्षता जस्ता धेरै सान्दर्भिक विषयमा सटीक विवेचना गरिएको छ। म यस पुस्तकको सफल प्रकाशन र प्रचार प्रसारको कामना गर्दछु।

धर्म एव हतो हन्ति धर्मो रक्षति रक्षितः ।
हरि ॐ

प्रा. डा. माधव भट्टराई[1]
अध्यक्ष
राष्ट्रिय धर्मसभा नेपाल
२०८१ । १। २६ मातातीर्थ अमावास्या

---

[1]. परामर्श मण्डलका वरिष्ठ सदस्य- सनातन विद्वत् परिषद् नेपाल।

शुभकामना

वेदोऽखिलो धर्ममूलम् शुक्ल, कृष्ण, ऋक्, साम र अथर्व यी सबै वेद धर्मका मूल हुन्। ऋग्वेदमा १० मण्डल छन्। तीमध्ये प्रथम मण्डलमा उल्लिखित २७ सूक्तहरुका द्रष्टा एवं व्याख्याता अगस्त्य ऋषि हुन् । उनले समुद्र पान गर्न अञ्जुलीमा लिएको जलमा मत्स्य र कच्छप अवतार भगवान्को दिव्य रुप देखेका थिए। उनकी पत्नी लोपामुद्रा थिइन्।

मुनिर्जयति योगीन्द्रो महात्मा कुम्भसंभवः ।

तेनैक चुलुके दृष्टै दिव्यौ तौ मत्स्य–कच्छपौ ॥

सूर्यवंशी राजाका कुलगुरु वसिष्ठ ऋषि हुन् । वसिष्ठपत्नी अरुन्धती साक्षात् सरस्वतीस्वरूपा थिइन्। अत्रि ऋषिकी पत्नी अनसूइया थिइन्। यी सहित सम्पूर्ण ऋषिपत्नीहरु अत्यन्त पतिव्रता र विदुषी थिए।

भारतवर्षमा हिमालय, हिमवत्खण्ड, मानसखण्ड र वराहक्षेत्रका ऋषि पराशर, वाल्मीकि, ऋष्यश्रृङ्गी, याज्ञवल्क्य, राजा जनक प्रभृति ऋषि, ब्रह्मर्षि, महर्षि, राजर्षिहरु धर्माधिकारी हुन् । ती सबै पुण्यक्षेत्रहरु र ऋषि, मुनिहरू नेपालसम्बद्ध छन्। त्यसैले पनि धर्मको मूल थलो नेपाल हो।

भारतमा हजार वर्ष जति यवनको शासन थियो । त्यसपछि अंग्रेजले सय वर्ष जति शासन गरे। त्यसैले त्यहाँ वैदिक सनातनधर्मको संरक्षण गर्न कठिन भयो, जसले गर्दा धर्मको स्वरुप त्यहाँ शिथिल हुनपुग्यो। तर सौभाग्यले नेपालले त्यस्तो कुनै प्रकारको विधर्मीको अतिक्रमण व्यहोर्नुपरेन, जसले गर्दा यहाँ वैदिक सनातन धर्मको गतिमा विघ्न आउन पाएन र सो परम्परा निरन्तर चलिरह्यो । यहाँ पशुपतिनाथ र गुह्येश्वरीको असीम अनुकम्पाले हामी र हाम्रो राष्ट्र तथा हाम्रो धर्म सुरक्षित रहन सकेको हो।

हाम्रो यही **सनातन वैदिक परम्परालाई सुव्यवस्थित बनाउनका लागि ब्रह्मचर्य, गृहस्थ, वानप्रस्थ** तथा **सन्न्यास आश्रम र ती आश्रमका अधिकारी**, ती ती **आश्रमका नीति नियमहरूको साङ्गोपाङ्ग वर्णन** यी सबै **समयको चक्रसँगै परिवर्तन भएको, मानवीय मेधाशक्तिको ह्रास** भएको **अनि धर्मसूत्र, कल्पसूत्र, गृह्यसूत्र आदि सूत्रहरू, धर्मग्रन्थ** र **वेदाङ्गको साधनात्मक**

अध्ययनको कमीसँगै वैदिक ग्रन्थहरू जटिल र कठिन बन्दै गए सँगै वर्तमान परिप्रेक्ष्यमा इतर धर्मावलम्बीहरूको बढ्दो सङ्क्रमणका कारण सनातन वैदिक धर्मका अनुयायीहरूका बीचमा भ्रान्ति उत्पन्न हुन थालेको छ । वेदादिशास्त्रले प्रतिपादन गरेको वास्तविक धर्मको स्वरूप के हो र कुन मार्गबाट हिंड्दा व्यक्तिलाई परमकल्याणभूत लक्ष्य प्राप्ति हुन्छ भन्ने विभिन्न मतमतान्तरहरू र तिनका बीचमा धार्मिक विषयहरूमा सर्वसाधारणहरू अन्योलमा परिरहेको वर्तमान परिवेशमा यही अन्योललाई शास्त्रीय वास्तविक प्रमाण केलाई गहन र स्पष्ट प्रमाणद्वारा त्यस्ता अलमललाई अपसारण गर्नका निम्ति प्रा.डा. माधवप्रसाद पाण्डेयले गहन अध्ययनपूर्वक सनातन धर्मको मूल प्रवाह शीर्षकको पुस्तक प्रकाशन गर्न लाग्नुभएको कुराले हर्षित तुल्याएको छ ।

विद्वान्हरूले जनमानसमा धार्मिक जागरणार्थ यस प्रकारका कार्यहरू गर्नु प्रशंसनीय छ । यस ग्रन्थले समाजमा धर्मको वास्तविक स्वरूप पहिचान गर्नका निम्ति महत्त्वपूर्ण भूमिका निर्वहण गर्नेछ भन्ने कुरामा म विश्वस्त छु । अन्तमा, महत्त्वपूर्ण कृति रचनाका लागि मेरा अन्तरङ्ग शिष्य प्रा.डा. माधवप्रसाद पाण्डेयलाई हार्दिक शुभकामना दिंदै आगामि दिनहरूमा पनि पाण्डेयजीको शास्त्रचिन्तन र अध्यवशायले निरन्तरता पाइरहोस् । कल्याणमस्तु ॥

आचार्य पूर्णचन्द्र ढुङ्गेल,
महाविद्यावारिधि, षट्शास्त्राचार्य, विद्यावाचस्पति, विद्वच्चक्रचूडामणि,
पूर्वउपकुलपति– नेपाल संस्कृत विश्वविद्यालय,
तथा
निवृत्तअध्यक्ष– सनातन विद्वत् परिषद् नेपाल ॥

'धर्मस्य तत्त्वं निहितं गुहायाम्'

कुनै सन्तमहात्माको प्रवचन, नेताहरूका भाषण, लेखक विद्वान्हरूका लेख, निबन्ध आदि ठीक हुन् वा बेठीक हुन् भनेर छुट्याउन सक्ने राजहंश भेट्न त्रिगुण रचित ब्रह्माण्डमै दुर्लभ छ। उनीहरूले हेर्ने चस्मा भिन्नभिन्न अभिरुची र भिन्नभिन्न ग्रहण गर्ने क्षमताले बनिएका हुन्छन्।

व्यक्ति र राज्यभित्र रहेका हरेक संस्था, संघ, संगठनले आफ्नू उद्देश्य परिपूर्तिका निमित्त आफूले देखे, सुने र जानेका आधारमा धारा, उपधारा, नियम, विनियम, खण्ड, क, ख, आदिले युक्त एक प्रकारको दस्तावेज तयार पारिएको हुन्छ, त्यसलाई विधान वा संविधान भनिन्छ। यसको निर्माण कर्ता निकाय वा व्यक्ति सिवाय अरू कसैले, यसले जतिसुकै अप्ठ्यारो पारे पनि, यसलाई संशोधन गर्न मिल्दैन। यस विरुद्ध चल्ने वाला व्यक्ति दण्डनीय हुन्छ।

यो यत्रो सारा विश्व ब्रह्माण्ड सञ्चालन गर्न यसका निर्माताले बनाएको ऐन कानुन वा संविधानलाई वेद या श्रुति भनिन्छ। त्यो संविधान संशोधन गर्ने अधिकार संसद बाहेक अरुलाई नभए जस्तै यस विश्वब्रह्माण्डको संविधान (वेद वा श्रुति) लाई संशोधन गर्ने अधिकार उस ब्रह्माण्ड रचयिता बाहेक अरु कसैलाई पनि छैन।

यस्तो कुरा बुभेर बुझी नसकिने विचित्र विश्वब्रह्माण्डको रचना विना सर्वज्ञता असंभव हुनाले विश्व ब्रह्माण्ड कर्ताको सर्वज्ञता सिद्ध हुन्छ। यस्तै ऊ बाहेक सबै ब्जसैद्वारा रचित भएकाले उसको सर्वेश्वरता पनि सिद्ध हुन्छ । आफूले जन्माएका सबैप्रति समभाव र उत्तिकै माया हुने हुँदा रागद्वेषशून्य अनादि अनन्त जगत्पिताको निःस्वसित उक्त विधि संविधान वेद नै हो।

अध्ययनको कमीसँगै वैदिक ग्रन्थहरू जटिल र कठिन बन्दै गए सँगै वर्तमान परिप्रेक्ष्यमा इतर धर्मावलम्बीहरूको बढ्दो सङ्क्रमणका कारण सनातन वैदिक धर्मका अनुयायीहरूका बीचमा भ्रान्ति उत्पन्न हुन थालेको छ । वेदादिशास्त्रले प्रतिपादन गरेको वास्तविक धर्मको स्वरूप के हो र कुन मार्गबाट हिंड्दा व्यक्तिलाई परमकल्याणभूत लक्ष्य प्राप्ति हुन्छ भन्ने विभिन्न मतमतान्तरहरू र तिनका बीचमा धार्मिक विषयहरूमा सर्वसाधारणहरू अन्योलमा परिरहेको वर्तमान परिवेशमा यही अन्योललाई शास्त्रीय वास्तविक प्रमाण केलाई गहन र स्पष्ट प्रमाणद्वारा त्यस्ता अलमललाई अपसारण गर्नका निम्ति प्रा.डा. माधवप्रसाद पाण्डेयले गहन अध्ययनपूर्वक सनातन धर्मको मूल प्रवाह शीर्षकको पुस्तक प्रकाशन गर्न लाग्नुभएको कुराले हर्षित तुल्याएको छ ।

विद्वान्हरूले जनमानसमा धार्मिक जागरणार्थ यस प्रकारका कार्यहरू गर्नु प्रशंसनीय छ । यस ग्रन्थले समाजमा धर्मको वास्तविक स्वरूप पहिचान गर्नका निम्ति महत्त्वपूर्ण भूमिका निर्वहण गर्नेछ भन्ने कुरामा म विश्वस्त छु । अन्तमा, महत्त्वपूर्ण कृति रचनाका लागि मेरा अन्तरङ्ग शिष्य प्रा.डा. माधवप्रसाद पाण्डेयलाई हार्दिक शुभकामना दिंदै आगामि दिनहरूमा पनि पाण्डेयजीको शास्त्रचिन्तन र अध्यवशायले निरन्तरता पाइरहोस् । कल्याणमस्तु ॥

आचार्य पूर्णचन्द्र ढुङ्गेल,
महाविद्यावारिधि, षट्शास्त्राचार्य, विद्यावाचस्पति, विद्वच्चक्रचूडामणि,
पूर्वउपकुलपति– नेपाल संस्कृत विश्वविद्यालय,
तथा
निवृत्तअध्यक्ष– सनातन विद्वत् परिषद् नेपाल ॥

'धर्मस्य तत्त्वं निहितं गुहायाम्'

कुनै सन्तमहात्माको प्रवचन, नेताहरूका भाषण, लेखक विद्वान्हरूका लेख, निबन्ध आदि ठीक हुन् वा बेठीक हुन् भनेर छुट्याउन सक्ने राजहंश भेट्न त्रिगुण रचित ब्रह्माण्डमै दुर्लभ छ । उनीहरूले हेर्ने चस्मा भिन्नभिन्न अभिरुची र भिन्नभिन्न ग्रहण गर्ने क्षमताले बनिएका हुन्छन्।

व्यक्ति र राज्यभित्र रहेका हरेक संस्था, संघ, संगठनले आफ्नू उद्देश्य परिपूर्तिका निमित्त आफूले देखे, सुने र जानेका आधारमा धारा, उपधारा, नियम, विनियम, खण्ड, क, ख, आदिले युक्त एक प्रकारको दस्तावेज तयार पारिएको हुन्छ, त्यसलाई विधान वा संविधान भनिन्छ। यसको निर्माण कर्ता निकाय वा व्यक्ति सिवाय अरू कसैले, यसले जतिसुकै अप्ठ्यारो पारे पनि, यसलाई संशोधन गर्न मिल्दैन। यस विरुद्ध चल्ने वाला व्यक्ति दण्डनीय हुन्छ।

यो यत्रो सारा विश्व ब्रह्माण्ड सञ्चालन गर्न यसका निर्माताले बनाएको ऐन कानुन वा संविधानलाई वेद या श्रुति भनिन्छ । त्यो संविधान संशोधन गर्ने अधिकार संसद बाहेक अरुलाई नभए जस्तै यस विश्वब्रह्माण्डको संविधान (वेद वा श्रुति) लाई संशोधन गर्ने अधिकार उस ब्रह्माण्ड रचयिता बाहेक अरु कसैलाई पनि छैन।

यस्तो कुरा बुभेर बुझी नसकिने विचित्र विश्वब्रह्माण्डको रचना विना सर्वज्ञता असंभव हुनाले विश्व ब्रह्माण्ड कर्ताको सर्वज्ञता सिद्ध हुन्छ । यस्तै ऊ बाहेक सबै ब्ठसैद्वारा रचित भएकाले उसको सर्वेश्वरता पनि सिद्ध हुन्छ । आफूले जन्माएका सबैप्रति समभाव र उत्तिकै माया हुने हुँदा रागद्वेषशून्य अनादि अनन्त जगत्पिताको निःस्वसित उक्त विधि संविधान वेद नै हो।

यिनै यथा तथ्यलाई सङ्केत गर्दै प्रा.डा. माधवप्रसाद पाण्डेयज्यूले आफ्नो कृतिको नाम **सनातनधर्मको मूल प्रवाह** भनेर राख्नु भएको छ।

धर्म भनेको अफिम हो, त्यसकारण धर्मनिरपेक्ष राज्य हुनुपर्छ भन्नेहरू तर्फ औँल्याउँदै पाण्डेयज्यूले जुन काम गर्दा व्यक्ति यथार्थ एवम् अक्षुण्ण आनन्द प्राप्त गर्न सक्छ त्यो धर्म हो र जुन काम गर्दा तत्काल या कालान्तरमा दुःख भोग्नुपर्छ त्यो अधर्म हो भन्नु भएको छ।

बुद्धिको प्रखरताका कारणले तर्कको अन्तिम सीमा तक पुग्न नपाउँदै बीचमै तर्कप्रधान अनेकन विद्वान् मनीषीद्वारा स्थापित मत जो कि तदनुयायी शिष्य प्रशिष्यद्वारा उसै रूपमा अर्थात् यो यत्ति नै हो कि यसमाथि अरु पनि केही छ भन्नेतिर नलागी अनुसरण गर्दै आइएको मत नै सम्प्रदाय हो। यस्ता यी सम्प्रदाय मध्ये अग्रपंक्तिमा रहेका सम्प्रदायका नाम समावेश गरी पाण्डेयज्यूले गागरमा सागर भर्नुभएको छ।

यस्तै जन्म र जाति यी दुई पर्यायवाची शब्द हुन्। हामी आफ्ना अगाडि देखिरहेका छौँ - **जमीनमा उत्पन्न जति पनि अन्न औषधि वनस्पति छन् कुनैमा पनि कर्मले जात बदलिएको पाइन्न। धानका लागि अनुकूल हुने जतिसुकै मलजल पुऱ्याए पनि न त मकै रोपेर धान फल्छ; न त मकैका लागि अनुकूल हुने मलजल पुऱ्याए पछि धान रोपेर मकै नै फल्छ। न त कसैले गाईले पाडो पाएको वा भैंसीले बाछी वा बहर जन्माएको देखे सुनेको पाइन्छ। अतः कर्मणा जातिको सिद्धान्त प्रकृति विरूद्ध हो अनि शास्त्रविरूद्ध पनि हो।**

महाभारतमा प्रसङ्ग आउँछ- विदुरले धृतराष्ट्रलाई शास्त्रको उपदेश गर्दै गए। जब ब्रह्मोपदेशको पालो आयो, त्यस बेला उनले भनेका छन्- "म शूद्रयोनीमा जन्म लिएकाले ब्रह्मोपदेश गर्ने अधिकारी छुइन"। यदि शास्त्र पढ्दैमा ब्राह्मण हुने हो भने पढे-लिखेका नाताले विदुर पनि ब्राह्मणै थिए किन म शूद्र हुँ भने ? मनु याज्ञवल्क्य आदि स्मृतिमा मात्र नभएर जैमिनिसूत्रको अन्तिम अधिकरणमा क्षेत्रीय

वैश्यहरूले पनि वेदादि शास्त्र पढ्नु, वेदोक्त कर्मकलाप सबैको मान गर्नु तर आर्त्विज्य अर्थात् पौरोहित्य गर्ने काम ब्राह्मणले मात्र गर्नु भनिएको छ । पढे पछि सबै ब्राह्मणै भइरहे क्षत्रीय, वैश्य भन्ने रहँदै रहेनन् र पनि क्षत्रीय, वैश्य भनी रहनुले कर्मणा जातिवाद शास्त्रविरूद्ध देखिन्छ।

विश्वामित्र ब्रह्मत्व अभिमन्त्रित हविबाट पैदा भएका हुन् न कि क्षत्रीय रजवीर्यबाट। यी सबै प्रमाणका आधारमा प्रा.डा. माधवप्रसाद पाण्डेयज्यूले वर्णव्यवस्था र तिनको काम कर्तव्य नामक शीर्षकद्वारा कर्मप्रशंशापरक वाक्यको अल्प बुझाइले जन्माएको कर्मणा जातिवादको नारालाई नीरव गरिदिनु भएको छ। यस्तै अन्यान्य धेरै ज्ञातव्य स्मरणीय विषय सम्पन्न प्रस्तुत कृतिले वैदिक सनातन धर्मशास्त्रका अनुयायीहरूबाट प्रा.डा. पाण्डेयज्यू साधुवादार्हका पात्र बन्नु भएको छ। वैदिक सनातन धर्मबाट पथच्यूत हुन लागेका लाई थाम्ने र पथच्यूत भइसकेकाका लागि तान्ने प्रस्तुत कृति शीघ्रातिशीघ्र जनसमक्ष आओस् भन्ने कामना गर्दछु। धन्यवाद !!!

सहप्रा. पुरुषोत्तम भट्टराई
पूर्व शिक्षाध्यक्ष
नेपाल संस्कृत विश्वविद्यालय

२०८१। ३। ३ सोमवार,
ज्येष्ठ शुक्ल एकादशी
धरान

शुभाशंसा

नेपालभूमि आर्यावर्तक्षेत्र एवं भारतवर्षको शिरोभागमा रहेको छ। यो भूमिलाई भरतखण्ड पनि भनिन्छ। यो खण्ड प्राकृतिक तथा धार्मिक दृष्टिले दुई खण्डमा विभक्त छ—हिमवतखण्ड र मानसखण्ड। यी दुई खण्डले पूर्वमा ब्रह्मपुत्रनदी, पश्चिममा शतरुदा (सतलज) उत्तरमा कैलाश मानसरोवर, दक्षिणमा गङ्गानदीपारी भित्रको भूभागलाई ओगटेका छन्। अत्युच्च हिमशैलको काखमा अवस्थित यो भूभाग नेपालको नामले प्रसिद्ध छ, शास्त्रमा सिद्ध छ। शास्त्रनिर्णित चारकिल्लाभित्र प्रसारित नेपाल भूमि अनेक निर्मल नदीहरू तीर्थस्थलहरू, विभिन्न देवदेवीका मठमन्दिरहरूले परम पावन बनेको छ। प्रकृतिजन्य पुष्पलता वृक्षवनस्पतिले सुशोभित एवं मनोहर छ। कृष्णसार मृगको स्वच्छन्द विचरणले यज्ञ यागार्ह बनेको छ। प्राकृतिक हिमाल, पहाड, मधेश, तराइले रमणीय एवं सुन्दर बन्न पुगेको छ।

यस्तो मनोरम पशुपतिनाथ सनाथित भूभागमा हामी अनेक वर्ण, जाति र सम्प्रदायका मानिस बसोबास गर्दछौँ। हामी सबैको ऐहिक सुखशान्ति र पारलौकिक गतिका निम्ति हाम्रा पूर्वज ऋषिमहर्षिहरूले वेदवेदाङ्ग धर्मशास्त्र पुराण न्याय मीमांसा आदि शास्त्रका गहनतम ग्रन्थ निर्माण गरी हामीहरूकै जिम्मामा छाडेका छन्। धर्मको स्थानमा पनि स्थापित हुनपुगेका यी शास्त्र ग्रन्थहरूको रक्षा गर्दै यिनले प्रतिपादन गरेका धर्मकर्म कर्तव्य, आचार, व्यवहार, प्रायश्चित आदिको श्रद्धा, आस्था, निष्ठा र विश्वासका साथ परिपालन गर्नु हामी सबैको परम कर्तव्य हो। विशेषतः शास्त्रको र शास्त्र-प्रतिपादित विषयवस्तुको रक्षा गर्ने जिम्मेवारी शास्त्रहरूको नै बढी हुन्छ।

यही जिम्मेवारीको याथातथ्य बोध गरी नेपाल संस्कृत विश्वविद्यालय वाल्मीकि विद्यापीठका प्राध्यापक डा. माधवप्रसाद पाण्डेयले **सनातन धर्मको मूलप्रवाह** शीर्षक राखिएको पुस्तक लेख्नुभएको छ। यस्तो जनोपयोगी महिमा मण्डित पुस्तक तयार गरेर डा. पाण्डेयले सराहनीय काम गर्नुभएको छ॥

यस पुस्तकमा सृष्टिसम्बद्धदेखि लिएर वेदधर्मशास्त्रादि शास्त्रहरूको महत्त्व, ती शास्त्रहरूको अनुसरणबाट प्राप्त हुने ऐहिक र पारलौकिक उत्कृष्ट-फल, नित्यनैमित्तिकादि अवश्य कर्तव्य कर्मानुष्ठानबाट मानवजीवनमा पर्ने सर्वोत्तम प्रभाव, जातकर्म नामकर्मादि संस्कारबाट प्राप्त हुने सार्थक, समुज्वल एवं समादरार्ह मनुष्य जीवन, वर्ण तथा आश्रमव्यवस्था, धर्मनिरपेक्ष राज्य, अनेक सम्प्रदाय आदि शीर्षक उपशीर्षकमा समग्र जनसमाजोपयोगी सामयिक विषयवस्तुहरू उपस्थापित छन्।

यस्ता लोकव्यवहारमा उपयुक्त बहुविधविषय आत्मसात् गरेको यो पुस्तकलाई वैदिक परम्परा र सनातन धर्म, कर्म, संस्कार, संस्कृतिप्रति श्रद्धा, आस्था, निष्ठा र विश्वास राख्ने मानिसहरूले माया, ममताका साथ प्रेमपूर्वक सतत संभिनेछन्। शास्त्रीय प्रमाण र ज्ञान गर्न सक्ने सरल नेपाली भाषामा लेखिएकोले यो पुस्तकको महत्त्व निकै उच्च रहने देखिछ। यस्तो उच्च महत्त्वको पुस्तक लेखेर डा. पाण्डेयले अत्यन्त प्रशंसनीय काम गर्नुभएको छ।

डा. पाण्डेयजी ज्योतिषशास्त्रको विशेष विज्ञ हुनुका साथै धर्मशास्त्रादि अन्य शास्त्रहरूको पनि ज्ञाता मानिनु हुन्छ। यसरी सबै शास्त्रमा गहन ज्ञान राखेर शास्त्रसम्बद्ध लोकोपयोगी पुस्तक लेख्ने काम गर्न सामान्य ज्ञान भएको जोस जाँगर नभएको अल्पपरिश्रमी मानिसले सक्ने कुरै होइन। तर उहाँमा शास्त्रसिद्ध पुस्तक तयार गर्नका निम्ति आवश्यक सबै गुण समुदित भएकोले नै उहाँ यो पुस्तक लेख्न समर्थ हुनुभएको हो।

शास्त्र नबुझेर निकै अलमलमा परेका अहिलेका मानिसहरूको निम्ति आवश्यक विषयवस्तुहरूको उपस्थापन यस पुस्तकमा गरिएको छ। त्यसैले यो पुस्तक उनीहरूको लागि सञ्जीवनी बूटी जस्तै हुनेछ।

आवश्यक सामग्रीको अधिकताले गर्दा धार्मिक, सांस्कृतिक, सामाजिक, व्यावहारिक आदि विविध पक्षमा पठन-पाठन, अध्ययन-अनुसन्धान गर्न चाहनेहरूका निम्ति पनि यो पुस्तक अत्यन्त उपयोगी लाभप्रद आधारग्रन्थ सिद्ध हुनेछ। त्यस्तै धर्मशास्त्रादि सम्बद्ध विषयहरूको पाठ्यक्रममा सहायक ग्रन्थको रूपमा स्थापित गर्न पनि उपयुक्त हुनेछ।

अन्तमा समयसापेक्ष सर्वजनोपयोगी **सनातनधर्मको मूलप्रवाह** नामक पुस्तक लेखेर श्लाघनीय कम गर्नुभएकोमा प्रा. डा. माधवप्रसाद पाण्डेयजीलाई हृदयतः साधुवाद प्रदान गर्दछु, साथै उहाँको उत्तरोत्तर प्रगतिको कामना पनि गर्दछु। धन्यवाद ॥

प्रा.डा. रामचन्द्र गौतम[२]
पूर्वअध्यक्ष
नेपाल पञ्चाङ्ग निर्णायक समिति

---

२. परामर्श मण्डलका वरिष्ठ सदस्य- सनातन विद्वत् परिषद् नेपाल।

हार्दिक शुभकामना

नेपाल संस्कृत विश्वविद्यालय, वाल्मीकि विद्यापीठ ज्योतिष विभागका विशिष्ट प्राध्यापक डा. श्रीमाधवप्रसाद पाण्डेय स्वयंमा एउटा नैष्ठिक, आचारवान् विद्वान् हुनुहुन्छ । उहाँले संस्कृत वाङ्मयको साधारण ज्ञान नभएका धर्मजिज्ञासुहरुको उपकारार्थ र धर्मशास्त्रेतर विषयका विद्वान्हरुलाई पनि उपकृत्य हुनेगरी **सनातन धर्मको मूल प्रवाह** नामक पुस्तक तयार गर्नुभएको छ । धर्मप्राण समाजका लागि अत्यन्त उपयोगी यस पुस्तकको प्रस्तुतिका लागि उहाँलाई मूरि मूरि धन्यवाद छ।

यस पुस्तकले वेद, धर्मशास्त्र, नीतिशास्त्र, आचारशास्त्र एवं सनातनीहरुले अनिवार्य पालन गर्नैपर्ने नित्य, नैत्तिक रूपमा गर्नैपर्ने धर्म कर्मका विषयमा धेरै कुरा जान्न सघाउने विश्वास मैले लिएको छु । प्रसङ्गअनुसार तत्तत् स्थानमा वेदादिमूल ग्रन्थका मूलप्रमाण उद्धरणसमेत दिएर प्रामाणिक रूपमा यस पुस्तकलाई युक्तियुक्त एवं सबल बनाउनुभएको छ । अत एव यो पुस्तक सङ्ग्रहणीय छ । प्रामाणिकरूपले प्रशंसनीय यस कार्यका निम्ति पुनश्च विद्यावारिधि विद्वान् प्रा. श्रीमाधवप्रसाद पाण्डेयप्रति कृतज्ञता प्रकट गर्दछु।

धर्मप्राण समाजमा यस कृतिको सर्वथा स्वागत हुनेछ । उहाँबाट भविष्यमा अरु पनि यस्ता अमूल्य कृति प्राप्त हुँदै जानेछ भन्ने आशा र विश्वासका साथ उहाँको उत्तरोत्तर समुन्नति र सफलताको शुभकामना समेत व्यक्त गर्दछु।

प्रा.डा. ऋषिराम पोखरेल[३]

सुन्दरीजल

२०८०। १२। ३०

---

३. निर्देशक तथा परामर्श मण्डलका वरिष्ठ सदस्य– सनातन विद्वत् परिषद् नेपाल।

शुभेच्छाका शब्दपुष्पहरू

सदा भव अर्थात् सधैँ भएको भन्ने अर्थमा सनातन शब्द सिद्ध हुन्छ। यसको अर्थ नित्य, निश्चल अविनाशी भन्ने हुन्छ। धर्म भनेको धारणा हो। जसद्वारा लोकको धारणा हुन्छ, अर्थात् जसको आधारमा चराचर जगत् टिकेको हुन्छ त्यही धर्म हो। जो सनातन हो त्यही धर्म हो र जो धर्म हो त्यही नै सनातन हो। यहाँ जिज्ञासा हुन्छ - त्यो कुन तत्त्व हो ? जसको आधारमा चराचर जगत् टिकेको छ। यस प्रश्नको उत्तर खोज्दै जाँदा उपनिषदमा स होवाच एतद्वै तदक्षरं गार्गि ब्राह्मणा अभिवदन्ति (बृहदारण्यकोपनिषत् ३-८-८) भनेर अविनाशी परब्रह्म परमात्मालाई चराचर जगत्को आधार मानिएको छ। जुन परमात्मा यो चराचर जगत्को अभिन्न निमित्तोपादान कारण पनि हुनुहुन्छ, त्यस्तो परमात्मा नै धर्मपदवाच्य हुनुहुन्छ। त्यसैले धर्मो विश्वस्य जगतः प्रतिष्ठा भनिएको हो। परमात्माबाटै स्थापित प्राकृतिक नियम र प्रकृतिअनुकूल व्यवहार पनि धर्म हो। त्यस्तो सर्वव्यापक नित्य परमात्माबाट विमुख भएका व्यक्तिहरूका लागि परमात्मातर्फ अभिमुख बनाउने वेदद्वारा तोकिएको कल्याणकारी व्यवहार वा आचरणलाई पनि धर्म भनिन्छ। त्यसलाई मीमांसा शास्त्रमा चोदनालक्षणोऽर्थो धर्मः भनिएको छ।

धर्मको मूल स्वरूप यौटै छ र नित्य छ। तर त्यसलाई दुइ प्रकारले बुझ्नुपर्छ - सामान्य धर्म र विशेष धर्म। वास्तवमा धर्म भनेको कुनै पनि वस्तुको कहिल्यै नफेरिने विशेषता हो उसको आफ्नै स्वभाव हो। आगोको धर्म तातो हुनु हो। पृथिवीको धर्म गन्ध आउनु, बिउ उम्रिनु, पानीको धर्म चिसो पार्नु, अनि हावाको धर्म सुकाउनु भनेजस्तै मनिसको धर्म मानवता हो। त्यसलाई मानवीय सद्गुण पनि भनिन्छ। मानवका लागि धर्म उसको आफ्नो परिचय हो अस्तित्व हो र स्वाभिमान पनि हो। धर्म नहुँदा मानव मानव हुँदैन, दानव हुनजान्छ। मानव मानव नै हुन धर्म चाहिन्छ। धैर्य रहनु, सहनशील हुनु, आफ्नो मनलाई नियन्त्रण गर्नु, चोरी नगर्नु, शुद्ध पवित्र रहनु, इन्द्रियलाई आफ्नो अधीनमा राख्नु, बुद्धि विवेकको

उपयोग गर्नु, ज्ञानी हुनु, सत्य बोल्नु, [illegible] कसैको हिंसा नगर्नु, सात्त्विक आहार विहार गर्नु यी र यस्ता सद्गुणहरू नै सबैका लागि समान धर्म हुन् । त्यसैले यिनलाई सामान्य धर्म भनिन्छ ।

कुनै व्यक्तिको अवस्था ठाउँ र समयका आधारमा फरक पर्ने आचरण चाँहि विशेष धर्म हुन् । विशेष धर्म चाहिँ व्यक्तिविशेष, अवस्थाविशेष र स्थानविशेष आदिका कारण फरक हुन सक्छ । कुनै काम कसैका लागि धर्म हुन्छ भने कसैका लागि अधर्म । जस्तै गृहस्थका लागि गार्हस्थ्यधर्मको परित्याग अधर्म हो भने **सन्यासी**योगीका लागि गृहस्थधर्म पनि अधर्म हुन्छ । देशरक्षाको जिम्मा लिएका क्षत्रिय सैनिकका लागि आवश्यक परेको बेला युद्ध गर्नु धर्म हुन्छ भने वेदाध्यायीका लागि त्यही अधर्म हुन्छ । यसप्रकार विशेष धर्म व्यक्तिपिच्छे फरक हुने भएकोले स्वधर्मे निधनं श्रेयः परधर्मो भयावहः भनेर स्वधर्मको परिपालनमा जोड दिइएको हो । यो सनातन धर्मभित्रको विशेष व्यवस्था हो ।

सनातन धर्म भनेको परापूर्व कालदेखि चलिआएको त्यही मानवीय सद्गुणरूप धर्म हो । यो सनातन धर्म कसैले चलाएको नयाँ धर्म होइन । त्यसैले यस धर्मका प्रवर्तक कोही व्यक्ति हुँदैनन् । साक्षात् ईश्वर नै यस धर्मका प्रवर्तक हुनुहुन्छ । साक्षात् परमात्मालाई प्राप्त गर्ने निष्काम धर्मलाई परमधर्म भनिन्छ । त्यसमा एकाग्रता, अनन्यता र शरणागति हुँदै अपरोक्ष साक्षात्कारसम्मको गन्तव्य पूरा हुन्छ । लौकिक व्यवहारलाई पनि सिद्ध गर्दै परम्परया परमात्मातर्फ अभिमुख गराउने धर्म सामान्य धर्म हो । यी दुबै धर्म सनातनभित्र पर्दछन् । सनातन धर्म विश्वको सबैभन्दा पुरानो तर वैज्ञानिक धर्म हो। विश्वको सबैभन्दा पुरानो ग्रन्थ वेद हो । वेदको आधारमा व्याख्या गरिने भएको हुनाले सनातन धर्मलाई वैदिक सनातन धर्म पनि भनिन्छ । वेदले विधान गरेको धर्म हो र वेदले निषेध गरेको चाहिँ अधर्म हो । वेदप्रणिहितो धर्मो ह्यधर्मस्तद्विपर्ययः । धर्म स्वयं सनातन हुने र एक हुने भएकोले धर्म शब्दको अगाडि कुनै विशेषण आवश्यक पर्दैन । धर्मको नाममा भित्रिएपनि वेदद्वाराप्रतिपादन नगरिएका कुराहरू धर्म होइनन्, अधर्म हुन् । अधर्म पनि पाँच प्रकारका हुन्छन् – विधर्म, परधर्म, आभास, उपमा र छल । यिनको चर्चा श्रीमद्भागवतमा यसरी गरिएको छ -

विधर्मः परधर्मश्च आभास उपमा छलः ।
अधर्मशाखाः पञ्चेमा धर्मज्ञोऽधर्मवत्त्यजेत् ॥
धर्मबाधो विधर्मः स्यात्परधर्मोऽन्यचोदितः ।
उपधर्मस्तु पाखण्डो दम्भो वा शब्दभिच्छलः ॥
यस्त्विच्छया कृतः पुम्भिराभासो ह्याश्रमात्पृथक् ।
स्वभावविहितो धर्मः कस्य नेष्टः प्रशान्तये ।

अधर्मका पाँच शाखाहरू हुन्छन्। ती हुन्- विधर्म, परधर्म, आभास, उपमा र छल। धर्म जान्ने पुरुषले यी अधर्मका भेदलाई पनि अधर्मलाई त्यागेझैँ त्यागिदिनुपर्छ। जुन कार्यलाई धर्मबुद्धिले गर्दा आफ्नो धर्ममा बाधा पर्न जान्छ, त्यो 'विधर्म' हो। कुनै अरू व्यक्तिले अरूकै लागि उपदेश गरिएको धर्म 'परधर्म' हो। पाखण्ड या दम्भको नाम 'उपधर्म' हो। शास्त्रको वचनलाई उल्ट्याएर अर्कै किसिमको अर्थ गर्नु 'छल' हो। कुनै पनि मनुष्यले आफ्नो वर्ण र आश्रमको मर्यादाविपरीत स्वेच्छाले अफुखुसी कुनै कुरालाई धर्म मान्दछ भने त्यो 'आभास' हो। आफ्नो स्वभावअनुकूल वर्णाश्रमोचित धर्मले कसलाई शान्ति दिँदैन र। (श्रीमद्भागवत ७/१५/१२-१४)

आज हाम्रो समाजमा धर्मको मर्म नबुझेर धर्मनिरपेक्षताको कुरा आएको भने छ अर्कोतर्फ धर्मपरिवर्तनका कुरा सुनिन थालेका छन्। सनातनबाहेक अरु कुनै कृत्रिम कुरालाई धर्म भानिन्छ भने त्यो धर्म होइन धर्माभास हो। सनातनलाई धर्म भनेर बुझ्नेहरूका लागि धर्मनिरपेक्षता र धर्मपरिवर्तन यी दुबै कुरा भन्नै नमिल्ने वा नसुहाउने हास्यास्पद र अविचारितरमणीय कुराहरू हुन्। धर्म सदाचार हो, आचरणको कुरा हो र अनुशासन हो। त्यसैले धर्म पालन गर्ने हो, मान्ने मात्र होइन। तर यो धर्मको मर्म नबुझेर धर्म आफुखुसी मान्ने कुरा हो भन्न थालिएको छ र धर्म मान्न स्वतन्त्रता हुनुपर्छ भनिन्छ। यो चाहिँ छल हो। धर्म अनुशासन हो भनेपछि त्यसलाई मान्नुपर्दैन वा त्यसमा स्वतन्त्रता हुन्छ भन्नु पनि अनुशासन मान्नुहुँदैन भनेको हो। देशको संविधान नियम वा कानुन मुखले मान्छु भनेर हुँदैन, पालन गर्नुपर्छ। साथै धर्मसम्बन्धी गलत बुझाइका कारण यो र त्यो धर्म भन्दै अनेकौं प्रकारका धर्मका नाम सुनिन थालेका छन्। सनातन वा सत्य यौटै हुन्छ, त्यसैले ती

सनातनभन्दा इतर मान्यताहरू कुनै पनि धर्म होइनन् र हुनैसक्दैनन्, ती सबै धर्माभास हुन् । धर्मको खोल ओढेर भित्रिएका अधर्म हुन् । यस्ता धर्माभासले धर्मको रूप धारण गर्न थालेपछि मानिसहरू भ्रान्त हुनु स्वाभाविक भयो । यसप्रकार समाजले मूल धर्मको स्वरूपलाई नबुझ्ने र धर्माभासलाई धर्म मान्ने अवस्था नआओस् भनेर धर्मको मूल स्वरूपको परिचय आवश्यक भएको हो ।

यसै उद्देश्यको परिपूर्तिका लागि सनातन धर्म र संस्कृतिका समुपासक नेपाल संस्कृत विश्वविद्यालय वाल्मीकि विद्यापीठका प्राध्यापक डा. माधवप्रसाद पाण्डेयजीले यो सनातन धर्मको मूलप्रवाह नामक पुस्तकाकार कृति तयार पार्नुभएको छ । उहाँको यो कृतिलाई स्थालीपुलाकन्यायले अवलोकन गरियो । यसमा डा. पाण्डेयजीले आफ्नो आफ्ना अध्ययनको निष्कर्षको रूपमा सनातन धर्मका मूल चिन्तनहरू, यसका आधार र धर्मसम्बन्धी निर्णायक सिद्धान्तको उल्लेख गर्नुभएको छ । यो कृति आकारको दृष्टिले सानै भएपनि उपयोगिताको दृष्टिले ज्यादै महत्त्वपूर्ण छ । यसमा धर्मको मूल आधारको रूपमा वेद र वेदानुकूल धर्मसूत्र शाखासूत्र र स्वकीय परम्पराको उल्लेख गरिएको छ । यस्तै धर्मको विशेषणको रूपमा भनिने गरेको सनातनको तात्पर्य, भेदको चर्चा गर्दै धर्मको अनादित्व र व्यापकत्व सिद्ध गरिएको छ ।

सनातन धर्मका भेदको चर्चा गरिएपनि तिनीहरू वास्तवमा ती भिन्न होइनन् किनभने ती सबै सनातन धर्मधारामा यौटै परमात्मसत्ताको स्वीकार भएकोले तिनीहरूमा भेद छैन । सबैको आआफ्नै स्वधर्म भएझैँ राज्यको पनि आफ्नो धर्म हुन्छ । राज्यलाई धर्मनिरपेक्ष मान्नु त आफ्नो दायित्व पूरा नगर्ने नालायक भन्ने अर्थ हुन्छ । त्यसैले धर्मनिरपेक्ष राज्य हुन सक्दैन । विशेष गरी जुन भूमिमा वैदिक सनातन धर्मसम्बन्धी चिन्तनको प्रादुर्भाव भयो, जहाँका पूर्वजहरू ऋषि मुनिहरूले परापूर्वकालदेखि विश्वभरका मानिसलाई स्वधर्म र सच्चारित्र्यको पाठ सिकाए, त्यस्तो देशलाई नियतवश धर्मनिरपेक्ष बनाउनु, धर्मान्तरणको रटान लगाउनु स्वधर्म तथा स्वसंस्कृतिबाट विमुख बनाउनु अवश्य पनि दुःखद कुरा हो । त्यसैले ती ऋषिमुनिका सन्तानले समयमै सावधान हुनुपर्छ र स्वधर्मको मर्मलाई बुझ्नुपर्छ ।

यसै सन्दर्भमा सनातन धर्मको मूल मर्मलाई बुझ्न यो सनातन धर्मको मूल प्रवाह नामक कृति अत्यन्त उपयोगी छ भन्ने मलाई लागेको छ। यस्तो सान्दर्भिक कृति तयार गरी स्वधर्मबाट विमुख हुनलागेका व्यक्तिहरूलाई सनातन धर्मको विषयमा मार्गदर्शन गराउनुभएकोमा यसका रचनाकार आदरणीय विद्वान् मित्र, गुरुवर प्रा.डा. माधवप्रसाद पाण्डेयजीलाई हार्दिक साधुवाद । उहाँको यस पुस्तकाकार कृतिको सफलताको कामनासँगै अरुपनि लोकोपयोगी सन्दर्भ सन्दर्भसामग्रीहरू गुरुवरबाट प्राप्त भइरहने अपेक्षाका साथ यी शुभेच्छाका शब्दपुष्पहरू समर्पित गर्दछु ।

प्रा डा. गुरुप्रसाद सुवेदी

देवघाटधाम

आफ्नो भनाइ

वैदिक सनातन परम्परामा अनेकौं शाखा प्रशाखा छन्। तिनमा मूलतः परात्पर शक्तिबीजरूप, करोडौं विद्युल्लतारूप, पीतविद्युल्लतारूप, रक्तविद्युल्लतारूप, पञ्चदेवमय, पञ्चप्राणात्मक, ब्रह्म–विष्णु–रुद्रमय, वराहरूप, मोक्षरूप–परमेश्वर–आनन्दघनरूप, परम आश्चर्य, धर्मार्थ–काम–मोक्षरूप चतुर्वर्ग प्रदायक आत्मादितत्त्वयुक्त, विश्वात्मक, विश्वान्तक, परम ज्योतिर्मय आदित्यरूप, त्रिशक्तियुक्तादेवी आदि विश्व जगत्का कारणरूप परमेश्वरलाई बुझाउने शब्द र उपासनाको नाम सनातन हो। यसैलाई सनातन धर्म भनिन्छ। धर्मको सम्बन्ध मानवसित छ। जसरी प्राणीमा प्राणतत्त्व नभई नहुने आवश्यक तत्त्व हो त्यसै गरी धर्म भन्ने तत्त्व पनि मानवका लागि नभई नहुने अत्यावश्यक तत्त्व हो।

धर्मानुकूल कर्मका विभिन्न स्वरूप छन्, जसमा मुख्यतः प्रवृत्ति र निवृत्ति छन्। तिनका आधारमा प्राप्तव्य अवस्थालाई निर्वृत्ति भनिन्छ। तिनमा भूतभाव प्राणीहरूमा उत्पन्न हुने सङ्कल्प विकल्पजन्य राम्रो वा नराम्रो भाव वा संस्कार वा विकार सबैको विसर्जनपर्यन्तका सबै कर्म प्रवृत्तिकर्म हुन् भने ती कर्महरूको विसर्जन हुनु वा मेटिनुलाई निवृत्तिकर्म भनिन्छ। सङ्कल्प विकल्पात्मक संस्कार विकार सबै शान्त भएपछिको अवस्थालाई निर्वृत्ति वा मुक्ति भनिन्छ।[४]

निवृत्ति मार्गका आकाँक्षी भएर पनि नित्यकर्म नगर्ने यजमान र पुरोहित यी दुवै प्रायश्चित्तका भागी र पतीत हुन्छन्। प्रायश्चित्त गर्नुपर्ने र पतीत भएको व्यक्तिले दिएको अन्न, जल र अन्य पूजाका सामग्रीहरू देवता र पितृले स्वीकार नगर्ने भएकाले धार्मिक कृत्य गर्ने र गराउने दुवै व्यक्तिले नित्यकर्म गरेकै हुनुपर्दछ। शास्त्रविहित कर्म नगर्दा र शास्त्रले नभनेका कर्म गर्दा मानिस प्रायश्चित्ती हुन्छ। अतः नित्यकर्म गरेकै हुनुपर्छ। यो जीवनको प्रवेशद्वार हो।

सन्ध्योपासना नगर्ने, वेद नपढ्ने, भक्ष्याभक्ष्यको विचार नगर्ने, शिखा–टुप्पी नराख्ने, जनै नलगाउने ब्राह्मण धार्मिक कृत्यमा अयोग्य हुन्छ। त्यसैगरी आफ्नो मर्यादा र कुलपरम्पराबाट च्युत भएको कर्ता अर्थात् यजमान पनि दैव र पैत्र्य कृत्यका लागि अयोग्य नै ठहरिन्छ।

---

४. अक्षरं ब्रह्मपरमं स्वभावोऽध्यात्ममुच्यते।
भूतभावोद्भवकरो विसर्गः कर्मसञ्ज्ञितः॥ श्रीमद्भगवद्गीता, ८।३।

कृतज्ञताभिव्यक्ति

समग्र सनातनीहरूका वैदिक सनातनधर्मसम्बद्ध अनेकौं जिज्ञासा समाधानका लागि हाम्रा मूल प्रमाण ग्रन्थ तथा तिनका विभिन्न प्रमाण वचनका आधारमा तयार पारिएको यस पुस्तकको अवलोकन गरी वात्सल्यपूर्ण आशीर्वचन प्रदान गर्नुहुने गलेश्वर आश्रम देवघाटधाम**का** पीठाधीश्वर परम श्रद्धेय अनन्त श्रीविभूषित महामण्डलेश्वर **१००८ स्वामी आत्मानन्द गिरिज्यू,** श्रीहरिहर सन्न्यास आश्रम, देवघाटधामका, पीठाधीश एवम् अध्यक्ष तथा नेपाल सन्त समाज**का**, अध्यक्ष श्रीश्रीश्री १००८ **स्वामी ज्ञानानन्द सरस्वतीज्यू,** श्रीपञ्चमहालक्ष्मी, श्रीपीठ, श्रीवन भक्तपुर, मुक्तिनाथपीठाधीश्वर श्रीश्रीश्री १००८ स्वामी **कमलनयनाचार्यज्यू,** महेश संन्यास आश्रम, देवघाटधामका श्रीश्रीश्री १००८ **स्वामी रमणानन्द** गिरिज्यू, प्रति अत्यन्त आदरपूर्वक कृतज्ञभाव व्यक्त गर्दछु । त्यसैगरी स्नेहपूर्ण उत्साह प्रदानस्वरूप भूमिका लेखिदिनुहुने नेपाल पचाङ्ग निर्णायक विकास समिति नारायणहिटी राजदरवार परिसर काठमाण्डू, नेपालका अध्यक्ष **प्रा. श्रीकृष्ण अधिकारीज्यू,** श्रीनिम्बार्क दर्शन केन्द्र प्रतीक वृन्दावन गैंडाकोट न.पा.१ दिव्यधाम नवलपुरका संरक्षक **प्रा. हरिशरण उपाध्यायज्यू,** जगद्गुरुपीठ चतराधाम नेपालका जगद्गुरु **बालसन्त मोहनशरण देवाचार्यज्यू,** श्रीलक्ष्मीवैकुण्ठनाथमन्दिरम् भ.म.न.पा-४ लङ्कू, चितवन, वाग्मती प्रदेश, नेपालका अध्यक्ष तथा महन्त **स्वामी जगन्नाथाचार्यज्यू,** त्यसैगरी यस ग्रन्थमा आवश्यक विषयवस्तु चयनमा महत्त्वपूर्ण परामर्श दिनुहुने गहनतम विषय उपस्थापन पूर्व भूमिका लेखिदिनुहुने एवं सनातन विद्वत् परिषद् नेपालका अध्यक्ष आदरणीय गुरु **प्रा.डा. दीर्घराज घिमिरे**ज्यूमा हार्दिक आभार व्यक्त गर्दछु। राष्ट्रिय धर्मसभा नेपालका अध्यक्ष **प्रा. डा. माधव भट्टराईज्यू,** प्रति कृतज्ञ छु।

मेरा परम श्रद्धेय गुरुचरण महाविद्यावारिधि, षट्शास्त्राचार्य, विद्यावाचस्पति, विद्वच्चक्रचूडामणि, पूर्वोपकुलपति- नेपाल संस्कृत विश्वविद्यालय, तथा सनातन विद्वत् परिषद् नेपालका निवृत्त अध्यक्ष **आचार्य पूर्णचन्द्र ढुङ्गेलज्यू,** नेपाल संस्कृत विश्वविद्यालयका पूर्व शिक्षाध्यक्ष **प्रा. पुरुषोत्तम भट्टराईज्यू,** नेपाल

पञ्चाङ्ग निर्णायक समितिका पूर्वअध्यक्ष, **प्रा.डा. रामचन्द्र गौतमज्यू एवं प्रा.डा. ऋषिराम पोखरेलज्यूप्रति** कृतज्ञतापूर्वक आभार व्यक्त गर्दछु । यसै क्रममा समीक्षापूर्वक भूमिका लेखनका लागि डा. **गुरुप्रसाद सुवेदीज्यू**प्रति कृतज्ञता व्यक्त गर्दछु।

त्त्यसैगरी यसको तयारीका क्रममा आवश्यक सहयोग गर्नुहुने प्रा. शम्भुप्रसाद ढकालज्यू, प्रा. भवानीप्रसाद खतिवडाज्यू, प्रा.डा. देवमणि भट्टराईज्यू, प्रा.डा. आनन्दप्रसाद घिमिरेज्यू, प्रा.डा. जीवन अधिकारीज्यू, प्रा.डा. श्रीराम अधिकारीज्यू, सहप्रा.डा. रामचन्द्र कण्डेलज्यू, प्रा.डा. सुमोदवर्धन कौण्डिन्न्यायनज्यूप्रति, कृतज्ञ छु। यसै क्रममा उपप्रा. श्याम खनालज्यू, उपप्रा. अम्बर ढकालज्यू, पं. रामकृष्ण उपाध्यायज्यू, आचार्य शिवशङ्कर न्यौपानेज्यू तथा धर्मप्राण धर्मराज बरालज्यू प्रति धन्यवाद व्यक्त गर्दछु। साथै उपप्रा. वैकुण्ठप्रसाद घिमिरेज्यू, उपप्रा. सुदर्शन नेपालज्यू, उपप्रा. उपेन्द्र दाहालज्यू, आचार्य विष्णुप्रसाद पोखरेलज्यू सहित सनातन विद्वत् परिषद् नेपालका कार्यसमितिका पदाधिकारी तथा सदस्यज्यूहरू सबैमा कृतज्ञता र आभार व्यक्त गर्दछु । यस कार्यका लागि प्रथम उत्प्रेरणा दिनुहुने सनातन संस्कृति समाज नेपालका तात्कालिक महासचिव श्रीपुष्पराज पराजुलीज्यू विशेष धन्यवादार्ह हुनुहुन्छ। साथै टाइप सम्पन्न गरिदिने श्रीमती दुर्गादेवी तिवारी र अभिज्ञा पाण्डेय धन्यवादका पात्र छन्। जजसका कृतिहरू यसमा प्रयोग भएका छन् ती सबै सम्मान्य आचार्यज्यूहरू प्रति कृतज्ञता सहित सम्मान व्यक्त गर्दछु। छोटो समयमा प्राप्त भएका सामग्रीलाई संयोजन गरी प्रकाशन कार्यमा सहयोग गरिदिनु हुने सनातन प्रेसलाई धन्यवाद ज्ञापन गर्दछु। यस कृतिका माध्यमले पाठक वर्गलाई जेजति सहयोग पुग्ला त्यसका आधारमा यसमा गरिएको श्रमले सार्थकता पाउनेछ। धन्यवाद ॥

प्रा. माधवप्रसाद पाण्डेय, 'विद्यावारिधि'

mppandeyastro@yahoo.com

९८५१००५९६३

विषयसूची

ॐ

सनातनधर्मको मूलप्रवाह

१.१ उपक्रम

समग्र सृष्टिजगत्मा विद्यमान दृश्य वा अदृश्य सर्वविध ज्ञानविज्ञानको मूल स्रोत वेद हो। चतुर्व्यूहात्मक वेद (संहिताग्रन्थ, ब्राह्मणग्रन्थ, आरण्यक, उपनिषद्) वेदाङ्ग (शिक्षा, कल्प, व्याकरण, निरुक्त, छन्द, ज्योतिष) उपाङ्ग (पुराण, न्याय, मीमांसा, धर्मशास्त्र) उपवेद (आयुर्वेद, धनुर्वेद, गान्धर्ववेद, स्थापत्यवेद) तदनुगामी उत्तरवर्ती महाकाव्य, काव्य, नाटक हुँदै वर्तमानसम्म विभिन्न ग्रन्थका रूपमा देखिएका र दृश्यमा प्रस्तुत भएका छन्। आजसम्मको पछिल्लो वाङ्मयका रचनासमेत मूलतः वेदमा नै आश्रित छन्।

लामो कालखण्ड र विभिन्न भू-भागमा बसोवास गर्ने मानवजातिले आ-आफ्नो जीवनकाल र स्थानीय परिवेशमा अवान्तरमार्ग पक्रिँदै जाँदा आफ्नो मूलप्रवाहबाट विचलित भएका कारण तिनीहरूका चालचलन, व्यवहार, पहिरन, संस्कृति र शैलीमा पृथक्ता देखिँदै आएको हो। त्यही पृथक्ताकै कारण धर्मका नाममा विभिन्न पन्थ र समूहको निर्माण भएको देखिन्छ। त्यही साँघुरो समूहको घेरामा सीमित हुँदै आजका दिनसम्म आइपुग्दा केही समुदायले अनुसरण गरेको विश्वासविशेषका नाममा विश्वमा अनेकौं चिरामा मानवजाति विभाजित हुनपुगेको छ। मानवजातिले आफ्नो मूल परम्परा, पारस्परिक मानवीय धर्म र सद्भावलाई भावनात्मक हिसाबले स्वीकार गर्दागर्दै पनि वस्तुगतरूपमा बिर्सेको छ जसका कारण मानव-मानवकै बीचमा आपसी वैरभाव, लुछाचुंडी, मारामार-काटाकाट-जस्ता अति-अमानवीय

क्रियाकलाप देखिएका छन्। यसले गर्दा अहिले विश्वका विभिन्न देशहरूमा पारस्परिक विश्वासको सङ्कट उत्पन्न भएको छ। परिणाम स्वरूप हरेक देशका मानव अनेकौँ समूहमा विभाजित भएर एक मानवबाट अर्को मानव अत्यन्त सन्त्रस्त हुने अवस्थामा पुगेको छ।

मानवीयता र कर्तव्यधर्मबाट विचलित हुँदै आधुनिक विज्ञानको वैज्ञानिक विकासका नाममा सम्पूर्ण चराचर जगत्को जीवनदायिनी शक्तिस्वरूपा प्रकृतिको अतिदोहन र मानवीय संवेदनाको चरम दुरूपयोग भइरहेको छ। मानवले संवेदनहीन बनेर प्राकृतिक अतिदोहन गरेकै कारण मानवधर्म र सामाजिक धर्मको अत्यधिक मानमर्दन भएको छ। त्यसैको फलस्वरूप अहिले मानवजातिले दुर्दान्त सकस भोग्न सुरु गरिसकेको छ।

हामी आफ्नो सनातन मूलस्रोत वेदादि शास्त्र र तन्निर्दिष्ट धर्मको उपेक्षा गर्दै त्यसको मूलप्रवाहबाट परपर भाग्दै जाँदा विवेकहीन बन्न पुग्यौँ। प्रकृतिको मूलप्रवाहमा समाहित भएर तदनुकूल जीवनयापन गर्नतिर लाग्नुको सट्टा दिनपरदिन त्यसबाट परपर भाग्दै जाँदा आज अनेकौं प्राकृतिक प्रतिघात सहन विवश बनेका छौँ। यस्ता प्रतिघातबाट समस्त विश्वमानवलाई जोगाउनका निमित्त प्राकृतिक मूलप्रवाहमा समेटिन र तदनुकूल जीवनयापन गर्नमा विश्वमानवजाति नै सदा सर्वदा तत्पर रहनु अनिवार्य छ। यही मूल प्रसङ्गमा केन्द्रित रहेर पूर्णतया स्वधर्मप्रति समर्पित भई पुनः प्रकृतितर्फ नै उन्मुख हुन र प्रकृति-अनुकूल जीवनपद्धति अपनाउन अभिप्रेरित गर्ने पावन उद्देश्यका साथ यहाँ सम्बद्ध सनातन प्रवाहका मूलमर्मलाई यथासम्भव उपस्थापन गर्ने प्रयत्न गरिएको छ।

१.२ विषय-प्रवेश

मानवीय संवेदनाको संवाहक सनातनधर्मको मूलग्रन्थ वेद अर्थात् ज्ञान अनादि, शाश्वत र सनातन छ, जसको कहिल्यै नाश हुँदैन, सदा

रहन्छ, त्यही अविनाशी शाश्वत हो। वेद अनादि भएकाले वेदादिनिर्दिष्ट धर्म पनि अनादि र सनातन छ। त्यसैले यसलाई सनातनधर्म भनिएको हो। वेदको सार गायत्रीमन्त्र हो भने त्यसको पनि समष्टि सारतत्त्व बीज ॐ हो।[1] यस मूल जरोमा निहित वैदिक सनातनधर्म मान्ने वा ओङ्कारलाई मान्ने सबै समूह र परिवार तथा तिनका सबै दर्शनभित्रका समग्र ज्ञान-विज्ञानको सागर बोकेको संस्कृतवाङ्मय नै संसारको सबैभन्दा ठूलो, अपार ज्ञानकोश हो, ज्ञानसागर हो।

सर्वसाधारण मानिसलाई नैतिकता र सदाचारको उज्यालो ज्ञानज्योति दिएर स्वधर्म, स्वकर्तव्यपरायणता, इमानदारी, सह-अस्तित्व, समझदारी, सद्भावना, अहिंसा, सत्य, दया, करुणा मैत्री लगायतका धृति, क्षमा आदिको समष्टि विश्वमानवधर्मको उपदेश दिने संस्कृतवाङ्मय तथा सत्यम्, शिवम् सुन्दरम्को उपासनामा समर्पित सादा जीवन र उच्चविचारको सन्देश दिने सनातनधर्म सबै सचेत मानवका लागि अमूल्य उपहार हो। वेद भन्दछ- संसारका सबै मानिसहरूलाई सज्जन सदाचारी बनाउँदै सच्चा मानिस भई सबै मानिसलाई देवताका रूपमा[2] सम्मान गर र सर्वसाधारण मानिसबाट साधु महात्मा तथा कर्तव्यपरायण महापुरुष बन्दै स्वयंले देवताको पद प्राप्त गर, एवं रीतले सारा संसारका मनुष्यलगायत सबै प्राणीहरू एउटै जगदीश्वरका एकै परिवारका सदस्य हौं भन्ने भाव राख र अन्तश्चेतना जागृत गरी परमतत्त्व प्राप्तिको मार्ग प्रशस्त गर। यथार्थमा यही नै शास्त्रनिर्दिष्ट संस्कृतवाङ्मयको मुख्य ध्येय हो र विश्वप्रदत्त सन्देश पनि हो।

---

१. गायत्री सारमात्रोऽपि ...

२. अमृतस्य पुत्राः।

१.३ सृष्टिको स्वरूप

सत् चित् आनन्दस्वरूप परब्रह्म परमात्माको **एकोऽहं बहु स्याम**[३] भावनाद्वारा सिर्जित परमात्माको प्रथम मानस पुरुष तथा प्रकृति-पुरुषजन्य सृष्टिका रूपमा जगत्स्रष्टाको आत्मविस्तार हुँदा समग्र विश्वब्रह्माण्ड, तारा, ग्रह आदि खगोलसहितको विश्वब्रह्माण्ड दृष्टिगत रूपमा सृष्ट हुन्छ भने उनै जगदीश्वरको आत्मसङ्कुचनको स्वरूप नै प्रलय वा संहार कहलाउँछ। यसप्रकार सिर्जित सृष्टिजगत्मा अनन्तकोटि ब्रह्माण्ड छन्। तीमध्ये एउटा ब्रह्माण्डभित्र असङ्ख्य तारा छन्। ती अनन्त तारामध्येकै एउटा ताराभित्र अनेकौं सौरमण्डल छन्। तिनै विविध सौरमण्डलमध्येकै एउटा सौरमण्डलभित्रका विविध पिण्डमध्ये हामी एउटा पिण्डमा विद्यमान छौँ। प्रकारान्तरले यसमा अतल, वितल, सुतल तलातल, रसातल, महातल र पाताल यी अधस्थ र भूः, भुवः, स्वः, महः, जनः, तपः, सत्य यी ऊर्ध्वलोक समेत गरी जम्मा यी १४ लोकलाई एउटा ब्रह्माण्ड भनिएको छ।

अनन्तकोटि ब्रह्माण्ड[४]देखि पृथिवीसम्मको जति दूरीमा हामी छौँ त्यसैगरी **सत्-चित्-आनन्दस्वरूप** परब्रह्म परमात्माको सृष्टिमा उसको दिव्य अलौकिक र अनन्तताको परिधिभित्र त्यत्तिकै दूरीमा छौँ। तर, आफूमा रहेको अज्ञान तथा तज्जन्य आधि- मानसी व्यथाका कारण हामी आफैँ उक्त मूलप्रवाहबाट आफूलाई धेरै धेरै धेरै टाढा रहेको भ्रममा परेर कल्पकल्पपर्यन्त जन्ममृत्युको चक्रमा परिरहेका छौँ। त्यही कुचक्रको भुमरीमा फसेर आत्मचिन्तनको मूल अन्तश्चेतना र तज्जन्य जीवनदायिनी शक्तिको मूलस्रोतलाई पूरै भुलेका छौँ। यही भ्रमवश यस धरातलमा रहँदा आफ्नो जीवनदायिनी शक्ति र प्रकृतिको उपेक्षा गर्दै भौतिक

---

[३]. छान्दोग्य उपनिषद्

[४]. एउटा ब्रह्माण्डमा चतुर्दश भुवन हुन्छन्। जसमा पृथ्वीदेखि तल- अतल, वितल, सुतल, तलातल, महातल, रसातल र पाताल तथा माथि- भूर्लोक, भुवर्लोक, स्वर्लोक, महोलोक, जनोलोक, तपोलोक, र सत्यलोक छन्।

विकासका नाममा हामी मानवजातिले प्राप्य आत्मतत्त्वलाई प्राप्त गर्नेतिर नलागी वस्तुतः आत्मविनाश गर्ने दिशातिर गइरहेका छौँ। परम कल्याणको मार्गबाट विमुख भइरहेका छौँ।

आत्मचिन्तनका दृष्टिले त्यस्तो नहोस्, हामी आफ्नो मूलस्वरूप र प्रकृतिअनुकूलको जीवनशैलीलाई आत्मसात् गर्दै आत्मोन्नति, ऐहलौकिक उन्नति र सर्वतोभावेन पारलौकिक उन्नति गर्ने दिशामा गन्तव्य प्राप्त गर्ने बाटोमा निरन्तर लागिरहँदा हाम्रो जीवन सार्थक हुन्छ। यही सार्थक जीवन जिउँन सिकाउने कला छ सनातन धर्म र पद्धतिमा। त्यसको प्राप्ति मानवजातिसहित समस्त चराचरजगत्को कल्याण गर्नका लागि अनन्तशास्त्र र अनेकौँ विद्याको स्रोत र खानि छ हामीसँग। तिनै शास्त्रको अनुसरण तथा शास्त्रोक्त मर्यादा पालन गर्दै हामी सन्मार्गमा प्रवृत्त हुन सक्छौँ। सनातनधर्मले सिकाउने पनि यही नै हो र हाम्रो चरम गन्तव्य पनि यही हो। यसैकारण चेतनाविशिष्टज्ञान सहित विशिष्ट अवधारणाका साथ मानव यस धरातलमा अवतरित भएको छ।

१.४ वेदादि शास्त्र र विद्या

शास्त्र अनन्त छन्। विद्या चौध वा अठार प्रकारका अनि कला चौँसट्ठी प्रकारका मानिएका छन्। ती सबै प्रकारका विद्यालाई शास्त्र भनिएको छ। ती क्रमशः ऋक्, यजु, साम र अथर्व गरी चारवेद, शिक्षा, कल्प, व्याकरण, निरुक्त, छन्द र ज्योतिष गरी छ वेदाङ्ग[५], धर्मशास्त्र (स्मृतिशास्त्र र आगम), न्याय, मीमांसा, पुराण (१८ पुराण, १८ उपपुराण, १८ औपपुराण) यी चार उपाङ्ग[६] गरी चौध र त्यसमा आयुर्वेद, धनुर्वेद,

---

५. शिक्षा कल्पो व्याकरणं निरुक्तं छन्दः पादौ ज्योतिषं वै षडङ्गम्॥

६. अङ्गानि वेदाश्चत्वारो मीमांसा–न्यायविस्तरः।
धर्मशास्त्रं पुराणं च विद्याह्येताश्चतुर्दश॥ **महाभारत,** आश्वमेधिकपर्व, ९२।
आयुर्वेदो धनुर्वेदो गान्धर्वश्चेत्यनुक्रमात्।
अर्थशास्त्रं परं तस्माद् विद्या ह्यष्यदश स्मृताः॥ **शिवपुराण,** २।२३
आयुर्वेदो धनुर्वेदो गान्धर्वश्चेति ते त्रयः।

गान्धर्ववेद र अर्थशास्त्र (केहीले स्थापत्यवेद पनि मानेका छन्) यी चार उपवेद सहित गरी अठार शास्त्र छन्।

यिनमा वेद, ब्राह्मण, आरण्यक, उपनिषद्, सूत्रग्रन्थ आदि तात्त्विक एवं उपाख्यानमार्फत् दृष्टान्तपरक धर्मशास्त्र, र इतिहास पुराणादिको क्रम रहेको छ जसमध्ये वेद- सत्य, उपनिषद्पर्यन्तका सबै तथ्य र पुराणादि कथ्यशास्त्र मानिन्छन्। यसरी सत्यमा आधारित तथ्य र सत्य, तथ्य ती दुवैमा आधारित कथ्य (कथ्य श्रव्य हुनाले श्रुति पनि) का रूपमा वेददेखि पुराणपर्यन्तका समग्र हाम्रा शास्त्र पढाइन्छन्। यही क्रम र परम्परामा कर्मकाण्ड, उपासनाकाण्ड र ज्ञानकाण्डहरू पर्दछन्। विद्याका प्रसङ्गमा प्रकारान्तरले बत्तीस प्रकार पनि बताइएको पाइन्छ, तापनि अठार विद्या र चौँसट्ठी कलामा समेटिएका हाम्रा अनन्त शास्त्र र कलाभित्र पनि आ-आफ्ना वेदअनुसारका शाखा-सूत्रहरू हुन्छन्। जो जुन वेदको परम्परामा रहेको छ उसका लागि उसको आफ्नै वेद र त्यही शाखा तथा सूत्र नै मुख्य र प्रथम प्रमाण मानिन्छ। धर्मका मुख्य निर्णयमा चतुर्दशविद्यालाई लिइन्छ।

१.५ धर्मनिर्देशक ग्रन्थ वेदको प्रामाण्य

धर्मको निर्देशक वेद हो। धर्मादि पुरुषार्थमध्येको प्रथम पुरुषार्थ धर्म र परम पुरुषार्थ मोक्षमा वेद, कल्पादि अकाट्य प्रमाण हुन्। त्यसैले ब्राह्मणहरूले ठूला प्रयासले ब्रह्चर्यले र तपस्याले स्वशाखाअनुसारको वेदलाई एक मात्रा पनि नछोडिकन, नफेरिकन र नथपिकन अनादि परम्परासिद्ध रूपले अध्ययन र अनुपालन गर्दै आएका हुन्। वेद अपौरुषेय हो। त्यसैले वेद राग, द्वेष, अहङ्कार, काम, क्रोध, लोभ, मोह, मद, मात्सर्य, अज्ञान, अल्पज्ञता इत्यादि पुरुषजन्य दोषका सम्बन्धबाट

अर्थशास्त्रं चतुर्थं तु विद्या ह्यष्टादशैव तु ॥ **विष्णुपुराण।**

पुराण-न्याय-मीमांसा-धर्मशास्त्राङ्गमिश्रिताः ।
वेदाः स्थानानि विद्यानां धर्मस्य च चतुर्दश ॥ **याज्ञवल्क्यस्मृतिः, १। ३।**

कत्ति पनि नबिटुलिएको प्रामाण हो। स्मृति, पुराणादि वेदका उपबृंहक हुन्।

संहिता, ब्राह्मण, श्रौतसूत्र, गृह्यसूत्रहरूमा विधान गरिएका कर्महरूमा आगमहरू– ब्राह्मतन्त्र, वैष्णवतन्त्र, शैवतन्त्र, शाक्ततन्त्र, सौरतन्त्र, गाणपत्यतन्त्र, कौमारतन्त्र, कापिलतन्त्र इत्यादि तन्त्रको आकाङ्क्षा हुदैंन। यो कुरा स्वशाखावेदको विधिपूर्वक राम्ररी अध्ययन गरेका व्यक्तिलाई स्वशाखावेदबाटै निश्चित र स्पष्ट रूपमा थाहा हुन्छ। त्यस्तो अध्ययन गर्न नपाएकाहरूले पनि पुराणादि[७]का वचनबाट थाहा पाउन सक्छन्।

मूलतः सबै प्रकारले वेद धर्म र ब्रह्ममा परम प्रमाण हो। धर्म भन्नाले वेदविहित कर्तव्यकर्म नै बुझिन्छ।[८] अरू राम्रा कर्मलाई सुकृत भनिन्छ।[९] त्यस्ता कुनै कर्मलाई धर्मजस्ता हुनाले धर्म भन्ने गौण व्यवहार पनि गरिन्छ। वेद नै धर्ममा र मोक्षमा निरपेक्ष प्रमाण भएकाले वेदको अध्ययनका लागि ब्राह्मणादिको उपनयन अनिवार्य रूपले गर्नैपर्ने व्यवस्था गरिएको हो। व्रतबन्ध नगरेसम्म साधारणतया वेदको उच्चारण गर्नेसम्म पनि अधिकार माणवक (वटुक) हरूलाई समेत हुँदैन।[१०] दुवैतिर ओंकारले नछेकी, ओंकारले सम्पुटित नगरी लौकिक वाणीसित छासमिस गरेर वेदका वाक्यको उच्चारणसम्म पनि गर्न हुँदैन।[११] वेदको अध्ययनलाई र अनुसरणलाई यसरी अति नै महत्त्व दिइँदै आइएको छ।

---

७. वेदोक्तं तान्त्रिकाः सर्वे स्वीकुर्वन्ति द्विजर्षभाः।
नोपजीवति तन्त्रोक्तं वेदः साक्षात् सनातनः॥
स्कन्दपुराण, सूतसंहिता, सूतगीता ८। ६१।

८. वेदप्रणिहितो धर्मो ह्यधर्मस्तद्विपर्ययः। श्रीमद्**भागवतमहापुराणम्, ६। १। ४०।**

९. पुराणाद्युक्तधर्माणां नानादानादिरूपिणाम्। सुकृतत्वं वदन्त्येते ...।

१०. नाऽभिव्याहारयेद् ब्रह्म स्वधानिनयनादृते
शूद्रेण हि समस्तावद् यावद् वेदे न जायते॥ **मनुस्मृतिः, २। १७२**

११. ब्रह्मणः प्रणवं कुर्यादादावन्ते च सर्वदा।
स्रवत्यनोङ्कृतं पूर्वं परस्ताच्च विशीर्यति॥ **मनुस्मृतिः, २। ७४**

यसबाट पनि धर्म र मोक्षका विषयमा वेदको सर्वोपरि स्थान रहेको कुरा स्पष्ट हुन्छ।

वेद, स्मृति, पुराण, तन्त्र इत्यादिमा पूर्वपूर्व बलवान् हुन्छ भन्ने कुरा स्मृति–पुराणादिका वचनबाट पनि स्पष्ट हुन्छ। वेदविहित कर्म गर्न नसक्नेले स्मार्त– स्मृतिद्वारा विहित कर्म गर्नू भन्ने पनि वचन पाइन्छ। यी सबै कुराबाट कर्महरूमध्ये वेदविहित कर्मको प्राधान्य वा ज्येष्ठता स्पष्ट हुन्छ। वेद सम्पूर्ण ज्ञानको मूर्त रूप हो। वेदमा रहेको सम्पूर्ण ज्ञान गायत्रीमा निहित रहेको हुन्छ। त्यसमा रहेको सम्पूर्णता ओंकारमा समेटिएको हुन्छ। त्यसैले ॐलगाएर मन्त्रजप गरिन्छ जसले गर्दा ॐमा रहेको वेदको सम्पूर्णताको शक्ति त्यस मन्त्रमा पनि समाहित होओस् र निश्चय अभीष्टप्राप्ति होओस् भन्ने तीव्र इच्छाशक्ति त्यस मन्त्रमार्फत् प्रत्यक्ष कार्यानुभूतिमा परिणत हुन सकोस् भन्ने दिग्दर्शन रहेको देखिन्छ।

१.६ वेद, धर्मसूत्र र तिनका क्षेत्र

वैदिक सनातन धर्मलाई यहाँ **धर्म**शब्दले प्रतिनिधित्व गरेको छ। धर्मको आधार र धर्मको मूलका विषयमा सबैको जिज्ञासा हुनु स्वाभाविकै हो। धर्मसम्बन्धी सम्पूर्ण जिज्ञासाको समाधानका निमित्त सर्वप्रथम वेद नै अगाडि आउँछ। सनातनधर्मको मूल वेद हो। अतः धर्मको मूल आधार वेद नै हो। यसैले हाम्रो धर्म नै वेदप्रतिपादित धर्म हो। वेदलाई अनादि मानिन्छ।[१२] वेदलाई श्रुति र धर्मशास्त्रलाई स्मृति भनिन्छ।[१३] मनुको पनि यही उपदेश छ।

धर्मको इतिहासका सम्बन्धमा विचार गर्दा मूलमा वेद नै आउँछ। वेदभन्दा पछि धर्मको व्याख्या गर्ने कार्य सूत्रद्वारा भएको पाइन्छ। शिक्षा, कल्प, व्याकरण, निरुक्त, छन्द र ज्योतिष, यी वेदका छवटा अङ्गमध्ये कल्पमा सूत्रको विशाल भण्डार समाहित छ। यज्ञको स्वरूप प्रतिपादन

---

१२. न हि वेदः पुरुषनिर्मितः। **मीमांसान्यायप्रकाश**, पूना, १९७२ पृ. ७।

१३. श्रुतिस्तु वेदो विज्ञेयो धर्मशास्त्रं तु वै स्मृतिः। **मनुस्मृतिः** २।१०।

गर्न वेद र कल्पसूत्र नै समर्थ छन्। चारप्रकारका प्रधान कल्पसूत्रहरू छन्– श्रौतसूत्र, गृह्यसूत्र, धर्मसूत्र र शुल्वसूत्र।

श्रौताग्निमा सम्पन्न गरिने ठूला ठूला यज्ञहरूको विवेचना श्रौतसूत्रहरूमा गरिएको छ। गृह्याग्निमा सम्पादन हुने यज्ञहरू तथा उपनयन, विवाह लगायतका संस्कारहरूको विधान गृह्यसूत्रमा भएको छ। चार आाश्रमहरू, ती आश्रमवासीद्वारा अनुष्ठेय धर्महरू, चार वर्णहरू र ती वर्णका मानिसहरूले पालन गर्नुपर्ने धर्महरू, आचार, प्रायश्चित्त, व्यवहार र राजकर्तव्यका सम्बन्धमा धर्मसूत्रमा निर्देश गरिएको छ। यिनै धर्मग्रन्थले सूत्रात्मक रूपमा उपदेश गरेका विषयहरू नै स्मृतिका रूपमा स्मृतिकारहरूले प्रतिपादन गरेका हुन्। वेदलाई मूल मानेर निर्मित स्मृतिहरू धर्ममा प्रमाण हुन्छन्। यज्ञवेदी, मण्डप निर्माण गर्ने विधि शुल्वसूत्रमा प्रतिपादन गरिएको छ। यसरी धर्मको ऐतिह्य वेददेखि सुरु भएको स्पष्ट हुन्छ।

१.७ प्रमाण बलाबलमा स्वशाखासूत्र

धर्ममा आफ्ना शाखाको वेद, सूत्र र कल्प नै सबैभन्दा ठूलो र मूल तथा निर्णायक प्रमाण हुन्।[१४] आफ्ना शाखाका सूत्रहरू, परिशिष्टहरू, अरू श्रुतिहरू, अरू स्मृतिहरू, पुराणहरू र सदाचारहरू स्वशाखावेदका आकाङ्क्षापूरक भएर नै प्रमाण मानिन्छन्। यसमा पुराणभन्दा इतिहास, स्मृति र स्मृतिभन्दा सूत्रप्रमाण बलियो हुन्छ।

वैदिक सनातन वर्णाश्रम धर्ममा आगम– हैरण्यगर्भतन्त्र, वैष्णवतन्त्र, शैवतन्त्र, शाक्ततन्त्र, सौरतन्त्र, गाणपत्यतन्त्र, कौमारतन्त्र, कापिलतन्त्र इत्यादि तन्त्रभन्दा वेदमूलक पुराणहरू, पुराणहरूभन्दा

---

१४. (क) धर्मं जिज्ञासमानानां प्रमाणं परमं श्रुतिः। **मनुस्मृतिः**, २।१३।
(ख) नास्ति वेदात् परं शास्त्रम्। **अत्रिस्मृतिः**, श्लो. १५१।
(ग) न वेदेन समं शास्त्रम्। **पद्मपुराण**, ४।९४।३७।
(घ) सर्वथा वेद एवाऽसौ धर्ममार्गप्रमाणकः। **देवीभागवत**, **११।१।२६।**

वेदमूलक स्मृतिहरू, स्मृतिहरूभन्दा श्रुतिहरू र अन्य शाखाका श्रुतिहरूभन्दा स्वशाखाका श्रुति, स्मृति, सूत्र आदि बलिया प्रमाण मानिञ्छन्। यो कुरा वेदाध्ययनका क्रममा परम्पराबाट स्वतः सिद्ध छ र जैमिनीय धर्ममीमांसासूत्रादिमा स्पष्ट प्रतिपादित पनि छ।

अनादि अपौरुषेय वेदलाई साक्षात्कार गरेका ऋषिहरूले धर्मको यथार्थ बोध हुनेगरी उपदेश गरेका वाक्यलाई वेदवाक्य भनिन्छ। त्यसैले वेदवाक्यलाई धर्ममा स्वतः प्रमाण मानिएको हो । परब्रह्मको हृदयमा स्फुरित वेदरूपी ज्ञान ब्रह्माजीबाट प्रकट भएपछि त्यसको अध्यन परम्परा चलेको हो । यही परम्परामा मन्त्रद्रष्टा ऋषिहरूले धर्मको साक्षात्कार गरेका हुन् । स्मृति र पुराणहरू वेदार्थानुकूल रूपमा ब्रह्माजीबाट[१५] तथा वेदार्थज्ञ मनुबाट उपदिष्ट र ऋषिमुनिहरूबाट प्रचारित वेदमूलक वाक्य हुनाले धर्ममा प्रमाण मानिएका हुन्। ती ती शाखाका कतिपय परिशिष्टहरू, उपपुराणहरू र औपपुराणहरू श्रुति, स्मृति, पुराणमूलक वाक्य भएकाले तिनलाई समेत धर्ममा प्रमाण मानिएको हो।

धर्मको निर्णय गर्दा श्रुति–स्मृति–पुराणहरूको र त्यसमा पनि स्वशाखा–श्रुतिसूत्रादि वेद–वेदाङ्ग, वेदोपाङ्ग अनुस्मृति पुराणादिसम्मको नै प्रबल प्रमाण सिद्ध हुन्छ। तिनलाई छोडेर परम्परा वा शिष्टाचार भनेर दायाँबायाँ लाग्न हुँदैन। असामर्थ्यले गर्दा उत्पन्न हुने परिस्थितिका निमित्त कुनै अनुकल्प दिइएको छ भने त्यो छुट्टै कुरा हो। यस सम्बन्धमा श्रुतिस्मृतिमा विशेष विधान नपाइएका विषयमा मात्र आप्तवाक्य धर्ममा प्रमाण हुन्छ भन्ने समेतका शास्त्रवचनहरूमा र जैमिनीय धर्ममीमांसाका शिरोमणि कुमारिलभट्टले प्रतिपादन गरेका शिष्टाचारभन्दा स्मृति नै धर्ममा बलियो प्रमाण हो भन्ने सिद्धान्तमा पनि सज्जनहरूले ध्यान दिनुपर्छ। अरू अनुस्मृति पुराणमा र ब्रह्मयज्ञमा पढिने

---

१५. अथ त्रेतायुगस्याऽऽदौ मनुः सप्तर्षयश्च ये।
श्रौतं स्मार्तं ब्रुवन् धर्मं ब्रह्मणा तु प्रचोदिता ॥ **मत्स्यपुरण**, १४ ॥ २ ॥ ४० ।

मूल वेदाङ्ग महास्मृतिमा विरोध परे मूल वेदाङ्ग महास्मृतिलाई नै अनुल्लङ्घनीय मानी धर्ममा प्रमाण मान्नुपर्छ, अन्य स्मृति र पुराणहरूमा परस्परमा विरोध परे मूल वेदाङ्ग महास्मृतिका अनुकूल स्मृति-पुराणलाई नै धर्ममा प्रमाण मान्नुपर्दछ। यस प्रकारले धर्मनिर्णयका विषयमा ब्रह्मयज्ञमा पढिने वेद-वेदाङ्ग- महास्मृतिको विशिष्ट स्थान मान्नै पर्छ। वैदिक परम्परामा अर्को मार्ग छैन।

१.८ वेदानुप्राणित विश्व जगत्

वैदिक दर्शन विश्व-मानव-समुदायको दिग्दर्शन हो। समाजलाई उन्नति, प्रगति तथा विकास पथमा लम्काउन र शान्तिपूर्ण एवं सुखमय समाजको प्राप्तितर्फ उन्मुख गर्ने र त्यसमा प्रवृत्त गराउँने यसको मूल ध्येय हो। सार्वकालिक, शाश्वत, सनातन सत्यपथलाई वैदिक दर्शनले आत्मसात् गरेको हुनाले हिजो जस्तै आज र भोलि पनि विश्वलाई दिग्दर्शन गराउन यो समर्थ छ, जसले सबैलाई सुखी, खुशी र आनन्दमय बनाउँछ, भौतिक उन्नति पनि यसले गराउँछ, आध्यात्मिक उन्नति पनि गराउँछ, इहलोक पनि सपार्छ, परलोक पनि सपार्छ, यस लोकमा पनि आनन्द, परलोकमा पनि आनन्द, सूक्ष्म शरीरमा पनि आनन्दप्राप्ति गराउँछ। यही धर्म नै यहाँ जीवन जिउने विधि र पद्धतिका रूपमा रहेको छ।

सनातन वैदिक धर्ममा ईश्वर,माता पिता दुबै हुन्।[१६] वैदिक धारमा आत्मसात् गरिएका ईश्वर करुणा, दया, मैत्री, शान्ति यी सबैका साझा तत्त्व हुन्। यसबाट सबैको कल्याण हुन्छ। कसैले बाटो बिराएको छ भने पनि सही मार्ग निर्देशन गर्न ऋषिहरू सदा तत्पर छन्।

वैदिक धारले मानवका लागि मोक्ष- मुक्ति, मुख्य मानेको छ। हाम्रा धर्मशास्त्रले व्यक्तिको पुरुषार्थचतुष्टयका रूपमा धर्म, अर्थ, काम र मोक्षलाई बताएका छन्। वैदिक धारका महान् ऋषिमुनिहरूका मतमा

---

१६. त्वमेव माता च पिता त्वमेव।

साक्षात् परम्परया वा सबै मनुष्य मोक्ष पाउने अधिकार राख्दछन्। ऋषिमुनिहरूमा सर्वहितकारी भावनाले परिपूर्ण विश्वकल्याणपरक दृष्टिकोण रहेको देखिन्छ। मोक्ष– मुक्ति नै मानवजीवन प्राप्तिको चरम लक्ष्य भएको हुँदा हरेक मनुष्यलाई धर्मशास्त्रोक्त आआफ्ना कर्मद्वारा अन्तःकरणशुद्धिपूर्वक मोक्षप्राप्तिको बाटो देखाउन ऋषि, महर्षि, सन्त, महात्मा एवं ईश्वरीय अवतारले उपदेश दिनुभएको छ। ती उपदेशले वैदिक धारलाई नै प्रवाहित गरेका छन्।

हाम्रो वेदले सारा विश्वलाई आर्य बनाऊ आर्य देख[१७] भन्छ। आर्यत्व संस्कार, बानीबेहोरा, धारणा, जीवन–व्यवहार, वैयक्तिक आचार आदिसँग सम्बन्धित छ र विश्वलाई आर्य बनाऊ भन्ने तात्पर्यमा सबैको नराम्रो, खराब बानीबेहोरा, धारणा आदि हटाइदिएर सबैलाई आर्य बनाउन सकिने मान्यता निहित छ। यसर्थ वैदिक विश्वदृष्टिकोण अवलम्बन गर्दै वैदिक मतानुसार जीवन बाँच्नु नै आर्य बन्ने विधि हो। हाम्रो वेद सारा संसारलाई कुटुम्ब[१८] मान्दछ, कसैलाई पराइ ठान्दैन। वैदिक धारको प्रवाह समष्टि चराचरजगत्को हितका लागि हो, वेदको आलोक सारा विश्वब्रह्माण्डको निमित्त हो। इष्टप्राप्ति र अनिष्टपरिहारका लागि अलौकिक उपायको ज्ञान जसले ज्ञान गराइदिन्छ त्यो वेद हो।[१९] वेदको प्रयोजनसिद्धिमा साधनभूत विधान गर्ने अर्थवान् पदार्थ धर्म हो।[२०]

मानवसभ्यताको लामो कालखण्डसम्म सारा संसारको जीवन-दर्शनले वेदबाट मूल आधार प्राप्त गरेको छ। कालान्तरमा वेदाश्रित तथा वेदबाह्यसमेत अनेक धारहरू विकसित भए तापनि मूलजरो चाहिँ वेद नै हो। वेदलाई नित्य अनादि, अनन्त, सनातन मानिएको हुनाले भविष्यमा

---

१७. कृण्वन्तो विश्वमार्यम्।
१८. वसुधैव कुटुम्बकम्।
१९. इष्टप्राप्त्यनिष्टपरिहारयोरलौकिकमुपायं यो वेदयति स वेदः।
२०. वेदेन प्रयोजनमुद्दिश्य विधीयमानोऽर्थो धर्मः। **मीमांसान्यायप्रकाशः।**

पनि यसले मानवसभ्यतालाई आलोकित पारिरहने र दिग्दर्शन गरिरहने नै छ।

२ धर्मतत्त्वविवेचन

वैदिक सनातनधर्मको मूल तत्त्वको अध्ययन गर्ने क्रममा त्यसको खोलुवाका लागि थप प्रसङ्ग उल्लेख्य रहेको छ।

२.१ धर्मको स्रोत

वेद सबै धर्मको मूल हो। अधिकारयुक्त वेदका अध्येताले र तदनुकूल धर्मको पालना गर्ने हुनाले जन्मदेखि मृत्युपर्यन्त पालना गर्नुपर्ने नियम, कर्तव्य, मर्यादा, धर्म, आयु, बल, विद्या, शौर्य, तेज, क्षमा, धैर्य, दूरदर्शन, मितभाषण जस्ता चारित्रिक शिक्षाद्वारा हामी अनुप्राणित हुन्छौं। हाम्रो यही वैदिक सनातन आर्य हिन्दु धर्मको यसै सभ्यताबाट नै विश्वमा मानवसभ्यता विकसित भएको हो। तसर्थ हाम्रो मूलधर्म र कूलधर्म सर्वप्राचीन र अनादि रहेको छ। भूत, भविष्यत् र वर्तमान यी सबै कालमा विद्यमान रहने हुनाले वैदिक धर्मलाई सनातन भनिएको हो। सनातनधर्मीहरूको जीवनपद्धति, परम्परा, मूल्य, मान्यता आदिको मूल स्रोत नै वेद, ब्राह्मण, आरण्यक, उपनिषद्, विभिन्न सूत्रहरू, स्मृतिहरू, पुराणहरू र यिनीहरूका इतिहास आदि हुन्।

२.२ संस्कार

सम्‌उपसर्गपूर्वक डुकृञ्करणे धातुदेखि भाव अर्थमा घञ्प्रत्यय भै संस्कारशब्द सिद्ध हुन्छ, जस्को अर्थ सुधार्नु, परिष्कार गर्नु हो । दुरितनिवारण र गुणाधानसंस्कारका अवान्तर भेदभित्र ब्राह्म र दैवसंस्कारको वर्गीकरण गरिएको छ । धर्म, संस्कार र तज्जन्य संस्कृतिका विषयमा वस्तुतः सन्मार्गको पहिलो उपदेश नै धर्म हो। यो नै उन्नतिका लागि नियम हो। सबै संस्कारको अन्तिम परिणाम व्यक्तित्व–विकास हो। संयम+संस्कार= विकास वा संयम+संस्कार= अभ्युदय वा

निःश्रेयस्, यो नै धर्मानुकूल कर्तव्यको क्रियात्मक रूप हो। यी सबै मिलेर संस्कृतिको इतिहास निर्माण हुन्छ। आत्मा र अनात्माको विवेक विधायक वृत्ति धर्म हो[२१] भने त्यसको क्रियात्मक रूप नै संस्कृति हो।[२२] व्यक्तिको जस्तै समाजको पनि कर्तव्य धर्म हुन्छ।[२३] समाजको विकास गर्ने तत्त्व संस्कार हो। अज्ञान अधर्म हो। अधर्मलाई हटाउने सुशिक्षा-दीक्षा संस्कार हो।

प्रत्येक व्यक्तिमा रहेको दुर्गुण वा खराबीलाई हटाई उसमा सद्गुण, सद्विचार, सुशिक्षा, अनुशासन, सच्चरित्रता, नम्रता, धर्म, मर्यादा, नैतिकता आदि सद्गुणको आधान गर्नका लागि गरिने कर्म विशेषबाट उत्पन्न गुणविशेषको उत्कर्षलाई संस्कार भनिन्छ।[२४] वैदिक सनातनधर्मको मान्यताअनुसार संस्कारका १०, १६, २५, ४० र ४८ भेद मानिएका छन्। उक्त विभिन्न मतमतान्तरमध्ये मूलतः षोडश संस्कार वर्तमान समाजमा प्रचलित छन्।[२५] जसमा (१) गर्भाधान, (२) पुंसवन, (३) सीमन्तोन्नयन, (४) जातकर्म, (५) नामकरण, (६) निष्क्रमण, (७) कर्णवेध (८) अन्नप्राशन, (९) चूडा, (यो संस्कार गर्दा जुटिकाबन्धन गरिन्छ) (१०) उपनयन, (११) वेदारम्भ (ऋग्वेदाध्ययन, यजुर्वेदाध्ययन, सामवेदाध्ययन, अथर्ववेदाध्ययन), (१२) समावर्तन (दीक्षान्त), (१३) केशान्त, (गोदान)[२६] (१४) विवाह (१५) अग्न्याधान र (१६)

---

२१. यतोऽभ्युदयनिश्रेयशः सिद्धिः स धर्मः।
२२. सा संस्कृतिः प्रथमा विश्ववारा स प्रथमो वरुणो अग्निः।
२३. धर्मो धारयते प्रजाः।
२४. वेदविहितकर्मजन्यो धर्मः।
२५. गर्भाधानमतश्च पुंसवनकं सीमन्तजाताभिधे
नामाख्यं सह निष्क्रमेण च तथाऽऽन्नप्राशने कर्म च॥
चूडाख्यं व्रतबन्धकोऽप्यथ चतुर्वेदव्रतानां पुरः
केशान्तः सविसर्गकः परिणयः स्यात् षोडशी कर्मणाम्॥ **संस्कारभास्करः।**
२६. गावः केशा दीयन्ते खण्ड्यन्ते इति गोदानम्।

अन्त्येष्टिसंस्कार गरी १६ संस्कारको गणना गर्ने यो परम्परा र मान्यता वर्तमानमा प्रचलित रहेको छ।

षोडशसंस्कार

वैदिक सनातन धर्ममा मूलतः षोडशसंस्कार बताइएको छ। तीमध्ये गर्भाधानादि ब्राह्म एवं पाकयज्ञ, हविर्यज्ञ र सोमयज्ञ दैवभित्र पर्दछन्। स्मृतिशास्त्रहरूमा १६, २५, ४०, ४८ समेतका संस्कार उल्लेख गरिएका छन्। कर्णवेधसंस्कार ६, ७, ८ महिनामा चैत, पौष, क्षय तिथि आदिलाई छाडी गर्ने कुरा पारस्करगृह्यपरिशिष्टमा उल्लेख छ भने विद्यारम्भसंस्कार मनुस्मृतिमा उल्लेख छ। **प्राप्ते=थ पञ्चमे वर्षे विद्यारम्भं तु कारयेत्**। यी दुवै संस्कार प्रचलित छन्। **द्वादशवर्षं वा प्रतिवेदम्। अष्यचत्वारिंशद्वर्षाणि वा चत्वारि वेदव्रतानि**। यी दुईबटा पारस्करोक्त सूत्रात्मक व्यवस्थाले वेदारम्भसंस्कार अन्तर्गत ऋक्, यजुः, साम र अथर्ववेद सम्बद्ध चारसंस्कारको परिगणना सहित तपसीलका १६ संस्कारहरू वाजसनेयीहरूले गर्दै आएका छन्। **ऱ्गर्भाधानमतश्च पुंसवनकं ... स्यात् षोडशीकर्मणामऱ्** । यो संस्कार भाष्करग्रन्थको प्रामाणिक श्लोक अनुसार प्रचलित १६ संस्कार यी हुन्- (१) विवाहपछि धर्मपत्नीबाट उत्तमसन्तान प्राप्त होस् भन्ने कामनाले ऋतुकालको चौथो वा पाँचौं दिनदेखि १६ दिनभित्र आभ्युदयिक एवं मातृकापूजन तथा गर्भाधानका मन्त्रपाठपूर्वक गर्भाधानसंस्कार गरिन्छ। (२) पुंस्त्व गर्भस्थ शिशुको बौद्धिक एवं मानसिक विकास हेतु दोस्रो वा तेस्रो महिनामा पुंसवनसंस्कार गरिन्छ। (३) -गर्भिणी एवं शिशुको कल्याणार्थ ४, ६, ८ महिनामा सीमन्तोन्नयनसंस्कार गरिन्छ। (४) नानी पाउने बेथा लागेपछि नालकाट्नुपूर्व जातकर्मसंस्कार गरिन्छ। शिशुलाई मह, घिउ बाबुले चटाउनुपर्छ। ब्राह्मणद्वारा समन्त्रक प्राणाप्यायन गरिन्छ। (५) अग्निस्थापनापूर्वक हवन गरी शण्ड र अमर्क लाई भलायो, सर्स्यूं र कनिका मिश्रण होम्नुपर्छ र ज्योतिषीले दिएको नक्षत्रात्मक न्वारनको नाम ब्राह्मणद्वारा सुनाइन्छ। बच्चा जन्मेको ११ दिनमा यो नामकरणसंस्कार

गरिन्छ। (६) बालक जन्मेको चौथो महिनामा निष्क्रमण संस्कार गरिन्छ। सूर्यपूजा र अर्घ्यपूर्वक बालकलाई घरबाहिर निकाल्ने यो संस्कार न्वारनकै दिन वा अन्नप्राशनका दिन देवदर्शनार्थ पनि झल्किन्छ। (७) जन्मेको ६ महिनामा अन्न प्राशनसंस्कार गरिन्छ । बालकलाई अन्न खुवाउने आरम्भको दिन मिष्टान्न आहुतिपूर्वक पौष्टिक अन्न एवं षडरसयुक्त अन्नप्राशन गराउनुपर्दछ। (८) तेस्रो वा पाँचौं वा सातौं वर्षमा बालकको चूडाकर्मसंस्कार गरिन्छ । यसकर्ममा पूर्वाङ्ग, जूटिकाबन्धन, अग्निस्थापनापूर्वक होम गरी टुप्पी राख्नेसंस्कार गरिन्छ । (९) द्विजबटूलाई आचार्य वा गुरूज्यूको माध्यमले व्रतपूर्वक अग्नि, यज्ञ वा ब्रह्मदेवको समीपमा पुर्याउने संस्कार उपनयन अर्थात् व्रतबन्ध हो। यो संस्कार उत्तरायणमा बटुको बृहस्पति जुरेको अवस्थामा हुन्छ। त्रैवर्णिक द्विजबटुहरूको उमेर क्रमशः ८, ११, १२ हुँदा मुख्यकाल तथा १६, २२, २४ उमेर हुँदा उपनयनको गौणकाल मानिन्छ । यज्ञोपवीतधारण, गायत्रीमन्त्रदान, वेदारम्भ र समावर्तनसंस्कार समेत चूडाकर्म पूर्वक एकैदिनमा सक्ने परम्परा छ। (१० - १३) वेदारम्भ - स्वशाखाप्राधान्य एवं अरु तीन वेद गरी चारै वेदको व्रतसंस्कार हुन्छ (१०, ११, १२, १३) अर्थात् (१०) ऋग्वेदव्रतसंस्कार, (११) यजुर्वेदव्रतसंस्कार, (१२) सामवेदव्रतसंस्कार, (१३) अथर्ववेदव्रतसंस्कार, (१४) केशान्तसंस्कार १६, २२ ,२४ उमेरमा क्रमशः ब्राह्मण, क्षत्रिय तथा वैश्यबटुको हुन्छ। केश, दारी खौरिने यो संस्कार पीयूषधारा मनुस्मृतिले पनि बताएको छ। पारस्करले १६ वर्ष तोकेका छन्। (१५) समावर्तनसंस्कारमा औषधयुक्त अष्टकलशको जलले तथा सहस्रधाराले स्नान गराइन्छ। विद्या अर्थात् वेदशिक्षाले नुहाएको अर्थात् पारङ्गत भएको तथा व्रत अर्थात् दीक्षासिद्धिले स्नान गरेको अर्थात् पारङ्गत भएको अर्थमा समावर्तनसंस्कार बुझिन्छ। यो दीक्षान्त पनि हो । तर सद्गुरू वा आचार्यस्थानापन्न व्यक्तित्वको अभावमा किञ्च गुरुशिष्यको चित्र र चरित्रको अभावमा दीक्षान्तसमारोह बेकाम बनेको छ। (१६) गुण, कर्म, स्वभाव मिल्ने नर र नारीको सम्बन्ध गाँस्ने संस्कार विवाह संस्कार हो। स्वगोत्रबाहिरका मातृतः पितृतः पञ्चम र सप्तमपींढि माथिका, उमेर

पुगेका सजातीय वरकन्या विवाहका लागि शास्त्रले निर्देश गर्दछ। शुक्रग्रह अनुकूल बनेका वर र कन्याका ३६ गुणमध्ये कम्तीमा १८ गुण मिलान भएपछि विवाहयोग्य हुन्छन्। यो उत्तरायणमा हुन्छ। पूर्वाङ्गकर्मपूर्वक स्वयम्वर, वाग्दान, जन्ती बनाई हवनादि गरिन्छ। वरको घरमा वरवधू मिलेर चतुर्थी होम गरे पश्चाद् विवाहसंस्कार पूर्ण हुन्छ। सोह्र संस्कारभित्र वा प्रकारान्तरले अनिवार्य संस्कार अन्त्येष्टि हो। यस संस्कारमा मृतदेहलाई यथाविधि मशानघाटमा लगी पुत्रादिले दाहसंस्कार एवं दशगात्रविधि १३ दिनसम्म गर्नुपर्दछ।

२.३ सनातनधर्म

सर्वेश्वर स्वयं सनातन हुन्, सर्वेश्वर भगवान्लाई प्राप्त गर्ने धर्म सनातन हो, सनातन आत्मधर्म हो, यो अमृत हो, सत्य नै सनातन हो, यो श्रेष्ठ पुरुषको धर्म हो।[२७] सत्पुरुषमा सदा सत्यरूप धर्म सन्निहित रहन्छ। सत्य सनातनधर्म हो। सत्य परमगति हो। सत्य नै धर्म, तप र योग हो। सत्य नै सनातन ब्रह्म हो। सत्यलाई परम यज्ञ भनिएको छ। सनातनको अर्थ नित्य हो। वैदिक धर्मको नाम नै सनातनधर्म हो। सनातनधर्ममा पूर्वजन्म, परजन्म र यस जन्मसम्बन्धी सम्पूर्ण विषय र परिणाम समाविष्ट हुन्छ। सत्य सनातन ईश्वरको नाम हो। सत्यमै अडिएर समस्त सृष्टिले प्रतिष्ठा पाएको हुन्छ।[२८] अतः सत्य र प्रिय बोल्नुपर्छ, तर सत्य भए पनि अप्रिय

---

२७. सनातनस्य धर्मस्य मूलमेतत् सनातनम्॥ –**महाभारत** आश्वमेधिकपर्व, ९१। ३४॥
सनातनमेनमाहुः॥ –**अथर्ववेद** शौनकसंहिता, १०। ८। २३॥
सनातनमात्मधर्मम्॥ –**शाकटायनीयोपनिषद**, ३०॥
सनातनोऽमृतो धर्मः॥ –**महाभारत** वनपर्व, ३१३। ६६॥
एष धर्मः सनातनः॥ –**महाभारत** अनुशासनपर्व, १६२। २३॥
सतां धर्मः सनातनः॥ –**महाभारत** शान्तिपर्व १६२। २१॥ स हि धर्मः सनातनः॥

२८. सत्यं सत्सु सदा धर्मः सत्यं धर्मः सनातनः।
सत्यमेव नमस्येत सत्यं हि परमा गतिः॥
सत्यं धर्मस्तपो योगः सत्यं ब्रह्म सनातनम्।
सत्यं यज्ञः परः प्रोक्तः सर्वं सत्ये प्रतिष्ठितम्॥
–**महाभारत** शान्तिपर्व, १६२। ४, ५॥

बोल्नु हुँदैन र प्रिय हुने असत्य पनि बोल्न हुँदैन, सत्य पनि प्रिय बोल्नुपर्छ, यो सनातन धर्म हो।[२९] सबै प्रकारका विनाश र अधोगतिबाट बचाएर उन्नतिपथमा लैजाने तत्त्व नै धर्म हो।

२.४ सनातनधर्मको अर्थ

संस्कृत व्याकरणको नियमानुसार सनातनधर्म शब्दमा षष्ठीतत्पुरुष समास[३०] गरेर सनातनको धर्म भन्ने अर्थ गरिएको छ। सर्वप्राचीन र अविनाशी भएकाले यसको नाम सनातन हो। सनातन भएकाले यो धर्म सदा सर्वदा विद्यमान धर्म हो। त्यसैले यो सनातनधर्म अनादि र अनन्त छ। सृष्टिको उत्पत्तिदेखि प्रलयपर्यन्त यो धर्म विद्यमान रहन्छ। प्रलयपर्यन्त अस्तित्वमा रहेर प्रलयपछि पनि यो नष्ट हुँदैन। गुप्तरूपमा स्थित रहन्छ र सृष्टिसँगै लोकरक्षाका लागि पुनः दृष्टिगत हुन्छ। यस अर्थमा कर्मधारय समास हुन्छ।[३१] यसरी सनातनरूपले रहने धर्म भन्ने अर्थ हुन्छ। यस सनातनधर्ममा विश्वास गर्ने र यस धर्मका अनुयायी पनि सनातन हुन्छन्। यस धर्मले यसका अनुयायीलाई पनि सनातन वा अविनाशी बनाइदिन्छ।[३२] परमात्मस्वरूपमा प्राप्त गराउँने धर्म नै सनातनधर्म हो। यस धर्मका अनुयायी पनि उनै नित्य, शुद्ध, बुद्ध, मुक्त, सच्चिदानन्दस्वरूप परमात्मालाई प्राप्त गरेर परमात्माका साथमा एकाकार हुन्छन्।[३३] यसप्रकार परमतत्त्वमा प्राप्त गराउँने धर्म र त्यस धर्मका प्रतिपादक शास्त्रलाई छोडेर स्वेच्छापूर्वक काम गर्ने व्यक्तिको अवनति अवश्यम्भावी छ। शास्त्रविधिलाई अवहेलना गरेर मनोमानी

---

२९. सत्यं ब्रूयात् प्रियं बूयान् न ब्रूयात् सत्यमप्रियम्।
प्रियं च नानृतं ब्रूयादेष धर्मः सनातनः ॥ –**मनुस्मृति**, ४।१३८ ॥

३०. सनातनस्य धर्म इति सनातनधर्मः।

३१. सनातनश्चासौ धर्मश्चेति।

३२. सना सदा भव सनातनः, सनातनं करोतीति सनातनयति,
सनातनयतीति सनातनः, सनातनश्चासौ धर्म इति सनातनधर्मः।

३३. सनातनं परमात्मस्वरूपं प्रापयति इति।

ढङ्गले कार्य गर्ने व्यक्तिले सिद्धि तथा सुख कुनै पनि पाउँदैन।[३४] अवहेलना गरिएको धर्मले प्रजालाई पनि हानि गर्दछ।[३५] सनातनधर्मको यो स्वरूप परम उच्च छ, यसको कसैसँग तुलना हुँदैन।[३६]

इन्द्रियसंयम, क्षमा, धैर्य, तेज, सन्तोष, सत्यवादिता, लज्जा, अहिंसा, दुर्व्यसनपरित्याग र दक्षता, यी सबै सुखप्रद तत्त्व हुन्।[३७] मन, वाणी र कर्मद्वारा कुनै पनि प्राणीसँग द्रोह नगर्ने र दया तथा दान गर्ने धर्म सर्वश्रेष्ठ पुरुषको सनातनधर्म हो।[३८]

सद्व्यवहार, दयाभाव, तपस्या, भित्रबाहिर सबैतिरको पवित्रता, सुख तथा दुःखमा समभाव, ठीक बेठीक छुट्याउन सक्ने सदसद्विवेकिनी बुद्धि, इन्द्रियनिग्रह, मनोनिग्रह, अहिंसा, ब्रह्मचर्यधारण, त्यागभाव, नित्य स्वाध्याय, सरल स्वभाव, सन्तुष्ट, समदर्शी, सन्त महात्माको सेवा, संसारप्रतिको उदासीनता, मौनाभ्यास, आत्मचिन्तन, अन्नादिदान,. प्राणीमात्रमा ईश्वरभावदर्शन, भगवन्नामश्रवण, कीर्तन, भगवत्स्मरण, भगवत्सेवा, पूजा, नमस्कार, ..., ..., भगवच्छरणागति, भगवत्समर्पणभाव यी तीस प्रकारका आचरण सनातनधर्म हो। यसैलाई सनातन वैदिक आर्यधर्म भनिन्छ। यो सर्वोत्कृष्ट, सर्वश्रेष्ठ र मानवमात्रको परम धर्म हो।[३९]

---

३४. यः शास्त्रविधिमुत्सृज्य वर्तते कामकारतः।
न स सिद्धिमवाप्नोति न सुखं न परां गतिम्॥
तस्माच्छास्त्रं प्रमाणं ते कार्याकार्यव्यवस्थितौ।
ज्ञात्वा शास्त्रविधानोक्तं कर्म कर्तुमिहार्हसि॥ श्रीमद्भगवद्**गीता,** १६।२३–२४।

३५. धर्म एव हतो हन्ति धर्मो रक्षति रक्षितः।

३६. **धर्मशास्त्राङ्क,** श्रीगोवर्धनमठपीठाधीश भारतीकृष्णतीर्थजी, पृ. ५५–५६।

३७. दया क्षमा धृतिस्तेजः सन्तोषः सत्यवादिता।
ह्रीरहिंसाऽव्यसनिता दाक्ष्यं चेति सुखावहाः॥ **महाभारत** शान्तिपर्व, **२९०।२०॥**

३८. अद्रोहः सर्वभूतेषु कर्मणा मनसा गिरा।
अनुग्रहश्च दानं च सतां धर्मः सनातनः॥
पूर्ववत्, १६२।२१॥ प्रमादो मृत्युः –अध्यात्मोपनिषद् –१४॥

३९. सत्यं दया तपः शौचं तितिक्षेक्षा शमो दमः।

यसका साथै मूलतः धृति, क्षमा, दम, अस्तेय, शौच, इन्द्रियनिग्रह, धी,विद्या,सत्य र अक्रोध गरी धर्मका १० लक्षण बताइएका छन् ।[४०]

धृतिः – सन्तोष वा धैर्य लिनसक्ने,

क्षमा – क्षमा गर्न सक्ने,

दमः – द्वन्द्वलाई सहन सक्ने संयमित र निर्विकार मनःस्थिति भएको,

अस्तेयम् – अन्यायपूर्वक धनार्जनमा प्रीति र प्रवृत्ति नभएको,

शौचम् – वाचिक, मानसिक र शारीरिक शुद्धि,

इन्द्रियनिग्रहः– विषय वासनाप्रति अनासक्त इन्द्रिय भएको,

धीः – शास्त्रज्ञान भएको र सद्बुधियुक्त,

विद्या – आत्मज्ञान भएको,

सत्यम् – निर्विकल्प सत्यको अनुसरण गर्ने,

अक्रोधः – विनाकारण क्रोध नगर्ने वा न रिसाउने,

अहिंसा, सत्य, अस्तेय, शौच, इन्द्रियनिग्रह, दान, दम, मनोनिग्रह, दया र क्षमा नाम गरिएका पूर्वोक्त यी सबै लक्षण सबै वर्णका मनुष्यले पालन गर्नुपर्ने धर्म अन्तर्गतका मूल तत्त्व हुन् ।[४१] अहिंसा, सत्य, अक्रोध,

---

अहिंसा ब्रह्मचर्यं च त्यागः स्वाध्याय आर्जवम् ॥
सन्तोषः समदृक् सेवा ग्राम्येहोपरमः शनैः ।
नृणां विपर्ययेहेक्षा मौनमात्मविमर्शनम् ॥
अन्नाद्यादेः संविभागो भूतेभ्यश्च यथार्हतः ।
तेष्वात्मदेवताबुद्धिः सुतरां नृषु पाण्डवः ॥
श्रवणं कीर्तनं चास्य स्मरणं महतां गतेः ।
सेवेज्यावनतिर्दास्यं सख्यमात्मसमर्पणम् ॥
नृणामयं परो धर्मः सर्वेषां समुदाहृतः ।
त्रिंशल्लक्षणवान् राजन् ! सर्वात्मा येन तुष्यति ॥ **श्रीमद्भागवतमहापुराणम्**,७।११।८ – ११

४०. धृतिः क्षमा दमोऽस्तेयं शौचमिन्द्रियनिग्रहः ।
धीर्विद्या सत्यमक्रोधो दशकं धर्मलक्षणम् ॥
मनुस्मृति, ६। ९२॥ नारदपरिव्राजकोपनिषद् ३। २४ ॥

४१. अहिंसा सत्यमस्तेयं शौचमिन्द्रियनिग्रहः । दानं दमो दया क्षान्तिः सर्वेषां धर्मसाधनम् ॥
याज्ञवल्क्यस्मृतिः, आचाराध्यायः, १२२ ॥

कोमलता, इन्द्रियसंयम र सरलता, यी ६ लक्षण पनि धर्मपालनार्थ प्रतिपादित छन्।[४२]

२.५ सनातन शब्दको अर्थ

स- देवनागरी वर्णमालाको बत्तीसौँ व्यञ्जन वर्ण हो। यसको उच्चारण गर्दा जिब्रोले दाँतलाई छुन्छ। भित्रबाट आएको श्वासको प्रवाह दाँतमा आएर जिब्राको ठक्करबाट रोकिन्छ र 'स' ध्वनि उच्चारित हुन्छ। त्यसैले यसलाई दन्त्य-स भनिन्छ। यसको आभ्यन्तर प्रयत्नमा ईषद्विवृत र बाह्यप्रयत्नमा विवार, श्वास र अघोष हुन्छन्। 'स' परात्पर शक्तिबीजरूप, पञ्चदेवमय र देवीरूप अक्षर हो।[४३]

अ- देवनागरी वर्णमालाको पहिलो स्वरवर्ण 'अ' कण्ठबाट उच्चरित हुन्छ। संस्कृत व्याकरणको नियमअनुसार अनुनासिक र अननुनासिक उच्चारणका भेदले यसका अठार प्रकार छन्। ह्रस्वउदात्त, दीर्घउदात्त, प्लुतउदात्त र ह्रस्वअनुदात्त, दीर्घअनुदात्त, प्लुतअनुदात्त तथा ह्रस्वस्वरित, दीर्घस्वरित, प्लुतस्वरित यी नौप्रकार अनुनासिक उच्चारणका भेद हुन् भने त्यसैगरी अननुनासिक भेदमा पनि नौप्रकार नै हुन्छन्। यसरी अठार प्रकारका भेद हुन्छन्। 'अ' यो अक्षर विशेष्य वा विशेषण शब्दका साथमा लाग्दा अभाव वा उल्टो अर्थ प्रकट हुन्छ। संस्कृत व्याकरणको नियमअनुसार निषेधसूचक उपसर्गका रूपमा यसले अर्थ प्रकट गर्दछ।[४४] यसको प्रयोग ब्रह्मा, विष्णु, सृष्टि, अमृत, मेघ,

---

४२. अहिंसा सत्यमक्रोध आनृशंस्यं दमस्तथा। आर्जवं चैव राजेन्द्र ! निश्चितं धर्मलक्षणम्॥ **महाभारत** अनुशासनपर्व, २२।१९॥

४३. सकारं श्रृणु चार्वाङ्गि ! शक्तिबीजं परात्परम्। कोटिविद्युल्लताकारं कुण्डलीत्रयसंयुतम्॥ पञ्चदेवमयं देवि ! पञ्चवाणात्मकं सदा। रजःसत्वतमोयुक्तं त्रिबिन्दुसहितं सदा॥ **कामधेनुतन्त्रम्।**

४४. तत्सादृश्यमभावश्च तदन्यत्वं तदल्पता। अप्राशस्त्यं विरोधश्च नञर्थाः षट् प्रकीर्तिताः॥

ब्राह्मण, कीर्ति, कण्ठ, शिव, इन्द्र, वायु, कुवेर, अग्नि, विश्व, सरस्वती, प्रणव, प्राण, यमराज र ललाट आदि अर्थमा हुन्छ।[४५]

न– देवनारी व्यञ्जन वर्णमालाको बीसौँ अक्षर, तवर्गको पाचौँ व्यञ्जन वर्ण हो। दाँतको फेदमा जिब्राले छुँदा 'न' यसको उच्चारण हुन्छ। यसका बाह्यप्रयत्न संवार, नाद, घोष र अल्पप्राण हुन्। यसले हुन्न, नगर भन्ने अर्थ बुझाउने अव्यय/नाईं/नाहीँ/अहँ, पातलो, रित्तो, नछुट्टिएको एकनासको भन्ने जस्ता अर्थ दिन्छ। 'न' पञ्चप्राणात्मक र करोडौँ विद्युल्लतारूप अक्षर हो।[४६]

आ– देवनागरीको दोस्रो स्वर वा 'अ' को दीर्घ रूप 'आ' यसको प्रयोग दया, वाक्य, सबै, थोरै, सीमा, व्याप्ति, अवधि आदि अर्थमा हुन्छ। क्रियावाचक वा सङ्ख्यावाचक शब्दहरूको अगाडि आउँदा यसले नजिक, सम्मुख, चारैतिर आदि अर्थ बुझाउँछ। अलिकति, अभिव्याप्ति, मर्यादा, क्रियायोग, अनुकम्पा, समुच्चय, रीस, पीडा, अङ्गीकार, बेवास्ता, हर्ष, दुःख, झन्झट, घिन आदि अर्थ पनि बुझाउँछ यसले। 'आ' परम ज्योतिर्मय परम आश्चर्य ब्रह्म, विष्णु, रुद्रमय, आनन्दमय र विश्वान्तकरूप अक्षर हो।[४७]

---

४५. श्रृणु तत्त्वमकारस्य अतिगोप्यं वरानने। शरच्चन्द्रप्रतीकाशं पञ्चकोणमयं सदा॥
पञ्चदेवमयं वर्णं शक्तित्रयसमन्वितम्। निर्गुणं त्रिगुणोपेतं स्वयं कैवल्यमूर्त्तिमत्॥
बिन्दुतत्त्वमयं वर्णं स्वयं प्रकृतिरूपिणी॥ **कामधेनुतन्त्रम्॥**
अः श्रीकण्ठः सुरेशश्च ललाटश्चैकमात्रिकः। पूर्णोदरी सृष्टिमेधौ सारस्वतः प्रियंवदः॥ महाब्राह्मी वासुदेवो धनेशः केशवोऽमृतम्। कीर्तिर्निवृत्तिर्वागीशौ नरकारिर्हरो मरुत्॥ ब्रह्मा वामाद्यजो ह्रस्वः करसुः प्रणवाद्यकः॥ **वर्णाभिधानतन्त्रम्।**

४६. नकारं श्रृणु चार्वाङ्गि ! कोटिविद्युल्लताकृतिम्।
पञ्चदेवमयं वर्णं स्वयं परमकुण्डली॥
पञ्चप्राणात्मकं वर्णं हृदि भावय पार्वति !॥ **–कामधेनुतन्त्रम्।**

४७. आकारं परमाश्चर्यं सङ्खज्योतिर्मयं प्रिये।
ब्रह्मविष्णुमयं वर्णं तथा रुद्रमयं प्रिये।
पञ्चप्राणमयं वर्णं स्वयं परमकुण्डली॥ **–पूर्ववत्॥**
आकारो विजयानन्तो दीर्घच्छायो विनायकः।

त– देवनागरी व्यञ्जन वर्णमालाको १६ औ अक्षर, तवर्गको पहिलो व्यञ्जन वर्ण हो। उच्चारणस्थान दन्त, उच्चारणमा विवार, श्वास र अघोष प्रयत्न भएको 'त' अक्षरमा संस्कृतको नियमानुसार तद्धितप्रत्यय जोडिँदा बाट, देखि, द्वारा, मार्फत्, मा, हेतु, कारण आदिलाई बुझाउने अव्यय शब्द बन्दछन्। जस्तै– मबाट वा मदेखि[४८] पुरुषको कामद्वारा वा मार्फत्[४९] धर्मका कारण[५०] आदि। 'त' का अरू पनि अर्थ हुन्छन्। जस्तै– पुच्छर, गाइको पुच्छर, छाती, पाठेघर, कुहिना, लडाकु/योद्धा, चोर, दुष्ट मानिस, जातिच्युत मानिस, म्लेच्छ, बुद्ध, रत्न, अमृत, ढुङ्गा, पुण्य, झुठो, काखा, गर्भ, मूर्ख छन्दशास्त्रका अनुसार गण र लघु अक्षर द्योतक आदि। 'त' अक्षरलाई वाह्यरूपार्थ गरिएको छ।[५१]

'न' का विशेषता देवनागरी व्यञ्जन वर्ण, अक्षरका विषयमा यस अघि नै बताइएको छ।

उपर्युक्त अक्षरगत संयोजनको समष्टिबाट अर्थापन गर्दा परापूर्व अनादिकालदेखि चलिआएको, कहिल्यै नाश नहुने, अविनाशी, शाश्वत,

---

क्षीरोदधिः पयोदश्च पाशो दीर्घास्यवृत्तकौ ॥
प्रचण्ड एकजो रुद्रो नारायण इभेश्वरः ।
प्रतिष्ठा मानदा कान्तो विश्वान्तक जगान्तकः ॥
पितामहो द्विठान्तो भूः क्रिया कान्तिश्च संभवः ।
द्वितीया मानदा काशी विघ्नराजः कुजो वियत् ॥
स्वरान्तकश्च हृदयमङ्गुष्ठो भागमालिनी ॥ **वर्णाभिधान।**

४८. मत्तः परतरं नास्ति। **गीता।**

४९. कालात् पुरुषकारतः।

५०. पिण्डदानं च धर्मतः। **याज्ञवल्क्यस्मृतिः।**

५१. तः पूतना हरिः शुद्धिः शक्तिः शक्तिर्जटीध्वजा।
वामस्फिग् वामकट्याञ्च कामिनीमध्यकर्णकः ॥
आषाढी तण्डतुम्रश्च कामिकापृष्ठपुच्छकः ।
रत्नकश्च श्याममुखी वाराही मकरोऽरुणा ॥
सुगतोऽर्धमुखा बुद्धजानुश्च क्रोडपुच्छकः ।
गन्धो विश्वामरुच्छत्रश्चानुराधा च सौरकः ॥
जयन्ती पुलको भ्रान्तिरनङ्गमदनातुरा ॥ **नानातन्त्रशास्त्र।**

नित्य, अविनाशी परब्रह्म तथा उसकै रूपान्तरित रूप ब्रह्मा, विष्णु, शिव, सरस्वती, लक्ष्मी, दुर्गाका निम्ति प्रयोग हुँदै आएको नाम हो सनातन।[५२] यस सन्दर्भमा नित्य निरन्तर अविच्छिन्न प्रवाहमा चलिरहने भन्ने अर्थमा सनातन शब्दलाई धर्मशब्दको विशेषणसरह काम गर्ने गरी उपयोग गरिएको छ। यस अर्थमा धर्म वेदनिर्दिष्ट अनादि तत्त्व हो भन्ने बुझाउनु यसको प्रयोजन हो।

यसलाई अझ स्पष्ट पार्नुपर्दा मूलतः परात्पर शक्तिबीजरूप, पञ्चदेवमय, पञ्चप्राणात्मक, ब्रह्म-विष्णु-रुद्रमय, परम ज्योति, परम आश्चर्य, आनन्दमय, विश्वात्मक, करोडौँ विद्युल्लतारूप समेतलाई बुझाउने शब्द सनातन हो।

२.६ धर्म शब्दको अर्थ

ध- देवनागरी व्यञ्जन वर्णमालाको १९ औँ अक्षर हो, तवर्गको चौथो व्यञ्जन वर्ण, यो दन्त्यस्थानीय हो। यसको आभ्यन्तर प्रयत्न पृष्ट हो। यसको बाह्य प्रयत्न संवार, नाद, घोष र महाप्राण हुन्। धारण गर्ने, ग्रहण गर्ने वा समात्ने अर्थमा यसको प्रयोग हुन्छ 'ध' अक्षर। 'ध' यस अक्षरलाई मूलतः परमेश्वर, मोक्षरूप, आत्मादितत्त्वयुक्त, पञ्चदेवमय, पञ्चप्राणमय, त्रिशक्तियुक्तादेवी, पीतविद्युल्लतारूप, धर्मार्थ-काम-मोक्षप्रदायक मानिन्छ।[५३]

---

५२. सदा+भावार्थे ट्युल तुट् च नि. दस्य नः सदा भवे नित्ये वस्तूनि अमरः, निश्चलो विश्वः स्त्रियां ङीप्, सा च घ दुर्गायां सर्वकाले सना प्रोक्ता विद्यमाने तनीति च, सर्वत्र सर्वकालेषु विद्यमाना सनातनी ॥

५३. धकारं परमेशानि ! कुण्डली मोक्षरुपिणी।
आत्मादितत्त्वसंयुक्तं पञ्चदेवमयं सदा ॥
पञ्चप्राणमयं देवि ! त्रिशक्तिसहितं तथा।
त्रबिन्दुसहितं वर्णं धकारं हृदि भावय ॥
पीतविद्युल्लताकारं चतुर्वर्गप्रदायकम् ॥ **कामधेनुतन्त्रम्।**

र- देवनागरी वर्णमालाको २७ औँ अक्षर हो। यसको उच्चारण गर्दा जिब्राको टुप्पोले मूर्द्धालाई छुने हुँदा यो मूर्द्धस्थानीय वर्ण हो। यो ऊष्म र स्पर्श वर्णबीचको वर्ण हो। यसको उच्चारण स्वर र व्यञ्जन बीचको जस्तो हुनाले यो अन्तःस्थ वर्ण हो। यसको आभ्यन्तर प्रयत्न ईषत् पृष्ट हो। यसको उच्चारणमा संवार, नाद तथा घोष र अल्पप्राण नामका बाह्यप्रयत्न हुन्छन्। यसले अग्नि, गर्मी, प्रेम, सितारको एक आवाज, वेग, कामाग्नि आदि अर्थ द्योतन गर्छ। 'र' अक्षरलाई रक्तविद्युल्लतारूप मानिएको छ।[५४]

म- देवनागरी वर्णमालामध्ये 'प'वर्गको पाँचौँ अक्षर हो। 'म' ओठ र नाकद्वारा उच्चरित हुन्छ। उच्चारणमा दुबै ओठ जोडिने र नाके आवाज पनि मिसिने हुँदा यो स्पर्शसंज्ञक अनुनासिक वर्ण हो। यसको उच्चारणमा संवाद नाद, घोष तथा आभ्यन्तर स्पृष्ट अल्पप्राण प्रयत्न हुन्छ। यसका सवर्ण प, फ, ब, भ हुन्। पानी, सुख, शिव, चन्द्रमा, यमराज, समय/काल, ब्रह्मा, विष, विष्णु, छन्दशास्त्रमा मगणको संक्षिप्त रूप, सङ्गीतमा मध्यमस्वरलाई सूचित गर्ने अक्षर/शब्द हो 'म'। 'म' अक्षरलाई तरुण आदित्यरूप मानिएको छ।[५५]

धर्म शब्दले वेग, सुख, चन्द्रमा, यमराज, समय/काल, ब्रह्मा, विष्णु, शिवात्मक ब्रह्मलाई धारण गर्ने, ग्रहण गर्ने समात्ने आदि अर्थ दिन्छ। त्यसमा पनि मूलतः यसलाई केन्द्रीयरूपमा आत्मादितत्त्वयुक्त, मोक्षरूप परमेश्वर, पञ्चदेवमय र पञ्चप्राणमय, आदित्यरूप तथा रक्त एवं पीतविद्युल्लतारूप त्रिशक्तियुक्तादेवी अनि धर्मार्थ-काम-मोक्षरूप चतुर्वर्ग प्रदायकतत्त्वका रूपमा अर्थ्याइएको छ।

---

५४. रेफञ्च चञ्चलापाङ्गि ! कुण्डलीद्वयसंयुतम्।
रक्तविद्युल्लताकारं पञ्चदेवात्मकं सदा॥
पञ्चप्राणमयं वर्णं त्रिबिन्दुसहितं सदा॥ **कामधेनुतन्त्रम्।**

५५. मकारं श्रृणु चार्वाङ्गि ! स्वयं परमकुण्डली।
तरुणादित्यसङ्काशं चतुर्वर्गप्रदायकम्॥
पञ्चदेवमयं वर्णं पञ्चप्राणमयं सदा॥ **कामधेनुतन्त्रम्**

समग्रमा परात्पर शक्तिबीजरूप, करोडौं विद्युल्लतारूप, पीतविद्युल्लतारूप, रक्तविद्युल्लतारूप, पञ्चदेवमय, पञ्चप्राणात्मक, ब्रह्म-विष्णु-रुद्रमय, वराहरूप, मोक्षरूप परमेश्वर आनन्दघनरूप, धर्मार्थ-काम-मोक्षरूप चतुर्वर्ग प्रदायक आत्मादितत्त्वयुक्त, विश्वान्तक परम ज्योतिर्मय आदित्यरूप, त्रिशक्तियुक्तादेवी आदि विश्व जगत्का कारणरूप आनन्दघन परमेश्वरको नाम सनातन हो।

२.७ वैदिक सनातन धर्मका अवान्तर भेद

पूर्वसमुद्रदेखि पश्चिमसमुद्रसम्म तथा हिमालय र विन्ध्याचलका बीचमा पर्ने देश आर्यावर्त हो, जसलाई धर्मदेश भनिन्छ,[५६] जहाँ कृष्णसार, मृग आदि निर्धक्क विचरण गर्दछन् त्यस ठाउँलाई यज्ञीय देश भनिन्छ। त्यस्तो देश हो नेपाल आदिभूभाग।[५७] हिमालयदेखि इन्दुसरोवरपर्यन्तको भू-भागलाई हिन्दुस्थान[५८] भनिएको छ। त्यस ठाउँका बासिन्दाले पालन गर्ने धर्मलाई हिन्दुधर्म[५९] भनिएको हो। वैदिकधर्म[६०], सनातनधर्म[६१] र हिन्दुधर्म[६२] संज्ञाहरू सत्य तथ्य अनुरूपको एउटै धार्मिक मान्यतालाई जनाउने समानार्थक नाम हुन्। सनातन धर्मको मूल-स्रोत वेद हुनाले

---

५६. आसमुद्रात्तु वै पूर्वादासमुद्रात्तु पश्चिमात्।
तयोरेवान्तरं गिर्योरार्यावर्तं विदुर्बुधाः ॥

५७. कृष्णसारस्तु चरति मृगो यत्र स्वभावतः।
स ज्ञेयो यज्ञियो देशो म्लेच्छदेशस्तु तत्परः ॥

५८. हिमालयं समारभ्य यावदिन्दुसरोवरम्।
तं देवनिर्मितं देशं हिन्दुस्थानं प्रचक्षते ॥ -**बृहस्पतिः**

५९. आसिन्धोः सिन्धुपर्यन्ता यस्य भारतभूमिका।
पितृभूः पुण्यभूश्चैव स वै हिन्दुरिति स्मृतः ॥ **लोकमान्यतिलक**
हिन्दुर्हिन्दू च पुंसि द्वौ ॥ -**अद्भूतकोषः**।

६०. वेदवैदिकविश्वासो गोभक्तो मूर्तिपूजकः।
पूर्वजन्म-पुनर्जन्म प्रत्ययो हिन्दुरुच्यते ॥ -**हिन्दुरहस्य।**

६१. एषः, धर्मः सनातनः।

६२. हीनं दूषयति इति हिन्दुः ॥ -**शब्दकल्पद्रुमः**।

यसलाई वैदिकधर्म मानिएको हो। नित्य एवं कालातीत– अनादि र अनन्त हुनाले सनातनधर्म संज्ञा प्रसिद्ध भएको हो। वेदको मूल, जरो वा स्रोतबाट प्रवाहित धारामा अनेकौं सम्प्रदाय, अनेकौं संस्कृति, अनेकौं लौकिक रीतिस्थिति, नयाँ नयाँ प्रचलन आदि समेत समन्वित भएर अस्तित्वमा आएको साझा पहिचानलाई जनाउन हिन्दु वा हिन्दू संज्ञा प्रचलित भएको हो। वैदिकधर्म, सनातनधर्म र हिन्दुधर्म संज्ञाहरूमा तात्त्विक भिन्नता छैन। वस्तुतः वैदिकधर्म, हिन्दुधर्म जे भने पनि चुरो जरो, मूल, स्रोत, प्राण त वेद नै हो। तसर्थ वैदिकधर्म, सनातनधर्म र हिन्दुधर्म[६३] यी संज्ञाहरू समानार्थक हुन्। जैन, बौद्ध, शिख, किरात, प्रकृतिपूजक पनि हिन्दु[६४]धर्मकै रूपान्तरण हुन्। चित्तशुद्धि, आध्यात्मिक उन्नति तथा अन्तःकरणको पवित्रता नै जसका अङ्ग हुन् यस्तो धर्ममा उपासना पद्धति, रीतिरीवाज, सम्प्रदाय आदि फरक फरक भएर पनि मूलमा हामी सबै एउटै सनातनधर्मका अनुयायी हौँ। यसलाई वैदिकधर्म, सनातनधर्म, आर्यधर्म, मानवधर्म, हिन्दुधर्म आदि सबैको मूलधर्म एउटै सनातनधर्म हो।

२.८ धर्मको लक्षण र स्वरूप

सनातन धर्ममा पुरुषार्थचतुष्टयसिद्धिलाई प्रमुखता दिइएको छ। धर्म, अर्थ, काम र मोक्ष यी पुरुषार्थ चतुष्टयमध्ये यस लोकमा अर्थ र कामको दिगो र प्रशंसनीय समृद्धि तथा मरणोपरान्त स्वर्ग र मुक्ति पनि दिने सत्कर्मलाई धर्म भनिएको छ। जैमिनि मुनिले मीमांसासूत्रमा धर्मको विशेष लक्षण बताउँदै जनकल्याणकारी वेदविहित कर्मलाई धर्म भनेका छन् भने श्रीमद्भागवतमा पनि वेदविहित कर्मलाई धर्म भनिएको छ।[६५]

---

६३. हिन्दुर्दुष्ये नभवति नानार्यो न विदूषकः।
सद्धर्मपालको विद्वान् श्रौतो धर्मपरायणः॥ –**रामकोषः**

६४. ओङ्कारमूलमन्त्राढ्यः पुनर्जन्मदृढाशयः। –**माधवदिग्विजयः**

६५. वेदः प्रणीहितो धर्मो ह्यधर्मस्तद् विपर्ययः।

स्मृति, पुराण तथा इतिहासहरूमा मुनिहरूले विविध प्रकारले यिनै धर्मलक्षणहरूको स्पष्टीकरण र व्याख्या गरेका छन्। सर्वतोभावेन धर्मनिर्देशित न्याययुक्तकार्य धर्म हो। अनाचार अधर्म हो। शिष्टपुरुषहरूले पनि यही निर्देश गर्दछन्।[६६]

हिंसा नगर्नु,[६७] कसैलाई दुःख, पीडा नदिनु[६८] र सबैको उपकार गर्नु[६९] इत्यादिलाई मुख्य धर्म लक्षण मान्ने गरेको देखिन्छ कतै कतै, तर वैदिक परम्परामा तिनलाई धर्मका लक्षणभन्दा पनि उपलक्षण मानिएको पाइन्छ। किनभने धर्मका लक्षणहरूलाई अलग अलग गरेर छुट्याउन मिल्दैन। अलग अलग गरेर भनियो भने त्यसलाई उपलक्षण मात्र भन्न मिल्छ। लक्षण हुनका लागि धर्मका सबै उपाय एवं विचारहरू सहित सर्वाङ्ग समाविष्ट हुनुपर्दछ। तसर्थ वैदिक परम्परामा वेदविहित अर्थलाई नै धर्म मानिन्छ।[७०] त्यसैले धर्म भन्नाले सनातनी समुदायमा वेदविहित कर्म नै बुझिन्छ। तथापि लोकमा धर्म भनी धर्माभासरूपका-धर्म जस्ता देखिने समेत अरू धेरै मार्गहरू पनि प्रचलित भएकाले सनातन परम्पराको धर्मलाई बुझाउँदा वैदिकधर्म भनी उल्लेख गर्ने गरेको देखिन्छ। मूलतः वेदले प्रतिपादन गरेको कर्मलाई धर्म भनिएको छ। त्यसमा साधारण, विशेष र परम धर्म गरी तीन प्रकारले बताइएको छ। त्यसमा पनि धर्मको सर्वाङ्गपूर्ण लक्षणलाई समग्रमा बुझ्दा धर्मको लक्षण बुझिन्छ भने त्यसलाई टुक्राटाक्री गरेर छुट्याउँदा उपलक्षण मात्र हुन जान्छ। अतः धर्मका सबै स्वरूप र लक्षणलाई अविभाज्य राखेर बुझ्नुपर्दछ।

---

६६. आरम्भो न्याययुक्तो यः स हि धर्म इति स्मृतः।
अनाचारस्त्वधर्मेति एतच्छिष्यनुशासनम्॥
६७. अहिंसा परमो धर्मः।
६८. पापाय परपीडनम्।
६९. परोपकारः पुण्याय।
७०. चोदनालक्षणोऽर्थो धर्मः।

धारणार्थमा 'धृञ्' धारणे धातुबाट निष्पन्न **धर्म**शब्दले धारण गर्ने, सदाचरण गर्ने तथा प्रत्येक प्राणीमा रहने गुण, स्वभाव भन्ने अर्थलाई जनाउँछ। पशुमा रहने पाशविक गुण/स्वभाव पशुत्व, दानवमा रहने दानवीय गुण/स्वभाव दानवत्व, मानवमा रहने मानवीय गुण/स्वभाव मानवता आदि विशेषता वा प्रवृत्तिगत स्वभाव नै धर्म हो। मानवले आफ्नो धर्मको पालन गरेन भने मानवीय अस्तित्व नै सङ्कटमा पर्दछ। धर्म मूलतः आचरणसँग सम्बद्ध हुन्छ, न कि प्रदर्शनसँग मात्र। धर्माचरण गर्ने व्यक्ति स्वयं आफ्नो मात्र होइन, ऊ बाँचेको समाजको समेत सुख र आनन्दको स्रोत हो।

कुनै पनि वस्तुविशेषको आन्तरिक वृत्ति वा उसको स्वरूपविधायक तत्त्वलाई धर्म भनिन्छ। पदार्थ जुन वृत्तिमा निर्भर रहन्छ त्यस वृत्तिलाई पदार्थको धर्म भनिन्छ। पदार्थगत त्यस धर्ममा न्यूनता आउनु त्यस पदार्थको क्षय हुनु हो। पदार्थमा रहेको धर्मको वृद्धि हुँदा पदार्थगत त्यस तत्त्वको वृद्धि हुन्छ।[७१]

श्रुति, स्मृति, सदाचार र आत्मसन्तुष्टि यी धर्मका लक्षण हुन्। यी चार लक्षणलाई धर्मानुकूल मार्गनिर्देशक मानिन्छन्।[७२] धर्मका यी लक्षणहरू सामान्यतया सबैले पालना गर्ने सामान्य नियम हुन्। वर्णाश्रम अनुसार गरिने कर्म वा संस्कार तथा तत्तत् आश्रममा प्रवेश गर्दा गरिने विशेष कर्महरू खास खास शास्त्रमा उल्लेख गरिएका छन्। सबै नियमको आरम्भ गर्भाधानदेखि नै सुरु हुन्छ भने अन्त्येष्टि तथा श्राद्ध लगायतमा टुङ्गिन्छ।

धर्म, अर्थ, काम र मोक्ष, यी चारै पुरुषार्थप्रति सन्तुलित दृष्टि राख्ने जीवनपद्धतिलाई आदर्श मानेर व्यक्ति, समाज, राष्ट्र र सम्पूर्ण लोकको समुन्नतिको प्रतिकूल नहुने गरी आफ्नो इहलौकिक र पारलौकिक

---

७१. यतोऽभ्युदयनिःश्रेयससिद्धिः स धर्मः ॥ –**वैशेषिकसूत्रम्** १।१।२।
धारणाद्धर्मः। धरतीति धर्मः। ध्रियते अनेन इति धर्मः।

७२. वेदः स्मृतिः सदाचारः स्वस्य च प्रियमात्मनः।
एतच्चतुर्विधं प्राहुः साक्षात् धर्मस्य लक्षणम् ॥ **मनु.** २।१२॥

उन्नतिका साथै मुक्तिका लागि पनि गरिने वेदविहित क्रियाकलाप नै वैदिक सनातनधर्मको सारवस्तु हो।

स्वयं साध्यभावमा रहिकन धर्म, अर्थ, काम र मोक्षरूप चारै पुरुषार्थका साधन बन्ने, यस लोकमा समृद्धि दिने र परलोकमा पनि अनन्त आनन्द दिने तत्त्व धर्म नै हो।

धर्मको घटपटादि जस्तो मूर्तस्वरूप देखिँदैन। लक्षण र प्रमाणहरूबाट नै धर्म सिद्ध हुन्छ। प्रमेयको सिद्धि प्रमाणहरूबाट हुन्छ भन्ने शाश्वत नियम हो। यहाँ प्रमेय धर्म हो। लौकिक पद–पदार्थ जस्तो स्वरूप धर्मको नभए तापनि धर्मशास्त्रका चिन्तकहरूले विभिन्न दृष्टिकोणबाट धर्मको लक्षण प्रस्तुत गरेका छन्। मीमांसाकार जैमिनिले वेदले बताएको अर्थ– श्रेयस्को सांधक ज्योतिष्टोमादि धर्म, र अनर्थ प्रत्यवायसाधन श्येनयागादि आभिचारिक कर्म अधर्म हो भनेका छन्।[७३] वेदप्रमाणक श्रेयस्साधन कर्म धर्म हो भन्ने जैमिनिको आशय रहेको छ। यस लोकमा भौतिक सुखसम्पतिप्राप्तिरूप कल्याण र परलोकमा आत्यन्तिकसुखरूप कल्याण– मोक्ष, जसो गर्दा प्राप्त हुन्छ त्यही धर्म हो भनी वैशेषिकदर्शनमा धर्मको लक्षण बताइएको छ।[७४] त्यसरी नै महाभारत, श्रीमद्भागवतमहापुराणहरूमा धर्म र अधर्मको लक्षण गरिएको छ। धैर्य, क्षमा, दम, अस्तेय शौच, इन्द्रियनिग्रह, शास्त्रादितत्त्वज्ञान, आत्मज्ञान, अहिंसा, सत्य, अक्रोध, दान, दया इत्यादि धर्मका साधारण लक्षण हुन् भनिएको छ।[७५] शब्दकल्पद्रुमकारले धर्मलाई कर्मरूपले

---

७३. चोदनालक्षणोऽर्थो धर्मः। –**जैमिनि**।

७४. यतोऽभ्युदयनिःश्रेयससिद्धिः स धर्मः।

७५. धृतिः क्षमा दमोऽस्तेयं शौचमिन्द्रियनिग्रहः।
अहिंसा सत्यमस्तेऽयं शौचमिन्द्रियनिग्रहः।
दानं दमो दया क्षान्तिः सर्वेषां धर्मसाधनम्॥ –**याज्ञवल्क्यस्मृतिः, १।१२२।**

देखाएका छन्। नित्य, नैमित्तिक, काम्य, प्रायश्चित्त र निषिद्धभेदले पाँच प्रकारका बताएका छन् जसमा अन्तिमलाई अधर्म बताइएको छ।[७६]

विष्णुधर्मोत्तरपुराणमा यज्ञ, तपस्या, दान, दया, क्षमा, अहिंसा, सत्य, तीर्थसेवा, स्वाध्याय, सत्सङ्ग, देवपूजा, गुरु र माता पिताको सेवा, ब्राह्मणको सेवा, इन्द्रियनिग्रह, ब्रह्मचर्य, अमात्सर्य, गङ्गास्नान, हरिहरपूजन, नारायणध्यान, आत्मचिन्तन आदि धर्मका लक्षण बताइएका छन्।[७७] ब्राह्मण, क्षत्रिय, वैश्य, शूद्र र अन्त्यजहरू तथा ब्रह्मचारी, गृहस्थ, वानप्रस्थ र संन्यासीहरूको साधारण वा विशेष वा आपद्धर्म आदि परिस्थितिका आधारमा धर्मको क्रियात्मकतामा सङ्कुचन पनि हुन्छ।[७८]

शास्त्रहरूले प्रस्तुत गरेका प्रमाणलाई कोषकारहरूले पनि आआफ्ना कोषमा उद्धृत गरेका छन्। तीमध्ये अमरकोषका अनुसार धर्मको अनेक अर्थ बताउने क्रममा सुकृत अर्थात् असल कर्म र पुण्यलाई पनि धर्म भनिएको छ। निरुक्त ग्रन्थअनुसार नियम नै धर्म हो भनिएको छ, किनभने धर्मरूपी नियमद्वारा नै यो विश्व अवस्थित भइरहेको छ। धर्मरूपी नियमद्वारा नै सुख शान्ति र सन्तोष मिल्दछ। त्यसैले कणाद ऋषिका मतमा पनि जसद्वारा यस लोकमा उन्नति र परलोकमा पनि

---

७६. कर्मक्रिया इत्यमरः। तच्च पञ्चविधम्- नित्य-नैमित्तिक-काम्य-प्रायश्चित्त-निषिद्धभेदात्। तत्र चत्वारि धर्म्याणि, पञ्चममधर्म्यम्॥
-शब्दकल्पद्रुमः, द्वितीयभागः।

अहिंसा सत्यमस्तेऽयं शौचमिन्द्रियनिग्रहः।
दानं दमो दया क्षान्तिः सर्वेषां धर्मसाधनम्॥ **-याज्ञवल्क्यस्मृतिः १।१२२।**

७७. तस्य द्वाराणि यजनं तपो दानं दया क्षमा।
हिंसात्यागो दया सत्यं तीर्थानुसरणं शुभम्॥
स्वाध्याय-सेवासाधूनां सहवास-सुरार्चनम्।
गुरुणां चैव शुश्रूषा ब्राह्मणानां च पूजनम्॥
इन्द्रियाणां जयश्चैव ब्रह्मचर्यममत्सरम्।
गङ्गास्नानं हरिहराभ्यर्चनं स्वात्मचिन्तनम्॥
ध्यानं नारायणस्यैतत् संक्षेपाद् धर्मलक्षणम्॥

७८. फणीन्द्र पाण्डेय, **बृहत् संस्कृत नेपाली शब्दकोश**, विद्यार्थी पुस्तक भण्डार, २०७३, पृ. ६८०।

कल्याण अर्थात् मोक्ष प्राप्ति हुन्छ त्यही नै धर्म हो।[७९] श्रीमद्भागवतका अनुसार पनि वेद प्रतिपादित कर्म नै धर्म हो र वेदविरुद्ध कर्म अधर्म हो।[८०] मीमांसासूत्रकार जैमिनि ऋषिको मतमा वेद प्रतिपादित विधानअनुसार अनुष्ठेय कर्म नै धर्म हो।[८१] मनुका अनुसार वेद, स्मृति, सदाचार र आफ्नो आत्माको प्रसन्नता यी चार नै धर्मका लक्षण हुन्।[८२] श्रुति र स्मृतिद्वारा प्रतिपादित धर्मको आचरण गर्ने मनुष्यले यस संसारमा यश प्राप्त गरी परलोकमा पनि उत्तम सुख- मोक्ष प्राप्त गर्दछ।[८३]

कुनै पनि वस्तुमा रहेको गुण नै धर्म हो। त्यसमा धारकधर्म र साध्यधर्म गरी दुई प्रकारले बताइएको छ। जसमा पृथ्वी, जल, तेज, वायु, आकाश आदिदेखि परमात्मापर्यन्त सबै धारकधर्मभित्र पर्दछन् र साध्यकोटीको धर्ममा यज्ञ, दान, तप, सेवा, वर्णधर्म, आश्रमधर्म आदि पर्दछन्। जस्तै- धारकधर्मभित्र पर्ने पानीको धर्म शीतलता, आगाको धर्म उष्णता आदि हो। त्यसैगरी सूर्यादि देवता र प़ञ्चतत्त्व, प्रकृति आदिले आ-आप्नो धर्म पालन गरेका छन् र नै यो सृष्टि- संसारमा हामी जीवित छौँ अन्यथा सृष्टि- संसार रहँदैन। पृथ्वी आदि ज-जसले र जुन जुन तत्त्वले आ-आफ्नो धर्मपालन गर्नाले हाम्रो जीवन छ भने हामीले नै धर्मपालन गरेनौँ भने हामीलाई जीवन जिउने हक, अधिकार र अपेक्षा पनि रहँदैन। **धारकधर्मको उदाहरण दिए जस्तै साध्यकोटीको धर्म पालन गर्ने हाम्रो जिम्मेवारी हो, यदि हामीले यो जिम्मेवारी पालन गरेनौं भने हाम्रो पनि सत्यनाश हुन्छ।**

---

७९. यतोऽभ्युदयनिःश्रेयससिद्धिः स धर्मः। **वैशेषिकसूत्रम्** १।१।२।
८०. वेदप्रणिहितो धर्मो ह्यधर्मस्तद्विपर्ययः। **श्रीमद्भागवतमहापुराणम्।**
८१. चोदनालक्षणोऽर्थो धर्मः। **जैमिनीयधर्ममीमांसासूत्रम्** १।१।३।
८२. वेदः स्मृतिः सदाचारः स्वस्य च प्रियमात्मनः।
एतच्चुर्विधं प्राहुः साक्षात् धर्मस्य लक्षणम्॥ **मनु.**
८३. श्रुतिस्मृत्युदितं धर्ममनुतिष्ठन् हि मानवः।
इह कीर्तिमवाप्नोति प्रेत्य चानुत्तमं सुखम्॥ **मनु.**

(क) प्रवृत्ति, निवृत्ति र निर्वृत्ति

यस जीवनमा अभ्युदय र भावी जीवनमा निःश्रेयसको सिद्धि वा प्राप्ति नै धर्म हो। सबै प्रकारका विनाश र अधोगतिबाट बचाएर अभ्युदय तथा निःश्रेयससिद्धि प्रदान गर्ने तत्त्व नै धर्म हो। वेदोक्त सनातनधर्म नै अभ्युदय र निःश्रेयसप्रद छ। प्रवृत्तिमार्ग र निवृत्तिमार्ग गरी वेदोक्त धर्मका दुई प्रकार छन्।[८४] तीमध्ये प्रवृत्तिलक्षणधर्म कर्मयोग र निवृत्तिलक्षणधर्म ज्ञानयोग- साङ्ख्ययोग नामले प्रसिद्ध छन्। त्यसमा पनि फलानुसन्धानपूर्वक अनुष्ठित यज्ञ, दान, तप आदि रूप प्रवृत्तिलक्षणधर्मको फल लौकिक र पारलौकिक उत्कर्षरूप अभ्युदय हो भने फलाभिसन्धिविनिर्मुक्त निवृत्तिलक्षणधर्मको फल भगवत्प्राप्ति तथा आत्मज्ञानमूलक अन्तःशुद्धि नै हो।

जसमा प्रवृत्तिधर्म भोगप्रधान हुन्छ भने भोगेच्छा नभएका साधकले प्रवृत्तिबाट निवृत्तिमार्गमा जाने इच्छा राख्छ। प्रवृत्तिकर्म कामना सहितको हुन्छ जसको फलस्वरूप व्यक्तिले पुनर्भव- फेरि संसारमा जन्म प्राप्त गर्छ तर निवृत्तिकर्मको फलस्वरूप व्यक्तिले अपुनर्भवरूप- पुनः जन्मनु नपर्ने अमृतत्त्वसंज्ञक मोक्ष प्राप्त गर्दछ भन्ने शास्त्र वचन पाइन्छ॥[८५] यसमा निवृत्तिको निष्पत्ति निर्वृत्तितत्त्व हो। यहाँ निवृत्तिको पर्यवसानबाट निर्वृत्ति वा मुक्ति प्राप्त हुन्छ। गृहस्थीले गर्ने प्रत्येक कर्म निवृत्तिपरक हुनुपर्दछ र त्यसपछि निर्वृत्ति वा मुंक्ति प्राप्त गर्ने मूल आधार निर्मित हुन्छ।

प्राणीहरूमा उत्पन्न हुने सङ्कल्प विकल्पजन्य राम्रो वा नराम्रो भाव वा संस्कार वा विकार सबैको विसर्जनपर्यन्तका सबै कर्म प्रवृत्तिकर्म हुन् भने ती कर्महरूको विसर्जन हुनु वा मेटिनुलाई निवृत्तिकर्म

---

८४. द्वाविमावथ पन्थानौ यत्र वेदाः प्रतिष्ठिताः।
प्रवृत्तिर्लक्षणो धर्मो निवृत्तौ च सुभाषितः॥ **महाभारत,** शान्तिपर्व, २४१।६॥

८५. प्रवृत्तं च निवृत्तं च द्विविधं कर्म वैदिकम्।
आवर्तेत प्रवृत्तेन निवृत्तेनाश्नुतेऽमृतम्॥ **पूर्ववत्, ७।१५।४७॥**

भनिन्छ। सङ्कल्प विकल्पात्मक संस्कार विकार सबै शान्त भएपछिको अवस्थालाई निर्वृत्ति वा मुक्ति भनिन्छ।[८६]

(ख) गृहस्थ

पञ्चमहायज्ञको विधिवत् अनुष्ठान गरी अतिथि, देव, पितृ तथा स्वजनलाई तृप्त गराएपछि अवशिष्ट अन्न भोजन गर्ने गृहस्थलाई सबै आश्रममा श्रेष्ठ मानिएको छ। धर्मशास्त्रहरूमा गृहस्थ आश्रमलाई सर्वाधिक महत्त्वपूर्ण बताइएको छ। जसरी आमाको आश्रय लिएर प्राणीहरू जीवित रहन्छन् त्यसैगरी गृहस्थ आश्रमको आश्रय लिएर अन्य तीन आश्रमवासी प्रवृत्त रहन्छन्।[८७] तिनै आश्रमका आश्रयभूत गृहस्थधर्ममा रहने व्यक्ति आश्रमधर्म पालनद्वारा मुक्त हुन्छ।[८८] अझै छोटकरीमा भन्दा आश्रमहरूमा सर्वश्रेष्ठ गृहस्थाश्रम हो। त्यसैबाट मुक्ति प्राप्त हुन्छ। वर्णाश्रमधर्ममा प्रतिबद्ध जीवनयात्रापद्धति नै वैदिक धर्मको मूल स्वरूप हो। यसमा जीवनयात्राका सबै पक्षमा सन्तुलन राखेर चल्ने दृष्टि र व्यवस्था छ। बाँच्नै पर्छ भन्ने भावनालाई महत्त्व दिनु यस धर्मको मूल विशेषता हो। यसमा शरीर नै धर्मको मूल साधन हो भन्ने मान्यता वा सिद्धान्त छ।[८९] त्यसमा आफ्नो सीमा बुझेर काम, कर्तव्य गर्नु यस धर्मका अनुयायीहरूको प्रमुख अनुसर्तव्य कर्म हो।[९०]

---

८६. अक्षरं ब्रह्मपरमं स्वभावोऽध्यात्ममुच्यते।
भूतभावोद्भवकरो विसर्गः कर्मसञ्ज्ञितः॥ श्रीमद्भगवद्**गीता,** ८।३।

८७. यथा मातरमासृत्य सर्वे जीवन्ति जन्तवः।
तथा गृहाश्रमं प्राप्य सर्वे जीवन्ति चाश्रमाः॥ **महाभारत,** अनु. १४१।५२–५३।

८८. याज्ञवल्क्यस्मृतिः,

८९. शरीरमाद्यं खलु धर्मसाधनम्।

९०. मातृवत् परदारेषु परद्रव्येषु लोष्टवत्।

२.९ धर्मका प्रकार

महर्षि कणादद्वारा धर्मलाई पाँच प्रकारले बताइएको पाइन्छ। ती यसप्रकार रहेका छन्– (१) साधारण, (२) असाधारण, (३) विशिष्ट, (४) अपवाद र (५) आपद्धर्म। उक्त पाँच प्रकारमध्ये पहिलो अन्तर्गत पर्ने **साधारण धर्ममा**– धैर्य र क्षमा गर्नु, बाह्य इन्द्रियको नियन्त्रण गर्नु, चोरी नगर्नु, बाह्य शरीर र आन्तरिक शरीरको शुद्धि गर्नु, मनोनिग्रह गर्नु, बुद्धि, विद्या, सत्य र अक्रोध यी १० साधारण धर्म हुन्।[९१] यी सबै लक्षण सबै सनातनीले पालना गर्नैपर्छ। **असाधारणमा**– तीव्रतर तपस्या र कुनै सिद्ध महापुरुषको आप्तवचन वा आशीर्वादबाट प्राप्त विलक्षण तथा अलौकिक धर्म यसभित्र पर्दछ। **विशिष्ट धर्ममा** महर्षि अगस्त्यद्वारा अगाध समुद्र सुकाउनु, भीषण अकालमा महर्षि गौतमद्वारा अन्नको वर्षा गराउनु, दुःशासनद्वारा द्रौपदीको साडी तान्दा महर्षि दुर्वासाको आशीर्वादको तीव्र बलले द्रौपदीको साडी लम्ब्याउनु जस्ता अपूर्व कार्य विशिष्ट धर्ममा पर्दछन्। **अपवाद्मा**– आफूलाई मार्न भनेर आफ्ना सामुन्ने आएका घातक प्राणीलाई प्रतिवाद गर्नु आदि जस्ता पर्दछन्। **आपद्धर्म** कुनै धर्म होइन, तर आपत् पर्दा आत्मरक्षाका लागि गरिने प्रयास मात्र हो।

प्रकारान्तरले वैदिक सनातन हिन्दुधर्ममा **सामान्य, विशेष र परमधर्म** मानिएका छन्। तीमध्ये मनुस्मृतिका अनुसार **सामान्यधर्ममा** अहिंसा, सत्य, अस्तेय, शौच, इन्द्रियनिग्रह, दान, दया, दम र क्षमा गरी दश लक्षण पर्दछन्। यी दश लक्षण सबैले पालना गर्नैपर्ने धर्म हुन्। प्रकारान्तरमा मनुस्मृतिका आधारमा– धैर्य, क्षमा, दम, अस्तेय, शौच, इन्द्रियनिग्रह, धी, विद्या, सत्य र अक्रोध, यी दश लक्षण उल्लिखित छन्। **विशेषधर्ममा** वर्णधर्म, आश्रमधर्म, राजधर्म, उपासना, व्रत–उपवास, तीर्थाटन, यज्ञ–याग, पितृधर्म, पुत्रधर्म, सेवकधर्म आदि अनेक रूप छन्। **परमधर्ममा** अष्टाङ्गयोगसाधना, भक्तिसाधना र कर्मसाधनाद्वारा

---

९१. धृतिः क्षमा दमोऽस्तेयं शौचमिन्द्रियनिग्रहः ।
धीर्विद्या सत्यमक्रोधो दशकं धर्मलक्षणम् ॥ –**मनुस्मृतिः** ।

आत्मदर्शन गर्न अभिप्रेरित गर्ने धर्म पर्दछन्।[१२] जसमा अष्टाङ्गयोग-अन्तर्गत यम, नियम, आसन, प्राणायाम, प्रत्याहार, धारणा, ध्यान र समाधि पर्दछन् भने भक्तिसाधना र कर्मसाधनाको भिन्नै प्रक्रिया छ।

धर्मका अनेक रूप हुन्छन्। कहीँ विधिरूप, कहिँ नियम रूप, कहिँ आचार रूप, कहीँ अनुष्ठेय तत्त्वरूप, कहीँ मर्यादा रूप, कहीँ दैशिक, कहीँ जात्याश्रित, कहीँ कुलाश्रित, कहीँ वर्णाश्रित, कहीँ आश्रमाश्रित, कहीँ वर्णाश्रमाश्रित, कहीँ गुणाश्रित, कहीँ निमित्ताश्रित, कहीँ साधारणाश्रित इत्यादि धेरै कारणहरूले गर्दा धर्मका अनेक रूप हुन्छन्। देश, काल, परिस्थितिलाई आश्रय गरी अनुष्ठान गरिने नित्य, नैमित्तिक र काम्य भेदले पनि धर्मका रूप भिन्न भिन्न देखिन्छन्। यस्ता अनेक प्रकारका रूपमा रहेको धर्मको मूल चाहिँ वेद नै हो। धर्मको मूल वेद हो भनी मनु, याज्ञवल्क्य, बौधायन, आपस्तम्ब आदि ऋषिमुनिहरूले उपदेश गरेका छन्।[१३]

धर्मको स्वरूप यही हो भंनेर किटान गर्नु ब्रह्मको स्वरूप किटान गर्नु बराबर कठिन हो। जसरी ब्रह्म अनन्त छ त्यसरी नै धर्म पनि अनन्त छ। जसरी ब्रह्म अनादि छ त्यसरी नै धर्म पनि अनादि नै छ। जसरी ब्रह्म गुहा- अन्तरात्मामा लुकेर रहेको छ त्यसरी नै धर्म पनि गुहा-

---

१२. अयन्तु परमो धर्मो यद्योगेनात्मदर्शनम् ॥

१३. (क) वेदः स्मृतिः सदाचारः स्वस्य च प्रियमात्मनः ।
एतच्चतुर्विधं प्राहुः साक्षाद्धर्मस्य लक्षणम् ॥
अर्थकामेष्वसक्तानां धर्मज्ञानं विधीयते ।
धर्मं जिज्ञासमानानां प्रमाणं परमं श्रुतिः ॥ –**मनुस्मृतिः** ॥

(ख) श्रुतिः स्मृतिः सदाचारः स्वस्य च प्रियमात्मनः ।
सम्यक्सङ्कल्पजः कामो धर्ममूलमिदं स्मृतम् ॥ **याज्ञवल्क्यस्मृतिः**, १।७॥

(ग) उपदिष्टो धर्मः प्रतिवेदम्। तस्याऽनुव्याख्यास्यामः ।
स्मार्तो द्वितीयः । तृतीयः शिष्टागमः । शिष्टा खलु विगतमत्सराः ।
निरहङ्काराः कुम्भीधान्या अलोलुपा दम्भदर्पलोभमोहक्रोधवर्जिताः ॥
–**बौधायनधर्मसूत्रम्** १।१।१ – ५॥

(घ) धर्मज्ञसमयः प्रमाणम्। वेदाश्च। –**आपस्तम्बधर्मसूत्रम्** १।१२॥

अन्तरात्मामा अन्तर्निहित रहेको छ। त्यस कारण धर्मको स्वरूप यही हो भनेर तोक्न मुस्किल छ। तथापि जसरी व्यासले अठारपुराणहरूमा परोपकार र परपीडनबाट पुण्य र पाप दुई मुख्य सार प्रतिपादन गरेका छन् त्यसरी नै जुन तत्त्वबाट इहलौकिक समृद्धि र पारलौकिक निःश्रेयस् प्राप्त हुन्छ त्यही तत्त्वलाई नै ऋषि महर्षिले धर्म हो भनेर किटान गरेका छन्।

कहीँ विधि स्वयं धर्मरूपले देखिन्छ त कहीँ धर्मका प्रमाणरूपले विधिलाई अँगालेको देखिन्छ। सोही कुरा जैमिनीयन्यायमाला प्रतिपदाधिकरणको टिप्पणीमा पनि हेर्न सकिन्छ।[९४] याज्ञवल्क्यस्मृतिमा धर्मका छ प्रकारहरू प्रतिपादन गरेको पाइन्छ– वर्णधर्म, आश्रमधर्म, वर्णाश्रमधर्म, गुणधर्म, निमित्तधर्म र साधारणधर्म। यसप्रकारले महर्षि तथा धर्मचिन्तकहरूले विभिन्न दृष्टिकोणबाट धर्मका स्वरूप र लक्षण–प्रमाणहरू बताएका छन्।[९५]

यी सबै धर्मका परिभाषाद्वारा धर्मको वास्तविकता शास्त्रमा अडेको कुरा स्पष्ट देखिन्छ। यसरी वेद, स्मृति, पुराण, तन्त्र, देशाचार, कुलाचार, सामाजिक नीति नियमअनुसार गरिने सत्कर्म नै धर्म हो। त्यसमा पनि के गर्न हुन्छ र के गर्न हुँदैन भन्ने शङ्का भएमा शास्त्रको विधानअनुसार कार्य गर्न उचित हुन्छ।[९६] यज्ञ, अध्ययन, दान, तप, सत्य, धृति, क्षमा, अलोभ यी धर्मका आठ बाटाहरू छन्।[९७] तीमध्येमा यज्ञ, अध्ययन, दान, तप यी चार कुरा त सेखी गर्नका लागि पनि प्रयोग गरिन्छन् तर सत्य, धृति, क्षमा, अलोभ यी चार कुरा भने महात्मामा मात्रै

---

९४. विध्यर्थवाद–मन्त्रस्मृत्याचार–नामधेय–वाक्यशेष–सामर्थ्यरूपाण्यष्टौ प्रमाणानि धर्मनिरूपितानि ॥ –**जैमिनिन्यायमीमांसा**, २।१।२ – ३।

९५. **याज्ञवल्क्यस्मृतिः**, मिताक्षरी टीका १।१।

९६. तस्माच्छास्त्रं प्रमाणं ते कार्याकार्यव्यवस्थितौ।
ज्ञात्वा शास्त्रविधानोक्तं कर्म कर्तुमिहार्हसि ॥ **श्रीमद्भगवद्गीता**

९७. इज्याध्ययनदानानि तपः सत्यं धृतिः क्षमा।
अलोभ इति मार्गोऽयं धर्मस्याष्टविधः स्मृतः ॥

देखिन्छन् ।[९८] धर्मका यी आठ मार्गहरूको पनि विशिष्टीकरण गर्ने क्रममा पुनः नीतिशास्त्रमा भनिएको छ। नीतिशास्त्रले बताएका धर्मसम्बन्धी विषयमा धेरै नै मार्मिकता र यथार्थता रहे पनि धर्मको सम्बन्ध त शास्त्रसितै रहेको हुन्छ। यिनै शास्त्रभित्र नै साधारण, विशेष र परम धर्मको पनि पूर्वाधार निहित रहेको छ।

२.१० धर्मको अनादित्व

वेद, ईश्वर र धर्म अनादि हुन्। अनादि भएका कारण कुन अगाडि हो भन्ने प्रश्नै रहँदैन। अनादि हुनुका कारणले नै वेदलाई सनातन, सदातन भनिएको हो। जो अनादि र नित्य हुन्छ त्यसको नाश कहिल्यै हुँदैन। वेद भनेको ज्ञान हो र ज्ञान अविनाशी हुन्छ। सनातन वेदद्वारा प्रतिपादित धर्म भएको हुँदा हाम्रो धर्म पनि सनातन धर्म हो र यसको नाश कहिल्यै पनि हुँदैन। केवल चक्रवत् घुमिरहँदा कहिले ह्रास र कहिले वृद्धि जस्तो देखिने मात्र हो, नाश हुने चाहिँ होइन। जब जब धर्मको ग्लानि र अधर्मको वृद्धि हुन्छ तब तब धर्मरक्षा गर्न ईश्वर अवतार धारण गर्दछन् भन्ने उपदेश श्रीमद्‌भगवद्‌गीतामा भएको छ। यसले धर्मलाई नाश हुनबाट जोगाउने अभिभारा स्वयं ईश्वरले लिएको स्पष्ट हुन्छ।[९९]

२.११ धर्मका ज्ञापकत्व र कारक

भौतिक लोकको समृद्धि, परलोकमा निःश्रेयस्‌सिद्धि र साधनविधि, अनि धर्मको स्वरूप, धर्मको अनुष्ठान र धर्मानुष्ठानको प्रयोजन इत्यादि विषयको निरूपण गर्ने धर्मशास्त्रको अथदेखि इतिसम्म

---

९८. तत्र पूर्वश्चतुर्वर्गो दम्भार्थमपि सेव्यते।
उत्तरस्तु चतुवर्गो महात्मन्येव तिष्ठति॥

९९. यदा यदा हि धर्मस्य ग्लानिर्भवति भारत।
अभ्युत्थानमधर्मस्य तदात्मानं सृजाम्यहम्॥ श्रमिद्‌भगवद्‌गीता अ. श्लो. ४।७।
परित्राणाय साधूनां विनाशाय च दुष्कृताम्।
धर्मसंस्थापनार्थाय संभवामि युगे युगे॥

वर्णित विषयवस्तु पूरापूरा प्राणीमात्रको अभीष्टसाधक तत्त्व नै धर्म हो। वेदले उद्देश्य गरेर बताएको कुरो नै धर्म हो। वेदको अर्थ प्रतिपादन गर्ने शास्त्र धर्मशास्त्र हो। यो काम राम्रो र यो कर्म नराम्रो भनी कर्महरूको विवेचन– छानबिन गर्नका लागि धर्म र अधर्मको निरूपण गरिएको हो। जुन कर्म गर्नाले व्यक्ति, समाज तथा देशको भलाइ हुन्छ र अभीष्ट सम्पन्न हुन्छ त्यस कर्मलाई धर्म र यसको विपरीत कर्मलाई अधर्म भनिएको हो। धर्म भन्ने तत्त्व शरीरधारी जीवका लागि हो। जसरी प्राणतत्त्व नभई नहुने आवश्यक तत्त्व हो त्यसै गरी धर्म भन्ने तत्त्व पनि व्यक्ति, समाज, देश र विश्वकै लागि नभई नहुने अत्यावश्यक तत्त्व हो।

गाई, विप्र, वेद, सती, सत्यवादी, लोभरहित व्यक्ति र दानीहरूद्वारा पृथिवीको धारण गरिएको हुन्छ।[१००] धर्म, काम, काल, वसु र वासुकि तथा अनन्त र कपिल, यी सात तत्त्व धरणीधारक तत्त्व हुन्।[१०१] धर्म सम्पूर्ण जगत्को प्रतिष्ठा हो। धर्मिष्ठको समीपमा नै सर्वविध कल्याणको भावनाद्वारा प्रजा समर्पित हुन्छन्। धर्मद्वारा नै पापनाश हुन्छ। धर्ममा सबै प्रतिष्ठित हुन्छन्। धर्माचरणद्वारा नै सबैको सर्वविध उत्कर्ष हुन्छ, कल्याण हुन्छ। अतः धर्मशील मनीषी धर्मलाई सर्वश्रेष्ठ मान्दछन्।[१०२] प्राणीहरूको अभ्युदय र परमोत्कर्षरूप निःश्रेयस्‌सिद्धिका लागि धर्मको प्रवचन गर्ने परम्परा रहिआएको हो। त्यसकारण जसबाट वा जुनकर्मबाट वा जस्तो कर्म गर्नाले अभ्युदय र निःश्रेयस् सिद्ध हुन्छ त्यो नै धर्म हो।[१०३]

---

१००. गोभिर्विप्रैश्च वेदैश्च सतीभिः सत्यवादिभिः।
अलुब्धैर्दानशीलैश्च सप्तभिर्धार्यते मही॥ **स्कन्दपुराण,** काशीखण्ड, २। ९०॥

१०१. धर्मः कामश्च कालश्च वसुर्वासुकिरेव च।
अनन्तः कपिलश्चैव सप्तैते धरणीधराः॥ **महाभारत,** अनुशासनपर्व, १५०। ४९॥

१०२. धर्मो विश्वस्य जगतः प्रतिष्ठा लोके धर्मिष्ठं प्रजा उपसर्पन्ति।
धर्मेण पापमपनुदन्ति धर्मेण सर्वं प्रतिष्ठितम्॥
तस्माद्धर्मं परमं वदन्ति॥ **कृष्णयजुर्वेद** तैत्तरीययारण्यक १०। ६३॥

१०३. प्रभवार्थाय भूतानां धर्मप्रवचनं कृतम्।
यः स्यात् प्रभवसंयुक्तः स धर्म इति निश्चयः॥ **महाभारत** शान्तिपर्व, १०९। १०॥

धारण गरिनेलाई धर्म भनिन्छ। धारण गरिने हुनाले धर्म भनिएको हो।[१०४] मानवीय अस्तित्व र आदर्शको रक्षा गरेर मानवलाई अधोगतितर्फ जानबाट बचाउने तत्त्वलाई धर्म भनिएको छ। धर्मले नै सम्पूर्ण प्रजालाई धारण गरेको छ। अतः जसबाट धारण र पोषण सिद्ध हुन्छ त्यो नै धर्म हो।

सबैको अभ्युदय तथा निःश्रेयससिद्धिकारक तत्त्व र सबैलाई धारण गर्ने तत्त्व नै धर्म हो। अनेकतामा एकत्वको दर्शन नै परम तत्त्वको दर्शन हो। धर्म सार्वभौम सार्वकालिक र सबैका लागि हुन्छ। जसरी मनुष्यका रङ तथा आकृति, उँचाइ, तौल आदि भिन्न भिन्न हुन्छन्, तर पनि सबैको आकृतिको मूल स्वरूप एउटै हुन्छ, त्यसैगरी समयानुकूल तथा साधकको परिस्थिति र अधिकार अनुरूप भिन्न भिन्न रूप पनि हुन्छन्। युगअनुसारको विशेषधर्म हुन्छ। प्रत्येक वर्ण एवं आश्रमका भिन्न भिन्न धर्म हुन्छन्। प्रत्येकको अधिकारअनुसार भिन्न भिन्न धर्म हुन्छन्।

तीमध्ये समग्रमा मानवले गर्नुपर्ने कर्महरूमा नित्यकर्म, नैमित्तिककर्म, काम्यकर्म तथा सामान्यधर्म, विशेषधर्म र आपद्धर्म आदि पर्दछन्। नित्यकर्ममा स्नान, सन्ध्या, तर्पण, बलिवैश्वदेव, ब्रह्मयज्ञ आदि पर्दछन् भने नैमित्तिककर्ममा वर्षदिनभित्र पर्ने विभिन्न पर्व, उत्सव, व्रत, त्यौहार आदि पर्दछन् र काम्यकर्म अनिवार्य हुँदैन। सामान्यधर्ममा सत्य, अहिंसा, अपरिग्रह, सेवा, सन्तोष, मन तथा इन्द्रियसंयम, ईश्वरमा श्रद्धा आदि पर्दछन्। सामान्यधर्मभित्र पर्ने यी तत्त्वहरू सर्वसाधारण सबैले पालन गर्नैपर्दछ।

विशेषधर्ममा ब्राह्मण, क्षत्रिय, वैश्य, शूद्र आदि सबैको आआफ्नो वर्णअनुसार फरक फरक कृत्य हुन्छ। त्यसैगरी ब्रह्मचारी, गृहस्थ, वानप्रस्थ, सन्न्यासीको पनि आआफ्नो आश्रमअनुसारको धार्मिककृत्य हुन्छ। पुरुष तथा स्त्रीको पनि फरक फरक धार्मिककृत्य हुन्छ। बालक,

---

१०४. धारणाद् धर्ममित्याहुर्धर्मेण विधृताः प्रजाः।
यः स्याद् धारणसंयुक्तः स धर्म इति निश्चयः॥ पूर्ववत, १०१।११॥

युवा, वृद्ध आदिको पनि आआफ्नो शरीरको अवस्थाअनुसार फरक फरक धार्मिककृत्य हुन्छ। त्यस्तै माता, पिता, गुरु, शिष्य, भाइ, बहिनी, मित्र आदि सबैको आआफ्नो सम्बन्ध र स्थितिअनुसारको धार्मिककृत्य हुन्छ। सैनिक, प्रशासक, न्यायाधीश, वकिल, व्यापारी आदि सबैको पनि आआफ्नो मर्यादा, दायित्व र परिस्थितिअनुसार फरक फरक धार्मिककृत्य हुन्छ। आआफ्नो पद र स्थितिअनुसार सबैको विशेषधर्म निर्धारित हुन्छ र त्यसलाई पालन गर्नै पर्दछ। आपद्धर्म भने धर्मरक्षार्थ कर्तव्य हो धर्म होइन। अत्यन्त विपत् पर्दा केवल प्राणरक्षा गर्नका लागि दिइने केही छुट वा शिथिलता मात्र हो।

त्यसै गरी नित्य,[१०५] नैमित्तिक, काम्य र आपत्, यी चार पनि धर्मकै प्रकार हुन्। **नित्य**– नियमित रूपमा सधैँ गरिने वा गर्नैपर्ने कर्मलाई नित्यकर्म भनिन्छ। **नैमित्तिक**– प्रत्येक वर्ष विशेष पर्व वा अवसरमा गरिने कर्म नै नैमित्तिक कर्म हो। **काम्य**– कुनै विशेष कामना वा उद्देश्य लिएर गरिने कर्मलाई काम्यकर्म भनिन्छ। **आपत्**– सङ्कटका क्षणमा वा आपत्तिविशेषका परिस्थितिमा गर्नुपर्ने धर्म आपद्धर्म हो। आपत्का अवस्थामा सामान्य र विशेषधर्म पनि छुट्न सक्छन्।[१०६]

(क) कर्म

नित्य, नैमित्तिक, काम्य कर्महरूमध्ये नित्यकर्म भन्नाले बिहान उठेदेखि बेलुका नसुतुन्जेल गर्नैपर्ने, नगरेमा प्रायश्चित्त लाग्ने र पतित हुने कृत्यहरूलाई जनाउँछ। स्नान, सन्ध्या, जप, देवपूजन, बलिवैश्वदेव र

---

१०५. सन्ध्या स्नानं जपो होमः स्वाध्यायो देवतार्चनम्।
वैश्वदेवं तथातिथ्यमुद्धृतं चापि शक्तितः ॥
पितृदेवमनुष्याणां दीनानाथतपस्विनाम्।
मातापितृगुरुणां च संविभागो यथार्हतः ॥ **दक्षस्मृतिः**, ३। ८ – ९।

१०६. राजबली पाण्डेय, **हिन्दुधर्मकोश**, उत्तरप्रदेश हिन्दी संस्थान, लखनऊ, भारत, २००३, **पृ. ३३९।**

अतिथि सत्कार यी छ कर्महरू प्रतिदिन गर्नैपर्छ।[१०७] सन्ध्योपासन गर्दा तिलक र जनै हुनु नै पर्दछ, शिखा पारेकै हुनुपर्दछ र पवित्र धारण गर्नैपर्दछ। सकेसम्म बिहान, मध्यान्ह र सायंकालमा नसके बिहान र बेलुका सन्ध्या गर्नु द्विजातिको अनिवार्य कर्तव्य नै हो।

(ख) पञ्च महायज्ञ

(१) ब्रह्मयज्ञ-(नित्य वेद अध्ययन-अध्यापन),(२) देवयज्ञ-(नित्यहवन), (३) पितृयज्ञ- (तर्पणादि), (४) नृयज्ञ- (अतिथि सत्कार) (५) भूतयज्ञ- (पिपीलिकादि प्राणीहरूलाई अन्नदान, बलिवैश्वदेव-सम्पूर्ण पञ्चमहायज्ञको स्वरूप), गर्नुपर्छ। यी पञ्चयज्ञ गर्नाले अज्ञानवश गरेका र पञ्चसूनाहरूबाट उत्पन्न हुने पापादिदोष निवारण हुन्छ। पञ्चसूना यसप्रकार छन्- चूल्हो, जाँतो, सिलौटो, ओखल र गग्रेटो- पानी भरेको गाग्री राख्ने ठाउँ आदि हुन्।[१०८] यी पञ्चसूनाजन्य दोषनिवारणका लागि गृहस्थले पञ्चमहायज्ञ गर्नैपर्छ।

(ग) कर्माधिकारिता

नित्यकर्म नगर्ने यजमान र पुरोहित यी दुवै प्रायश्चित्तका भागी र पतित हुन्छन्। प्रायश्चित्त गर्नुपर्ने र पतित भएको व्यक्तिले दिएको अन्न, जल र अन्य पूजाका सामग्रीहरू देवता र पितृले स्वीकार नगर्ने भएकाले धार्मिक कृत्य गर्ने र गराउने दुवै व्यक्तिले नित्यकर्म गरेकै हुनुपर्दछ।

---

१०७. स्नानं सन्ध्या जपश्चैव देवतानाञ्च पूजनम्।
वैश्वदेवं तथाऽऽतिथ्यं षट्कर्माणि दिने दिने॥ **पराशरस्मृतिः।**

१०८. पञ्चसूना गृहस्थस्य, चुल्ली पेषण्युपस्करः।
कण्डनी चोदकुम्भश्च बध्यते यास्तु वाहयन्॥
तासां क्रमेण सर्वाषां निष्कृत्यर्थं महर्षिभिः।
पञ्च क्लृप्ता महायज्ञाः प्रत्यहं गृहमेधिनाम्॥
अध्यापनं ब्रह्मयज्ञः पितृयज्ञस्तु तर्पणम्।
होमो दैवो बलिर्भौतो नृयज्ञोऽतिथिपूजनम्॥ **मनुस्मृतिः ३।६८-७०।**

शास्त्रविहित कर्म नगर्दा र शास्त्रविपरीत कर्म गर्दा मानिस प्रायश्चित्ती हुन्छ। अतः नित्यकर्म गरेकै हुनुपर्छ। यो जीवनको प्रवेशद्वार हो।

सन्ध्योपासन नगर्ने, वेद नपढ्ने, भक्ष्याभक्ष्यको विचार नगर्ने, शिखा- टुप्पी नराख्ने, जनै नलगाउने ब्राह्मण धार्मिक कृत्यमा अयोग्य हुन्छ। त्यसैगरी आफ्नो मर्यादा र कुलपरम्पराबाट च्युत भएको कर्ता अर्थात् यजमान पनि दैव र पैत्र्य कृत्यका लागि अयोग्य नै ठहरिन्छ।

३ आचार

वैदिक सनातनधर्मको मूल प्राण आचार विचार र सदाचारयुक्त व्यवहार हो। त्यसैले त्यसको प्रमुखताका विषयमा यहाँ उल्लेख गरिएको छ।

३.१ सदाचार

ब्रह्ममुहूर्तमा उठेर गरिने प्रातःस्मरण, ब्रह्मचिन्तन, षट्चक्रचिन्तन, करदर्शन, भूमिस्पर्श, शौचाचार, नित्यस्नान, सन्ध्योपासन,[१०९] देवपूजनादिकृत्य, पितृयज्ञ, आदि शास्त्रसम्मत कर्मसहितको दिनचर्यालाई नै सदाचारको स्वरूप मानिएको छ। यस विषयलाई एकवाक्यमा भन्नुपर्दा वेद, स्मृति, पुराण र आप्तपुरुषले गर्नू भनेर निर्देश गरेको कर्म गर्नु सदाचारको स्वरूप हो। नगर्नू भनेर निर्देशन गरेको कर्म गर्नु दुराचारको स्वरूप हो। अतः ज्ञानविज्ञान समन्वयवादको सिद्धान्तलाई साधनका रूपमा सिद्धान्ततः स्वीकार गरेर मानवमात्रले कृत्रिमता अथवा विकारदेखि माथि उठेर सर्वोच्च संवित्रूप सत्यलाई स्वाभिन्नरूपले नस्वीकारेसम्म मानवमात्र निर्भय हुन सक्दैन। धारण गर्नयोग्य उत्तम सिद्धान्त र त्यसद्वारा निर्दिष्ट कर्म वेदले बताएको सदाचार र यज्ञादि कर्म गर्नु नै धर्म हो।

---

१०९. सन्ध्याहीनोऽशुचिर्नित्यमनर्हः सर्वकर्मसु॥
यदन्यत् कुरुते कर्म न तस्य फलमश्नुते॥ -दक्षस्मृतिः, २।१९ - २०।

मन, वचन र शरीर, यी तीन साधनबाट सम्पन्न हुने सत्साध्य- असल कर्मलाई आचार भनिन्छ। असत्साध्य- खराब कर्मलाई दुराचार भनिन्छ। त्यस आचारले सुफल अर्थात् परमगति दिन्छ भने त्यसलाई परमधर्म भनिन्छ।[११०] आचार र अनाचार तथा कर्म र अकर्मको विवेचनका निमित्ति धर्म र अधर्मको निरूपण भएको हो। ती धर्म र अधर्मका साथै सुखः-दुःख, शान्ति-अशान्ति, समृद्धि-असमृद्धि आदि द्वन्द्वहरूको संयोग पनि भएको हो।[१११]

शास्त्रनिषेधित पदार्थहरू- मद्य- (जाँड, रक्सी आदि), मांस- (मासु, माछा, अण्डा आदि), च्याउ, लसुन, प्याज आदि सूर्तिजन्य पदार्थ- (खैनी, चुरोट, गुट्का आदि), वस्तु को सेवन नगर्नु, दुर्व्यसनमा नपर्नु, दुष्कर्मद्वारा अर्थोपार्जन नगर्नु भन्ने शास्त्रले निर्देश गरेको छ।

शास्त्रनिर्दिष्ट कर्म- नित्य, नैमित्तिक कर्म अनिवार्य गर्नु, स्वाध्यायमा लाग्नु, अर्काको भलो चिताउनु, सत्य बोल्नु, यथाशक्ति दान गर्नु, ईश्वर र स्वधर्ममा आस्था राख्नु आदि शास्त्रले निर्देश गरेका असल कर्महरू आचारभित्र पर्दछन्। कुनै पनि धार्मिक कार्यमा दीक्षित हुन चाहने व्यक्ति सर्वप्रथम आचारनिष्ठ हुनैपर्दछ। किनभने अनाचारी व्यक्तिद्वारा गरिएको देव तथा पितृकर्म निष्फल नै हुन्छन्। अर्थात् अनाचारी व्यक्तिलाई वेदले पनि शुद्ध गराउन सक्तैन।[११२]

वेदादि शास्त्रले बताएको मुख्य धर्म भनेकै आचार हो।.[११३] त्यसैले आत्मज्ञानी बन्न आचारवान् हुनै पर्दछ। आचारबाट भ्रष्ट भएको व्यक्तिले वेदादि शास्त्रबाट प्राप्त हुने फल पनि पाउँदैन। आचारयुक्त व्यक्तिले त

---

११०. (क) आचारः परमो धर्मः।
(ख) आचारप्रभवो धर्मः ... विष्णुसहस्रनामस्तोत्रम्, श्लो. १३७।

१११. कर्मणां तु विवेकार्थं धर्माधर्मौ विवेचयत्।
द्वन्द्वोऽजयच्चेमाः सुखदुःखादिभिः प्रजाः॥

११२. आचारहीनं न पुनन्ति वेदाः॥ देवीभागवत अ. २, श्लो. १।

११३. सर्वागमानामाचारः प्रथमं परिकल्पते।
आचारप्रभवो धर्मो धर्मस्य प्रभुरच्युतः विष्णुसहस्रनामस्तोत्रम्, श्लो. १३७।

वेदबाट प्राप्त गर्न सकिने सम्पूर्ण फल प्राप्त गर्दछ।[११४] धर्माचरण गर्दा वा अन्य सामाजिक जुनसुकै कर्म गर्दा पनि हामीले गरेका कर्मलाई देखिरहने तत्त्वहरू हुन्छन्। त्यस्ता तत्त्वहरूमा सूर्य, चन्द्र, अग्नि, आकाश, वायु, इन्द्रिय, सन्ध्या, अहोरात्र, दिशा, जल, पृथ्वी, काल र धर्म आदि हुन्। यी सबै देहधारीले गरेका कर्मका साक्षी हुन्।[११५]

कुनै पनि व्यक्ति आध्यात्मिक क्षेत्र वा धार्मिक क्रियाकलापमा आफूलाई संलग्न गराउन चाहन्छ भने सबभन्दा पहिला ऊ आफैँ आचारवान् हुनुपर्दछ।[११६] यसको अर्थ धार्मिक क्षेत्रमा मात्रै आचारको र आचरणको महत्त्व बताउन खोजिएको भने कदापि होइन। शुद्ध आचार विचारयुक्त राजनीति, व्यापार, उद्योग, शिक्षा आदि सबै नै राष्ट्रोन्नतिका असल पहिचान हुन्।

सनातन वैदिक आर्यधर्मअनुकूल गरिने आचरणहरूमा आहारशुद्धिलाई विशेष र सर्वाधिक महत्त्व दिइएको छ। किनभने आहारशुद्धि भएपछि अन्तःकरण शुद्ध हुन्छ। त्यसले निश्चल स्मृति दिन्छ। जसले सम्पूर्ण भवग्रन्थीहरूबाट निवृत्ति दिन्छ, मुक्ति दिन्छ। त्यसैले खानपान सात्विक हुनुपर्छ। राजस र तामस भोजनले उत्तरोत्तर आसुरी स्वभाव निर्माण हुन्छ। अतः आचारनिष्ठ व्यक्ति समाजको गहना

---

११४. आचारः परमो धर्मः श्रुत्युक्तः स्मार्त एव च।
तस्मादस्मिन् सदा युक्तो नित्यं स्यादात्मवान् द्विजः॥
आचाराद् विच्युतो विप्रो न वेदफलमश्नुते।
आचारेण तु संयुक्तः सम्पूर्णफलभाग् भवेत्॥ **मनुस्मृतिः।**

११५. सूर्योऽग्निः खं मरुद् गावः सोमः सन्ध्याहनी दिशः।
कं कुः कालो धर्म इति ह्येते दैह्यस्य साक्षिणः॥ **श्रीमद्भागवतमहापुराणम्,** ६।१।४२।

११६. आचाराल्लभते ह्यायुराचारादीप्सिताः प्रजाः।
आचाराद्धनमक्षयमाचारो हन्त्यलक्षणणम्॥
दुराचारो हि पुरुषो लोके भवति निन्दितः।
दुःखभागी च सततं व्याधितोऽल्पायुरेव च॥ **मनुस्मृतिः॥**

हो, उदाहरण हो। यो लोकमा मात्रै होइन परलोकमा पनि उसको छुट्टै अस्तित्व र वैशिष्ट्य रहने कुरामा सम्पूर्ण शास्त्र प्रमाण छन्।[११७]

३.२ महाजनको परिभाषा

महाजनको प्रसङ्गमा यहाँ चार प्रकाका विद्या बताइएको छ।

(१) आन्वीक्षिकी (२) त्रयी (३) वार्ता (४) दण्डनीति।[११८] **आन्वीक्षिकी**– आत्माको स्वरूपको अन्वेषण गर्ने विद्या, यही आन्वीक्षिकी विद्या सबै धर्मको आश्रय हो, सबै कर्मको उपाय हो र अन्य विभिन्न विद्याहरूको प्रकाशक– दीपस्वरूप हो, यो वस्तुतः सबै व्यवहारमा हेतु रूपमा रहेको छ, सुख, दुःखको यथार्थ स्वरूपज्ञान यसैबाट गर्न सकिन्छ। **त्रयी**– तिनवटै वेदको यथार्थ ज्ञान, तदनुसार क्रियात्मक व्यवहारज्ञान गर्ने व्यक्ति नै यसको ज्ञाता कहलिन्छ र ऊ नै धर्म, अधर्मका विषयमा साँचो निर्णय लिन सक्षम हुन्छ। **वार्ता**– कृषि-कर्म, गोपालन, वाणिज्य-व्यवसाय आदि लौकिक अर्थसम्बद्ध विषयको ज्ञान नै वार्ताशास्त्र हो। **दण्डनीति**– यसमा रक्षा र दमन दुबै निहित रहन्छ। यसरी यी चारप्रकारका विद्याको चर्चा गरिएको छ। यी चारै प्रकारका विद्याको ज्ञान गरेको मनुष्यले मात्र मनुष्य जातिको हित सिद्ध गर्न सक्छ। यति जानेर तदनुसार क्रियात्मक रूपमा यी सबै विद्याको ज्ञान व्यवहारमा प्रयोग गर्नसक्नेलाई मात्र महाजन भनिएको छ। यसप्रकार सर्वविध विज्ञ व्यक्तिको नेतृत्वमा चल्ने समाज व्यवस्थित हुन्छ।

श्रुति, स्मृति र पुराण[११९]को पूर्ण सम्मान गर्ने व्यक्ति मात्र शिष्ट मानिन्छ। सत्त्व, रज र तम, यी त्रिगुणमध्ये यथाक्रम पूर्वपूर्व गुणका अनुयायीहरू शिष्ट मानिन्छन्।[१२०] वेदवेदाङ्गशास्त्र राम्ररी पढेको र

---

११७. आहारशुद्धौ सत्वशुद्धिः, सत्वशुद्धौ ध्रुवा स्मृतिः। ... छान्दोग्य उपनिषद् ७। २६। २।
११८. आन्वीक्षिकी त्रयी वार्ता दण्डनीतिश्च शाश्वती ॥
११९. इतिहासपुराणाभ्यां वेदं समुपवृंहयेत्।
१२०. ऊर्ध्वं गच्छन्ति सत्वस्था मध्ये तिष्ठन्ति राजसाः।

यथाशक्ति तदनुसार व्यवहार गर्ने व्यक्ति नै महाजन[१२१] मानिन्छ। धर्मभित्रका जीवनोपयोगी सारतत्त्वको सम्यक् बोध गरेर तदनुसार जीवन जिउने र आफूले गर्ने सकारात्मक अपेक्षाजस्तै अरूलाई पनि तदनुसार सम्मान र आदर गर्ने हाम्रो जीवनपद्धति हो।[१२२] परिवार, समाज, देश र विश्वकै सञ्चालक, उच्चपदाधिकारी, सर्वोच्च अधिकारी आदिले गर्ने आचरण, शिष्टाचार, सदाचार, व्यवहार आदिलाई हेरेर सोहीअनुसार अन्य सर्वसाधारण सबैले उनीहरूको अनुकरण, अनुसरण गर्दछन् र यसले गर्दा सर्वसाधारणजन पनि स्वतः सदाचारी हुन्छन्। अतः अग्रपङ्क्तिमा रहेर समाजको नेतृत्व गर्ने व्यक्तिमा सदाचार प्रथम र अनिवार्य आवश्यक हुन्छ।[१२३] यसरी यही परम्परामा रहेर आफूभन्दा ज्येष्ठ र वृद्धजनलाई अभिवादन गर्दा आयु, विद्या, यश र बल वृद्धि हुन्छ[१२४] भन्ने शिष्टपरम्पराको अनुयायी महाजन हुनसक्छ।

सम्प्रति धर्मशास्त्रको आदेशको अवहेलना गरेर आजको भौतिकवादको चपेटामा परेका गैरधार्मिक दुष्परिणामका रूपमा परिवारका वृद्ध माता, पिता आदिको अवहेलना, अपमान र उत्पीडन गरेका घटनामा दिनानुदिन वृद्धि भइरहेको छ। श्रुति, स्मृति, पुराण आदिले निर्देश गरेको आचरणका विरुद्ध वा वेद, वेदाङ्ग, स्मृतिविरुद्ध तथा स्वशाखा, श्रुति, सूत्र विरुद्ध[१२५] आचरण गर्ने व्यक्ति धनधान्यसम्पन्न भए पनि उसलाई शिष्ट वा महाजन भनेर मान्न मिल्दैन। त्यस्ता व्यक्तिले

जघन्यगुणवृत्तिस्था अधो गच्छन्ति तामसाः ॥ **गीता, १४।१८।**

१२१. महाजनो येन गतः स पन्थाः।

१२२. श्रूयतां धर्मसर्वस्वं श्रुत्वा चाप्यवधार्यताम्।
आत्मनः प्रतिकूलानि परेषां न समाचरेत्॥ **विष्णुधर्मोत्तरपुराण, ३।२५५।४४।**

१२३. यद्यदाचरतिश्रेष्ठस्तत्तदेवेतरो जनाः॥

१२४. अभिवादनशीलस्य नित्यं वृद्धोपसेविनः।
चत्वारी तस्य वर्द्धन्ते आयुर्विद्या यशो बलम्॥

१२५. "यद्यपि शुद्धं लोकविरुद्धं नाऽऽचरणीयम्" भन्दै धर्मशास्त्रका मान्यता विरुद्ध जानेलाई महाजन भन्न मिल्दैन।

गरे/गराएका र चलाएका कुरालाई शिष्टाचार परम्पराप्राप्त कुरा वा महाजनानुसृत पन्था भन्न मिल्दै मिल्दैन। तसर्थ धर्माचरण गर्ने सदाचारी महापुरुषलाई नै महाजन भनिएको हो। यसका परम प्रमाण श्रुति र तन्मूलक स्मृति–पुराण नै हुन्।[१२६]

३.३ धर्मपालनफल

सबै प्राणी सुख[१२७] चाहन्छन्। धर्माचरणको फलस्वरूप नै सुखप्राप्ति सम्भव हुन्छ। अतः सबै वर्णद्वारा प्रयत्नपूर्वक धर्मपालन, कर्तव्यपालन गर्नुपर्दछ।[१२८] वेदादिमा विधान गरिएका कर्महरू धर्म हुन्। त्यस विपरीतका सबै अधर्म हुन्। स्वयंप्रकाश नारायण भगवान्को साक्षात् स्वरूप हो वेद।[१२९] प्रवृत्ति र निवृत्ति, यी दुई प्रकारका वैदिक कर्म छन्। प्रवृत्तिको फलस्वरूप व्यक्तिले पुनर्भव प्राप्त गर्छ र निवृत्तिको फलस्वरूप व्यक्तिले अपुनर्भवरूप–अमृतत्त्व संज्ञक मोक्ष लाभ गर्दछ।[१३०]

विनासाधन साध्य सिद्ध हुन सक्तैन। धर्म एक अनुपम साधन हो र धर्मले नै पृथ्वीको धारण र प्राणीको पालन पनि गरेको छ। भगवान् सूर्यले धार्मिक व्यक्तिले विधिपूर्वक प्रदान गरेको आहुतिलाई स्वीकार गरी त्यसलाई संवर्द्धन समेत गरेर वर्षा हुन्छ र शस्यश्यामला पृथ्वीबाट

---

१२६. "येनाऽस्य पितरो याता" भन्दै धर्मशास्त्रका मान्यता विरुद्ध जानेलाई महाजन भन्न मिल्दैन॥

१२७. सुखं वाञ्छन्ति सर्वे हि तच्च धर्मसमुद्भवम्।
तस्माद् धर्मः सदा कार्यः सर्ववर्णैः प्रयत्नतः॥ **दक्षस्मृतिः**, ३। २३।

१२८. सुखं वाञ्छन्ति सर्वे हि तच्च धर्मसमुद्भवम्।
तस्माद्धर्मः सदा कार्यः सर्ववर्णैः प्रयत्नतः॥ **दक्षस्मृतिः, ३। ३३॥**

१२९. वेदप्रणीहितो धर्मो ह्यधर्मस्तद्विपर्ययः।
वेदो नारायणः साक्षात् स्वयम्भूरिति शुश्रुम॥**श्रीमद्भागवतमहापुराणम्, ६। १। १०॥**

१३०. प्रवृत्तं च निवृत्तं च द्विविधं कर्म वैदिकम्।
आवर्तेत प्रवृत्तेन निवृत्तेनाश्नुतेऽमृतम्॥ **पूर्ववत्, ७। १५। ४७॥**

प्राप्त औषधिको रस पुरुषको शुक्र- वीर्यरूपमा परिणत हुन्छ र त्यसबाट जगत्- मानवादिको उत्पत्ति हुन्छ।

प्रत्येक वस्तुको रचना भगवान्ले निश्चित प्रयोजनका लागि गरेका हुन्छन्। त्यो प्रयोजनपूर्ति गर्नु नै त्यस वस्तु, तत्त्व वा प्राणीको धर्म हो। आआफ्नो धर्मअनुसार जसरी सूर्य आदिले आआफ्नो धर्म पालन गरेका छन् त्यसैगरी प्राणीमात्रको कल्याण गर्दै वेदादिमा विहित आचारद्वारा जनसमुदायको कल्याण गर्नु नै मानवको धर्म हो। वर्णाश्रमधर्म आत्मोन्नतिका लागि अतीव आवश्यक छ। जुन वर्ण र जुन आश्रमका लागि जुन धर्म वेदादिमा विहित छ त्यसको परिपालन गर्नु आचरण गर्नु उसको अनिवार्य कर्तव्य हो। किनभने धर्म भगवान्को स्वरूप हो। आआफ्नो निर्धारित धर्माचरणद्वारा भगवान्को स्वरूप हाम्रो हृदयमा प्रकाशित हुन्छ। यसबाट साँचो आनन्द प्राप्त हुन्छ।

यो सम्पूर्ण सृष्टिको मूल आधार धर्म हो। धर्मकै कारणले विश्व ब्रह्माण्डको सृष्टि भएको छ। सृष्टिको मूल कारण- पृथ्वी, जल, तेज, वायु, आकाश यी पञ्चतत्त्वमा आ-आफ्नै आकाशीय पिण्डमा आफ्नो आकर्षण शक्तिरूप धर्मले नै समस्त विश्वको परिकल्पना हुन सकेको हो। त्यसैले धर्म त्यस्तो अपरिहार्य र विश्वपरिपालक तत्त्व हो जसको संरक्षण तथा परिपालन भएमा जीवन र जगत् दुवै सुरक्षित र परिपालित हुन्छन्। धर्मको यही विशेषता र मर्मलाई अपरिहार्य मानिन्छ।

दिवङ्गत मनुष्यका लागि धर्म मात्रै एउटा हितकारी बन्धु हो। अत्यन्त स्नेह र मायाद्वारा परिपालित एवं सुरक्षित स्त्री वा पुरुष र धन पनि सधैं आत्मीय बन्दैनन् भने यिनीहरूलाई वशमा राख्न त झनै गाह्रो छ। अतः निरन्तर प्रगति गरिरहेका मानवसमुदायको बुद्धि धर्ममा लागिरहोस् भन्ने भाव मान्यजनद्वारा शुभाशीवार्द प्रदान गर्दा व्यक्त गरिन्छ।[१३१] त्यसैगरी काम, भय र लोभको कारणले पनि धर्म छोड्नु

१३१. धर्मे मतिर्भवतु वः सततोत्थितानां

हुँदैन किनभने धर्म नित्य छ, सुख र दुःख अनित्य छ, जीव- जीवात्मा नित्य छ, यसको साधनभूत शरीर भने अनित्य छ। त्यसैले धर्ममा लागिरहनुपर्दछ भन्ने आशीष दिइन्छ।[१३२]

४ सनातनधर्ममा क्रियात्मक बोध

वैदिक सनातनधर्मको बोध गर्नु र त्यसलाई क्रियात्मक रूपमा आचारणमा ल्याउनु सबै सनातनीहरूको परम कर्तव्य हो। त्यसैले त्यसको बोध गर्ने विषय यहाँ उल्लेख्य रहेको छ।

४.१ धर्मबोध आवश्यक

शास्त्रको अध्ययन नभएको मानिस अन्धो नै हुन्छ। अरू त के बाहिरी आँखाले देखिने स्थूलपदार्थ पनि साधनको अभावमा दुर्गम्य नै बन्दछन्। आँखाले देखिने स्थूलपदार्थ, त्यसमा पनि आफ्नो शरीरको उत्तम अङ्ग शिर, त्यसमा पनि अग्रभाग- अगाडिको भाग र त्यसमा पनि मुहार- अनुहार जस्तो पदार्थ त देख्न नसक्ने मानिसले धार्मिक विज्ञानको सहारा नलिई अरू कुरा वा पुरुषार्थसिद्धिका साधनहरूको बोध कसरी गर्न सक्ला र ? अवश्य सक्दैन। त्यसैले अध्यात्मतत्त्वको बोध गर्न, पुरुषार्थ सिद्ध गर्न, जीवनलाई शान्त र सुखमय बनाउन अनि व्यवस्था र जनसमाजको प्रवृत्तिलाई सुव्यवस्थित बनाउन धार्मिक विज्ञानको बोध अवश्य हुनै पर्दछ। धार्मिक विज्ञानको सम्यक् बोध गरी यसले निर्देश

स ह्येक एव परलोकगतस्य बन्धुः।
अर्थाः स्त्रियश्च निपुणैः परिसेव्यमाना
नैवाप्रभावमुपयान्ति कुतो वशित्वम्॥

१३२. न जातु कामान्न भयान्न लोभात् धर्मं न जह्याज्जीवितस्यापि हेतोः।
धर्मो नित्यः सुखदुःखे त्वनित्ये जीवो नित्यो हेतुरस्य त्वनित्यः॥

गरेको स्वधर्मको परिचालन गरेको खण्डमा ऐहलौकिक सुखसमृद्धि र पारलौकिक आत्यन्तिक सुखानुभूति एवं आनन्द पनि प्राप्त हुन्छ।[133]

४.२ धर्मबोध र धर्मविज्ञानको कार्यक्षेत्र

धार्मिक विज्ञान उत्कृष्ट अद्वितीय र चरमकोटिमा पुगेको विज्ञान हो। यस विज्ञानले मनोवृत्ति, अन्तःकरणको[134] शुद्धिसम्पादन क्षमताको सिर्जना, स्थूलशरीर, सूक्ष्मशरीर र कारणशरीर गरी यी तीन प्रकारका शरीरहरूलाई स्वस्थ तुल्याउन, मर्यादाको परिपालना गर्ने प्रवृत्तिको सिर्जना गर्न, पर्यावरण स्वच्छ पार्न, शस्यश्यामला पृथिवीको सम्पादन गर्न, देवता र पितृहरूलाई तृप्त पार्न, भूत, प्रेत पिशाच आदि अनिष्टकारक तत्त्वहरूको निराकरण गर्न, दैवी, आध्यात्मिक र आधिभौतिक विप्रतिपत्ति- विरोधहरूको निराकरण गर्न, दैवी अनुग्रह प्राप्त गराउन, पितृहरूको अनुग्रह प्राप्त गराउन, भूत, प्रेत, पिशाच आदि अनिष्टकारक तत्त्वहरूको अनुग्रह प्राप्त गराउन पनि उल्लेख्य भूमिका निर्वाह गरेको हुन्छ। यस विज्ञानले प्राणीका लागि सचेतन, अचेतन, स्थावर र जङ्गम सारा जगत्को अनुग्रह प्राप्त गराउँछ। अचेतन र सचेतन सारा समाजबाट हुनसक्ने र हुनजाने विप्रतिपत्ति- विरोधहरूको निराकरण पनि यसले गर्दछ। यो विज्ञान पुरुषार्थसिद्धिको साधन भएकाले यसले सारा अनिष्टहरूको निराकरण गरी ऐहलौकिक- यस लोकको सुख, शान्ति र समृद्धि आदि प्राप्त गराउदैं परलोकको निश्रेयस्- अनन्त सुख तथा आनन्द समेत प्राप्त गराउँछ। यस विज्ञानले सारा प्रतिकूल परिस्थितिको निराकरण गरी चाहना गरेका सारा अभीष्ट वस्तुहरू उपलब्धि हुन सक्ने अनुकूल परिस्थितिको सिर्जना गर्दछ र

---

१३३. स्वधर्मनिष्ठः शतजन्मभिः पुमान्
विरिञ्चितामेति ततः परं हि माम्। इति।
श्रुतिस्मृत्युदितं कर्म अनुतिष्ठन् हि मानवः।
इह कीर्तिमवाप्नोति प्रेत्य चानुत्तमां गतिम्॥ **भगवान्को वचन व्यासको वाक्यमा**

१३४. अन्तःकरणचतुष्टयो मनः, बुद्धिः, चित्तम्, अहङ्कारः।

प्राणीमात्रले उपभोग गर्ने उपभोग्य पदार्थहरूको पनि उपलब्धि गराउँछ। साथै यस विज्ञानले प्राणीमात्रमा हुने आतङ्क उत्पादक सारा अनिष्ट गतिविधिहरूको निवारण गर्दछ।

५ सनातनधर्मको मूल वर्णाश्रम

वैदिक सनातनधर्मको मूल वर्णाश्रम धर्ममा निहित रहेको छ। त्यसैले त्यस सम्बन्धमा यथार्थ हुनु सबै सनातनीका लागि परम आवश्यक छ।

५.१ वर्णव्यवस्था र तिनका कामकर्तव्य

सनातन वैदिक धर्मशास्त्रले वर्णधर्म, आश्रमधर्म, वर्णाश्रमधर्म, निमित्तधर्म, गुणधर्म र साधारणधर्महरूको उपदेश गरेको छ। धर्म, कर्म-काम-कर्तव्यलाई आधार मानेर ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्रसमेतका चार वर्णहरूको व्यवस्था शास्त्रले गरेको छ। किन भने सनातन सिद्धान्त अनुसार पूर्वकर्मानुरूप जन्म हुन्छ, जन्मनियन्त्रित वर्ण हुन्छ, वर्णनियन्त्रित आश्रम हुन्छ र वर्णाश्रमनियन्त्रित कर्म हुन्छ।[१३५] चारवर्णमध्ये ब्राह्मण, क्षत्रिय र वैश्यलाई द्विज भनिन्छ। आमाको गर्भबाट पहिलो जन्म र उपनयन आदि संस्कारबाट दोस्रो जन्म हुने भएकाले तिनलाई द्विज भनी निरूपण गरिएको छ। जसरी गाईको जन्म गाईबाटै हुन्छ, सिंहको जन्म सिंहबाटै हुन्छ, बृक्षको जन्म बृक्षबाटै हुन्छ, त्यसैगरी चतुर्वर्ण पनि जन्मबाटै निर्धारित हुन्छ, तर उसले तदनुकूल कर्म गरेमा उसको वर्ण उद्दीप्त हुन्छ, अन्यथा विलुप्त हुन्छ।

ब्राह्मण आदि वर्णहरूको धर्म तथा कर्तव्य यसरी निर्धारण गरिएको छ– ब्राह्मणको कर्तव्य- यज्ञ गर्नु, गराउनु, दान लिनु, दिनु, अध्ययन गर्नु, गराउनु,यी षट् कर्म प्रधान कर्तव्य हुन्। क्षत्रियको कर्तव्य- यज्ञ गर्नु,

---

१३५. चातुर्वर्ण्यं मया सृष्टं गुण-कर्म-विभागशः।
तस्य कर्तारमपि मां विद्ध्यकर्तारमव्ययम्॥ **-गीता** ४।१३

अध्ययन गर्नु, दान दिनु, प्रजाको रक्षा गर्नु यी प्रधान कर्म हुन्। वैश्यको कर्तव्य- यज्ञ गर्नु, अध्ययन गर्नु, दान दिनु, व्यापार, खेती, पशुपालन आदि कर्मद्वारा धनार्जन गर्नु प्रधान कर्तव्य हुन्। सेवा गर्नु शूद्रवर्णको धर्म तथा कर्तव्य हो। त्यसबाट जीवननिर्वाह हुन नसके प्राणी तथा राष्ट्रको हित चाहँदै व्यापार तथा विविध प्रकारका शिल्पद्वारा जीवनयापन गर्नु पनि शूद्रवर्णलाई शास्त्रले निर्देश गरेको छ।[१३६]

स्वभावबाट उत्पन्न हुने गुण अनुरूपका ब्राह्मण आदिवर्णका कर्तव्यहरूको उपदेश श्रीमद्भगवद्गीताले पनि गरेको छ। यस अनुसार शम, दम, तप, शौच, क्षान्ति, ऋजुता, ज्ञान, विज्ञान, आस्तिक्य आदि ब्राह्मणवर्णका कर्तव्य हुन्। शौर्य, तेज, धैर्य, दक्षता, युद्धबाट नभाग्नु, दान गर्नु आस्तिक भाव राख्नु आदि क्षत्रियका कर्तव्य हुन्। वैश्यका कर्तव्यमा कृषि, गोरक्षा, वाणिज्य आदि पर्छन् भने शूद्रवर्णको कर्तव्य सेवा गर्नु हो। यसरी शास्त्रले प्रत्येक वर्णका धर्म[१३७] तथा कर्मका सम्बन्धमा व्यवस्था मिलाएको छ।

ब्राह्मण भन्नाले ब्रह्म अर्थात् वेदका विशिष्ट ज्ञाता भन्ने बुझिन्छ। त्यो विशिष्ट सम्बन्ध वेदको अध्ययन, अध्यापन र अनुसरण गर्नु नै हो। वेद पढ्ने र वैदिक यज्ञ गर्ने शास्त्रीय अधिकार शुद्धकुलीन सुसंस्कृत क्षत्रियलाई र त्यस्तै वैश्यलाई समेत भए पनि वेद पढाउने र यज्ञ गराउने अधिकार मुख्यतया ब्राह्मणहरूलाई मात्रै छ। ब्राह्मणहरूले वेदाध्ययन गर्ने गराउने हुनाले नै प्रशंसाका पात्र भएका हुन्। ब्राह्मणहरूको वेदसित

---

१३६. इज्याध्ययन-दानानि वैश्यस्य क्षत्रियस्य च।
प्रतिग्रहोऽधिको विप्रे याजनाध्यापने तथा॥
प्रधानं क्षत्रिये कर्म प्रजानां परिपालनम्।
कुसीद-कृषि-वाणिज्य-पशुपाल्यं विशः स्मृतम्॥
शूद्रस्य द्विजशुश्रूषा तयाऽजीवन् वणिग् भवेत्।
शिल्पैर्वा विविधैर्जीवेद् द्विजातिहितमाचरन्॥ **याज्ञवल्क्यस्मृतिः**, २।११८-१२०।

१३७. अहिंसा सत्यमस्तेयं शौचमिन्द्रियनिग्रहः।
एवं सामासिकं धर्मं चातुर्वर्ण्येऽब्रवीन् मनुः॥ **मनुस्मृतिः**, १०।६३।

विशिष्ट सम्बन्ध रहेको हुन्छ। निगमपरिशिष्ट, याज्ञवल्क्यस्मृति, मनुस्मृति, पद्मपुराण, आपस्तम्बधर्मसूत्र तथा बौधायनधर्मसूत्रमा पनि वेदविहित धर्मकर्ममार्ग नै ब्राह्मणहरूका लागि विशेष आश्रयणीय हो र त्यसैबाट उनीहरूको परमकल्याण हुन्छ भन्ने कुरा स्पष्ट रूपमा उल्लिखित छ। तसर्थ सामान्यतया सबै द्विजातिका लागि र विशेषतया ब्राह्मणका लागि वैदिक सनातन वर्णाश्रमधर्म नै सर्वथा अनुसरणीय हो भन्ने कुरा शास्त्रहरूका अध्ययन मनन चिन्तनबाट स्पष्ट हुन्छ। मुख्य रूपमा उपनयन- व्रतबन्ध वेद पढ्नका लागि नै हुने र वेदले बताएको वर्णाश्रमधर्मको अनुसरण गर्नका लागि नै विधिपूर्वक वेद पढिने हुनाले वेदको अध्ययनका लागि शास्त्रीय उपनयन हुने ब्राह्मणहरूका लागि वैदिक सनातन वर्णाश्रमधर्म नै मुख्य रूपमा अनुसरणीय मानिएको हो।

कलियुगमा पनि ब्राह्मणहरूका लागि वैदिक सनातन वर्णाश्रमधर्म नै यथाशक्ति अनुसरणीय हो, तसर्थ ब्राह्मणादि वर्णाश्रमधर्मीहरूले वैदिक सनातन धर्मको नै यथाशक्ति पालन गर्नुपर्छ। ब्राह्मणले वैदिक शौच, स्नान, सन्ध्योपासन, ब्रह्मयज्ञ, तर्पण, यजन, संस्कारपालन आदि वैदिक कर्म छोडेर अरूतिर लाग्न हुँदैन। आफ्नो मूल वैदिक विधिविधान र परम्पराको अनुसरण गर्नु नै ब्राह्मणादिको प्रथम धर्म हो।

वैदिक नित्य सदाचार संस्कार यज्ञादि कर्ममा अधिकार नभएका द्विजबाहेकका लागि कलियुगमा हरिनाम सङ्कीर्तन आदिको माहात्म्य देखाउने वाक्य आदिको विधान गरिएको छ भने द्विजका लागि आआफ्नो वर्णाश्रम अनुसारको वैदिक धर्म पालनपूर्वक भगवद्भक्ति गर्नु श्रेयस्कर हुन्छ।

जन्मअनुसारको कर्म

जमीनमा उत्पन्न जति पनि अन्न औषधि वनस्पति छन् कुनैमा पनि कर्मले जात बदलिएको पाइन्न। धानका लागि अनुकूल हुने

जतिसुकै मलजल पुऱ्याए पनि न त मकै रोपेर धान फल्छ; न त मकैका लागि अनुकूल हुने मलजल पुऱ्याए पछि धान रोपेर मकै नै फल्छ। न त कसैले गाईले पाडो पाएको वा भैँसीले बाछी वा बहर जन्माएको देखे सुनेको पाइन्छ। अतः कर्मणा जातिको सिद्धान्त प्रकृति विरूद्ध हो अनि शास्त्रविरूद्ध पनि हो।[१३८]

५.२ धर्म–साधन–शरीर

मानवजन्मलाई देवताको उत्पत्तिभन्दा पनि उत्कृष्ट र अमृतपुत्र[१३९] मानिएको छ। ***अमृतरूप परमात्माको अजस्र धारा वहन गर्ने अमृत तुल्य परम्परालाई कायम राख्ने हुनाले मानवलाई अमृतपुत्र भनिएको हो।*** जसका विहितकर्मको अनुष्ठानले पुरुषार्थसिद्धि मात्र हुने होइन, अपितु चराचरजगत्कै योगक्षेमका निर्वाहक साधनको उपलब्धि पनि मानवबाट मात्र संभव हुन्छ। अनुष्ठानले देवलोकभन्दा माथिल्लो तहको उपलब्धि पनि हुन्छ तर त्यही मनुष्यको जन्म पाशविक प्रवृत्तियुक्त हुन्छ भने ब्रह्माको सृष्टिमा उसलाई सर्वनिकृष्ट प्राणीका रूपमा मानिन्छ। त्यसैले असुर–दानव र त्यसभन्दा पनि तल झर्ने प्रवृत्तिलाई राक्षसी प्रवृत्ति भनिन्छ। अतः उत्कृष्ट जीवनका लागि व्यक्तिले आ–आफ्नो धर्म–कर्म, संस्कार, परम्परा र व्यवहारमा समन्वय राख्न सक्नुपर्छ।

धर्ममय आचरण समन्वयको कडी हो। आर्थिक आयव्ययको सुव्यवस्थापन पनि धर्ममय आचारको एक महत्त्वपूर्ण अङ्ग हो। व्यक्तिले आर्जन गरेको धनलाई पाँच भागमा विभक्त गरी सोही अनुसार खर्च गर्ने व्यवस्था धर्मशास्त्रमा बताइएको छ। धनको व्यय– (१) धर्मसम्पादन गर्न, (२) यशःप्राप्त गर्न, (३) व्यापार आदिद्वारा धनवृद्धि गर्न, (४) काम– जीवनोपयोगी कामभोग गर्न र (५) स्वजन– आफ्नो परिवारको भरण

---

[१३८] नेपाल संस्कृत विश्वविद्यालयका पूर्व शिक्षाध्यक्ष प्रा. पुरुषोत्तम गुरुको भनाइ साभार।

१३९. अमृतस्य पुत्रः।

पोषण गर्नका लागि। आफूले आर्जन गरेको धनलाई यसरी पाँच भागमा विभाजन गरेर खर्च गर्नु शास्त्रीय नियम हो।[१४०]

५.३ शास्त्रधर्म

धर्मको पालन गर्नु सबैको कर्तव्य हो। धर्म धारण गर्ने, पालन गर्ने, आचरण गर्ने तत्त्व हो, केवल मान्ने मात्र होइन। धर्मको पालन गर्नाले नै हामी सुरक्षित रहन्छौं। धर्मको पालन गरिएन भने विनाश अवश्यम्भावी छ,[१४१] यसमा शङ्का छैन। धर्मका अनेक स्वरूप छन्। कार्यको प्रसङ्ग अनुसार तिनको ज्ञान र आचरण सबैले गर्नै पर्छ। तिनका केही स्वरूप यहाँ प्रस्तुत छन्-

नियामक धर्म- राष्ट्रनियामक धर्म, समाजनियामक धर्म, कुटुम्बनियामक धर्म, शरीरनियामक धर्म, इन्द्रियनियामक धर्म, मनोनियामक धर्म र आत्मदर्शनप्रयोजक धर्म गरी नियामक धर्म सातथरी छन्। यी बाहेकका अरू पनि नियामकधर्म हुन्छन्।[१४२]

---

१४०. धर्माय यशसेऽर्थाय कामाय स्वजनाय च।
पञ्चधा विभजन् वित्तमिहामुत्र च मोदते॥

१४१. धर्म एव हतो हन्ति धर्मो रक्षति रक्षितः।
तस्माद्धर्मो न हन्तव्यो मा नो धर्मो हतोऽवधीत्॥ **मनुस्मृतिः, ८।१५।**

१४२. (१) यतोऽभ्युदयनिःश्रेयससिद्धिः स धर्मः॥ **-वैशेषिकसूत्रम् १।१।२॥**
(२) चोदनालक्षणोऽर्थो धर्मः॥ -जैमिनीयधर्ममीमांसासूत्रम् १।१।२॥
(३) श्रुति-स्मृतिविहितो धर्मः, तदभावे शिष्याचारः प्रमाणम्॥ **-वासिष्ठधर्मसूत्रम् १।४।५॥**
(४) वेदोक्तः परमो धर्मः स्मृतिशास्त्रगतोऽपरः।
शिष्याचारोऽपरः प्रोक्तस्त्रयो धर्माः सनातनाः॥ **महाभारत, अनुशासनपर्व १४१। ६५॥**
(५) श्रुतिस्मृतिभ्यां कथितं यत् स धर्मः प्रकीर्तितः।
अन्यशास्त्रेण यः प्रोक्तो धर्माभासः स उच्यते॥ **देवीभागवत, ७। ३९। १५॥**
(६) श्रुतिस्मृति उभे नेत्रे पुराणं हृदयं स्मृतम्।
एतत् त्रयोक्त एव स्यात् धर्मो नाऽन्यत्र कुत्रचित्॥ **पूर्ववत्, ११। १। २१॥**
(७) वेदप्रणीहितो धर्मो ह्यधर्मस्तद् विपर्ययः।
वेदो नारायणः साक्षात् स्वयम्भूरिति शुश्रुम॥ भागवत, ६।१।४०॥
(८) श्रुतिस्मृतिपुराणेषु प्रोक्तो धर्मः सनातनः।
वर्णाश्रमस्वरूपेण निषेव्यः सर्वदा जनैः॥ **स्कन्दपुराण, ब्राह्मखण्ड, ३। ११। १७॥**
(९) वेदोऽखिलो धर्ममूलं स्मृतिशीले च तद्विदाम्।
आचारश्चैव साधूनामात्मनस्तुष्टिरेव च॥ मनुस्मृति, २।६॥
(१०) विद्वद्भिः सेवितः सद्भिर्नित्यमद्वेषरागिभिः।
हृदयेनाऽभ्यनुज्ञातो यो धर्मस्तं निबोधतः॥ **मनु. २। १॥**

ज्ञान– आत्माको आधिपत्यमा आचरण तथा तत्त्वसम्बद्ध अर्थरूप परमात्माको प्रत्यक्षदर्शन ज्ञान हो। अतः ईश्वरको प्रत्यक्ष अनुभूति वा जानकारी नै ज्ञान हो।[१४३]

ईश्वरको निवास– ईश्वर सबै प्राणीहरूको हृदयमा रहन्छन्।[१४४]
आत्मा नै सत्य र सनातन– सर्वव्यापक, अचल, स्थिर र सनातन आत्मा नै सत्य हो।[१४५]

कर्म– यज्ञ धेरै प्रकारका हुन्छन्। जस्तै– श्वासलाई प्रश्वासमा हवन गर्ने, प्रश्वासले श्वासमा हवन गर्ने, श्वास प्रश्वास दुबैको निरोध गरेर प्राणायामपरायण हुनुका साथै यज्ञ जुन आचरणले पूर्ण हुन्छ त्यस आचरणको नाम कर्म हो। कर्म अर्थात् आराधना वा चिन्तनयोग आदि साधनापद्धतिको नाम नै यज्ञ हो।[१४६] यज्ञका विविध प्रकार हुन्छन्। तीमध्ये आ–आफ्नो जन्म र संस्कारका आधारमा यथायोग्य यज्ञ गर्ने अधिकार सबै मानवजातिलाई हुन्छ।[१४७]

५.४ विकर्म

विकर्मको अर्थ विकल्पशून्य कर्म हो। ईश्वरप्राप्तिपछि महापुरुषको कर्म विकल्पशून्य हुन्छ। आत्मस्थित, आत्मतृप्त तथा आत्मकाम महापुरुषलाई कुनै कर्म गरेर लाभ वा कुनै कर्म नगरेर हानि,

---

१४३. अध्यात्मज्ञाननित्यत्वं तत्त्वज्ञानार्थदर्शनम्।
एतज्ज्ञानमिति प्रोक्तमज्ञानं यदतोऽन्यथा॥ **गीता १३।११॥**
१४४. ईश्वरः सर्वभूतानां हृद्देशेऽर्जुन तिष्ठति।
भ्रामयन् सर्वभूतानि यन्त्रारुढानि मायया॥ **गीता, १८।६१॥**
१४५. अच्छेद्योऽयमदाह्योऽयमक्लेद्योऽशोष्य एव च।
नित्यः सर्वगतः स्थाणुरचलोऽयं सनातनः॥ **गीता, २। २४॥**
१४६. एवं बहुविधा यज्ञा वितता ब्रह्मणो मुखे।
कर्मजान् विद्धि तान् सर्वानेवं ज्ञात्वा विमोक्ष्यसे॥ **गीता, ४।३२॥**
१४७. यज्ञशिष्टामृतभुजो यान्ति ब्रह्म सनातनम्।
नायं लोकोऽस्त्ययज्ञस्य कुतोऽन्यः कुरुसत्तमः॥ **गीता, ४। ३१॥**

केही पनि हुँदैन। तथापि समाजको हित र मार्गदर्शनका लागि ती पुण्यात्माहरू कर्म गरिरहन्छन्। यस प्रकारको कर्म विकल्पशून्य हुन्छ, विशुद्ध हुन्छ र यस्तो कर्मलाई विकर्म भनिन्छ।[१४८] तर कर्तव्यपालन गर्नुपर्ने व्यक्तिले सो नगरेर त्यसको विपरीत गरेमा त्यस्तो विकर्मलाई शङ्कराचार्यको व्याख्यामा शास्त्रनिषिद्ध कर्म भन्ने अर्थ गरिएको छ।

५.५ विधि

सनातनशास्त्रनिर्देशित विधिअनुकूल आआफ्नो वर्ण तथा आश्रम अनुसार गरिने कर्म विधि हो। तद्विपरीत कर्म गर्नेले कुनै प्रकारको सिद्धि वा सुख प्राप्त गर्दैन।[१४९] त्यस्ता विधि अनेकौ छन्। तीमध्ये एकाक्षर ब्रह्मरूप ओंकारको जप तथा एकमात्र परमात्माको स्मरण एवं तत्त्वदर्शी महापुरुषको संरक्षणमा ध्यान गर्नु पनि एकप्रकारको नियत विधि हो।[१५०] यसमा शास्त्र विधिनिर्देशक हुन्छ। शास्त्र कर्तव्य र अकर्तव्यको निर्धारणमा प्रमाण हुन्छ। अतः शास्त्रद्वारा निर्धारित विधिले आचरण गर्नुपर्दछ।[१५१] हाम्रा धर्मशास्त्रले सबैलाई आ–आफ्नो वर्ण तथा आश्रम अनुसारको कर्म–कर्तव्यमा तल्लीन रहन निर्देश गरेका छन्।[१५२]

---

१४८. कर्मणो ह्यपि बोद्धव्यं बोद्धव्यं च विकर्मणः।
अकर्मणश्च बोद्धव्यं गहना कर्मणो गतिः ॥ **गीता, ४।१७ ॥**

१४९ यः शास्त्रविधिमुत्सृज्य वर्तते कामकारतः।
न स सिद्धिमवाप्नोति न सुखं न परां गतिः ॥गीता, १६। २३।

१५०. ओमित्येकाक्षरं ब्रह्म व्याहरन् मामनुस्मरन्।
यः प्रयाति त्यजन् देहं स याति परमां गतिम् ॥ **गीता, ८।१३ ॥**

१५१. तस्माच्छास्त्रं प्रमाणं ते कार्याकार्यव्यवस्थितौ।
ज्ञात्वा शास्त्रविधानोक्तं कर्म कर्तुमिहार्हसि ॥ **गीता, १६।२४ ॥**

१५२. श्रेयान् स्वधर्मो विगुणः परधर्मात् स्वनुष्ठितात्।
स्वधर्मे निधनं श्रेयः परधर्मो भयावहः ॥ **गीता,** ३। ३५।
श्रेयान् स्वधर्मो विगुणः परधर्मात् स्वनुष्ठितात्।
स्वभावनियतं कर्म कुर्वन्नाप्नोति किल्विषम् ॥ **गीता,** १८। ४७।

५.६ विधित्याग[१५३]

सत्व, रज र तम गरी तीन प्रकारका श्रद्धा हुन्छन्। तीमध्ये जसले जुन गुणअनुसारको श्रद्धा गर्दछ उसलाई सोहीअनुसारको सिद्धि प्राप्त हुन्छ। मूलतः शास्त्रविधिअनुसार कर्म गर्न शास्त्रले निर्देश गरेको हुन्छ। त्यसमा शास्त्रविधिलाई त्यागेर सात्त्विकी श्रद्धा गर्नेले देवतालाई, राजसपुरुषले यक्ष, राक्षसलाई र तामसपुरुषले भूतप्रेतलाई पुज्ने गर्दछन् तर अन्तर्यामी रूपमा स्थित परमात्मालाई उपेक्षा गर्दछन् भने तिनलाई असुर जान्नुपर्दछ। यसरी विधिविपरीत रीतिले देवतालाई पुज्ने पनि यस प्रकृतिका पुरुष आसुरी प्रवृत्ति अन्तर्गत पर्दछन्।[१५४] **अधम**- यज्ञको नियत विधि छोडेर कल्पित विधिले यजन गर्ने जति सबै नै मनुष्य क्रूरकर्मी पापाचारी र अधम हुन्।[१५५] अरूलाई बाधा पुऱ्याउने कर्म गर्नु र पछार्न प्रेरित गर्नुलाई कुकर्म भनिएको छ।[१५६] नश्वर शरीरलाई लिएर मानिसले जति पनि अन्याय गर्छ त्यो अन्याय गर्नु नै दानवता हो। त्यसबाट आफ्नै अनिष्टकारक अदृष्ट पैदा हुन्छ। लोकमा मानिसले जति नश्वर शरीरलाई लिएर बर्बरतापूर्ण प्रवृत्ति अगाँलेको छ पशुपक्षीहरूले

---

१५३. विधित्यागे दोषः।

१५४. त्रिविधा भवति श्रद्धा देहिनां सा स्वभावजा।
सात्विकी राजसी चैव तामसी चेति तां शृणु॥ **गीता १७। २।**
सत्वानुरुपा सर्वस्य श्रद्धा भवति भारत।
श्रद्धामयोऽयं पुरुषो यो यच्छ्रद्धः स एव सः॥ **गीता १७। ३।**
यजन्ते सात्विका देवान् यक्ष-रक्षांसि राजसाः।
प्रेतान् भूतगणांश्चान्ये यजन्ते तामसा जनाः॥ **गीता, १७। ४।**
अशास्त्रविहितं घोरं तप्यन्ते ये तपो जनाः।
दम्भाहङ्कारसंयुक्ताः काम-राग-बलान्विताः॥ **गीता १७। ५।**
कर्शयन्तः शरीरस्थं भूतग्राममचेतसः।
मां चैवान्तःशरीरस्थं तान् विद्ध्यासुरनिश्चयात्॥ **गीता, १७। ६।**

१५५. तानहं द्विषतः क्रूरान् संसारेषु नराधमान्।
क्षिपाम्यजस्रमशुभानासुरीष्वेव योनिषु॥ **गीता, १६। १९॥**

१५६. धर्मं यो बाधते धर्मो न स धर्मः कुधर्म तत्।
अविरोधात्तु यो धर्मः स धर्मः सत्यविक्रम॥ **महाभारत वनपर्व, १३१। ११।**

पनि त्यति बर्बरतापूर्ण प्रवृत्ति अगाँलेको देखिँदैन। सामान्य मान्छेहरू तत्त्वदर्शनको विचारविना नै लोकाचारका दृष्टिले मात्र लौकिक धर्मको अनुसरण गर्छन्। तिनीहरू त्रासले वा आसले अज्ञात अदृश्य अस्पष्ट सम्भावित नियन्तालाई प्रसन्न पार्ने विचारले पूजा आराधना पनि गर्छन्। यी सबै शास्त्रविधिविपरीत हुन्।

६ वैदिक सनातनधर्ममा राष्ट्रधर्म

वैदिक सनातनधर्ममा व्यक्तिको धर्म, परिवारको धर्म, समाजको धर्म र राष्ट्रको समेत धर्मका विषयमा विशद् चर्चा गरिएको छ। अतः त्यस विषयमा पनि केही सङ्केत गर्न आवश्यक देखिन्छ।

६.१. राष्ट्र र धर्म

धर्मशास्त्रमा व्यक्तिको कर्तव्यकर्म, परिवारको कर्तव्यकर्म, समाजको कर्तव्यकर्म, राज्यको कर्तव्यकर्म र राज्याधिकारी/ राज्यसञ्चालक/ शासक/ प्रशासकको समेत कर्तव्यकर्म आदिको उल्लेख गरिएको छ।[१५७] ऋषिहरूले मानवसमाजलाई मार्गनिर्देशन गरेका थिए र शासकहरूमा शासन, प्रशासन, व्यवस्थापनको नेतृत्व रहेको थियो तर ऋषिसत्ताद्वारा अभिनिर्मित बृहत्तर सिद्धान्तको मार्गदर्शनमा शासकहरूको शासन चल्थ्यो। ऋषिसत्ताको मार्गनिर्देशन नमान्ने, धर्मको विवेक नभएको शासकलाई पापी, अत्याचारी, आततायी भनिएको छ र त्यो बेननामक शासकझैं त्याज्य मानिएको छ।

धर्मको शासन पनि क्षीण भएपछिको अवस्थामा सो धर्मनीतिको मान्यतालाई प्रायोगिक, व्यावहारिक र क्रियात्मक प्रभावकारिताका लागि दण्डशास्त्र, दण्डनीति, विधि र निषेधको सुस्पष्ट नियमको अभिनिर्माण गरियो। दण्डनीतिले वास्तवमा धर्मनीतिलाई नै कार्यान्वयन गराएको हो,

---

१५७ अर्थेतस्थराष्ट्रदा ... शुक्लयजुर्वेद, अ १०, मन्त्र ३।

यद्यपि संरचना फरक किन नहोस्। अर्थात् धर्मनीति र दण्डनीतिको सरोकार, अभीष्ट, ध्येय, उद्देश्य एउटै हो। जसमा शासक स्वयंले कानूनको पालन गर्ने र नागरिकलाई पनि धर्मानुकूलित कानूनबमोजिम शासन गर्ने र सुखी बनाउने उद्‌देश्य राखेको हुन्छ। आजको युगमा कानूनको शासन वा विधिको सर्वोच्चता भनेर सोही मान्यतालाई युगीन तरिकाले लिइएको मात्र हो। तत्कालका लागि कुनै पनि शासनप्रणालीको उद्देश्य कानूनको शासन वा विधिको सर्वोच्चता सुनिश्चित गर्नु नै हो।

सृष्टिको प्रारम्भिक समयमा सबैले धर्म अर्थात् कर्तव्यरक्षा गर्दथे। सबै सदाचारी थिए। त्यतिबेला राजा पनि थिएनन्। दण्ड गर्नुपर्ने कोही थिएन। दण्डधारी पनि कोही व्यक्ति थिएन। किनभने, सबै जनता आ-आफ्नो सदाचार, नैतिकता, इमानदारी, जिम्मेवारी, समझदारी, सह-अस्तित्व सहयोग र सद्‌भावनाद्वारा स्वचालित रूपमा स्वकर्तव्य पालना गर्दथे। सबैलाई स्वधर्म र स्वकर्मले नै रक्षा गर्दथ्यो अर्थात् शान्ति, सेवा, सुरक्षा र पुष्टि दिन्थ्यो।[१५८]

वैदिक सनातन धर्ममा आधारित शासनप्रणालीका विषयमा धर्मशास्त्रमा प्रशस्त विश्लेषण गरिएको पाइन्छ। त्यस प्रसङ्गमा तेह्र प्रकारका शासनप्रणाली उल्लिखित छन्। तीमध्यकै राजतन्त्र पनि एउटा प्रणाली हो। मुर्ख्याइँ, बलप्रयोग, लुट, हत्या अन्याय, पक्षपात र अपहरणजस्ता गैरन्यायिक र आपराधिक कार्यबाट नागरिकको जिउधनको सुरक्षाका लागि राजा, शासक वा सरकार चाहिन्छ।

देशमा राजा नरहे पनि धर्म र राष्ट्र रहन्छ तर राष्ट्र नै नरहे राजामात्र नभई सरकार, राजनेता, नेता, शासक, प्रशासक आदि सबै अस्तित्वहीन हुन्छन्, मेटिन्छन्। यस विषयमा सनातन हिन्दूधर्मका आधिकारिक शास्त्र

---

१५८. न राज्यं न च राजासीत् न दण्ड्यो न च दाण्डिकः।
धर्मेणैव प्रजाः सर्वाः पाल्यमानाः परस्परम्॥ **महाभारत।**

र प्रमाण स्पष्ट छन्। राजाको पनि धर्म हुन्छ। धर्म छोडिदिए राजा पनि नाशिन्छ।[१५९] धर्म भनेको कर्तव्य हो, कर्तव्यप्रति उपेक्षा गर्ने मान्छे मासिन्छ चाहे त्यो सामान्य मानिस होस् या कुनै विशिष्ट पदाधिकारी। मानिस धर्मनिरपेक्ष हुनै सक्दैन, कर्तव्यले नै अर्थात् धर्मले नै मानिस र पशुमा फरक पार्छ भन्ने महाभारतको वचनले त्यसमा स्पष्ट पारेको पाइन्छ।[१६०] धर्मछाडा, धर्मको वास्ता नगर्ने व्यक्तिद्वारा समाज वा राष्ट्रको अस्तित्व रहँदैन। अतः सबैले आ–आफ्नो धर्मपालन गर्नु अनिवार्य छ। व्यक्ति, समाज वा राष्ट्र धर्मनिरपेक्ष हुनै सक्तैन।

६.२. धर्मनिरपेक्षता

सदाचार, असल आचरण, सत्कर्म, पुण्य, नियम, कर्तव्यकर्म, व्यक्ति वा वस्तुमा सधैँ रहने गुण आदिलाई धर्मशब्दको अर्थका रूपमा परिभाषित गरिएको पाइन्छ।[१६१] यहाँ वस्तुगत रूपमा धर्मनिरपेक्ष शब्दको अर्थ खोज्ने प्रयास गरिएको छ। जसमा कुनै पनि वाक्यको अर्थ बोध गर्नका लागि पहिला वाक्यघटक अलग अलग पदको अर्थ बुझ्नु अत्यावश्यक हुन्छ।

धर्मनिरपेक्ष राज्य यस पदावलीमा जम्मा तीन पद छन्– धर्म, निरपेक्ष र राज्य। यीमध्ये यहाँ धर्मनिरपेक्ष विशेषण हो भने राज्य विशेष्य हो। त्यस्तै निरपेक्ष शब्दका पनि मुख्य चारवटा अर्थ छन्– कुनै पनि कुराको वास्ता नराख्ने, कुनै पनि कुराको अपेक्षा नभएको, सबै प्रकारका कुरासँग उपेक्षित भाव राख्ने तथा कसैप्रति पनि असम्बन्धित वा उदासीन हो भन्ने बुझिन्छ।[१६२]

---

१५९ धर्मो रक्षति रक्षितः ॥

१६०. आहार–निद्रा–भय–मैथुनञ्च सामान्यमेतत् पशुभिर्नराणाम्।
धर्मो हि तेषामधिको विशेषो धर्मेण हीनाः पशुभिः समानाः ॥

१६१. नेपाली बृहत् शब्दकोष अनुसार।

१६२ अध्यात्मरतिराशीनो निरपेक्षो निरामिसः ॥ मनु. ६। ४९।

यो राज्यशब्द पारिभाषिक शब्द हो। यस विषयमा उच्चकोटिका राजनीतिज्ञ पूर्वाचार्य मनीषीहरूले विभिन्न प्रकारले परिभाषा गरेका छन्। राजा वा राष्ट्रपति, मन्त्री, मित्रराष्ट्र, कोष, राष्ट्र- देश र जनता, दुर्ग किल्ला र सेना, यी सातअङ्ग मिलेर राज्य बन्दछ। राज्य भनेको पाखो, भित्तो, झारपात, ढुङ्गामाटो मात्र होइन अपितु उपर्युक्त सात तत्त्वको समूह नै राज्यशब्दले खासरूपमा बुझाउने अर्थ हो।[१६३] यसरी पदगत अर्थानुसन्धान गर्दा धर्मनिरपेक्ष राज्य भन्ने पदावलीका निम्नानुसारका अर्थ खुल्छन्-

- धर्मको वास्ता नगर्ने राज्य,
- धर्मको अपेक्षा नभएको राज्य,
- धर्मद्वारा उपेक्षित राज्य,
- धर्मसँग असम्बन्धित राज्य।

यसैलाई शब्दगत अर्थमा आधारित भएर प्रकट गर्दा यस्तो स्वरूप हुन आउँछ-

- कर्तव्यकर्मको वास्ता नगर्ने राज्य
- गर्न लायक असल आचरण नगर्ने राज्य
- असल गुण नभएको राज्य
- असल गुण वा आचरण नभएका व्यक्तिमात्र भएको राज्य

सारांशमा सदाचार असल आचरण सत्कर्म पुण्य नियम नभएको राज्यलाई धर्मनिरपेक्ष राज्य भनेर बुझिन्छ।

---

१६३. स्वाम्यमात्यौ सुहृद् कोष राष्ट्रं दुर्गबलानि च।
सप्त प्रकृतयो ह्येताः सप्ताङ्गं राज्यमुच्यते॥

६.३ केही सम्प्रदाय तथा पन्थहरू

संसारमा दृश्य वा अदृश्य सबै प्रकारका ज्ञानविज्ञानको मूल स्रोतका रूपमा रहेको र आजसम्मको पछिल्लो संरचनासमेतको मूल वेद नै हो। लामो कालखण्ड र विभिन्न भूभागमा वसोवास गर्ने मानव जातिले आआफ्नो कालखण्ड र स्थानीय परिवेशमा परेर मूलप्रवाहबाट विचलित भएका कारण तिनीहरूमा चालचलन, पहिरन, व्यवहार र शैलीमा पृथक्ता देखिँदै आएको हो। त्यही पृथक्ताकै कारण धर्मका नाममा एकातिर विभिन्न पन्थ र समूहको निर्माण भएको हो भने अर्कोतर्फ विभिन्न कालखण्डमा मूल परम्परामा केही शिथिलता वा केही विकृति देखिँदा पनि मूलप्रवाहको संरक्षणका लागि समेत केही सनातन सम्प्रदायहरू स्थापित भएका छन्। त्यस्ता सम्प्रदायहरू केही सनातनसम्बद्ध छन्। तिनमा पनि केही मुख्य र केही गौण पनि छन्। तिनलाई निम्नानुसार चिनाउन सकिन्छ।

सनातनभित्रका पञ्चदेवोपासनासँग सम्बद्ध सम्प्रदायलाई छाडेर ती बाहेकका अन्य केही प्रसिद्ध सम्प्रदायका नाम यसप्रकार रहेका छन्– (१) बौद्ध, (२) जैन, (३) शिख, (४) प्रकृतिपूजक, (त्यसभित्र नेवार, किरात, बोन आदि) छन्॥

पञ्चदेवोपासनामा पर्ने गाणपत्य, सौर, शैव, शाक्त र वैष्णव सम्प्रदाय यी सबै वेदमूलक सनातन परम्परासिद्ध छन्। तीमध्ये कुनै पनि एक देवलाई प्रधान मानेर बाँकी सबै देवको समेत सम्मानपूर्वक उपासना गर्ने पद्धति वैदिक सनातन पद्धति हो । वेदमूलक मार्गमा प्रवृत्त र अपौरुषेय ज्ञानराशि वेदलाई परम प्रमाण मान्ने सबै वैदिक सनातनी हुन् भने तदीतर गतिका र वेदलाई परम प्रमाण नमान्ने मार्गमा चल्ने केही व्यक्तिवादी स्वघोषित व्यक्तिले चलाएको भ्रमयुक्त मार्ग वैदिक सनातनभित्र पर्दैन।

७ उपसंहार र निष्कर्ष

सत् चित् आनन्दस्वरूप परब्रह्म परमात्माको **एकोऽहं बहुस्याम**को भावनाद्वारा सिर्जित मानस तथा प्रकृति–पुरुषजन्य सृष्टिका रूपमा जगत्स्रष्टाको आत्मविस्तार हुँदा समग्र विश्वब्रह्माण्ड, तारा आदि सहितको संसार दृष्टिगत रूपमा सृष्ट हुन्छ भने उनै जगदीशको आत्मसङ्कोचनको परिणाम संहार कहलाउँछ।

७.१ उपसंहार

सृष्टि र जगत्स्रष्टाका सम्बन्धमा सत्य तथ्य ज्ञान गराउन वेदादिशास्त्र तथा तिनका शाखाप्रशाहरू छन्। यसमा वेदादि चौध विद्या र चौँसट्ठी कलामा समेटिएका हाम्रा अनन्त शास्त्र, विद्या र कलाभित्र पनि आआफ्ना वेदअनुसारका शाखा–सूत्रहरू हुन्छन्। जो जुन वेदको परम्परामा रहेको छ, उसका लागि उसको आफ्नै वेद र त्यही शाखा तथा सूत्र नै मुख्य र प्रथम प्रमाण हुन्छ। मूलतः सबै प्रकारले वेद परम प्रमाण हो। वेदादिविहित कर्म नै धर्म हो। अरु राम्रा कामलाई सुकृत भनिन्छ। सनातन हिन्दूधर्म मान्ने वा ओङ्कार परिवारका सबै दर्शनभित्रका समग्र ज्ञानविज्ञानको सागर बोकेको संस्कृतवाङ्मय संसारको सबैभन्दा ठूलो, अपार ज्ञानकोश हो।

धर्म, संस्कार र तज्जन्य संस्कृतिका विषयमा वस्तुतः सत्मार्गको पहिलो उपदेश नै धर्म हो। प्राणीहरूको अभ्युदय र परमोत्कर्षरूप निःश्रेयस सिद्धिका लागि धर्मको प्रवचन गरिएको हो। अतः जसबाट वा जुनकर्मबाट वा जस्तो कर्म गर्नाले अभ्युदय र निःश्रेयस सिद्ध हुन्छ त्यो नै धर्म हो।

प्रकारान्तरले सनातन हिन्दुधर्ममा **सामान्य, विशेष र परमधर्म** मानिएका छन्। तीमध्ये मनुस्मृतिका अनुसार **सामान्य धर्ममा** अहिंसा, सत्य, अस्तेय, शौच, इन्द्रियनिग्रह, दान, दया, दम र क्षमा गरी दश लक्षण पर्दछन्। यी दश लक्षण सबैले पालना गर्नै पर्ने धर्म हुन्। प्रकारान्तरमा

याज्ञवल्क्यस्मृतिका आधारमा- धैर्य, क्षमा, दम, अस्तेय, शौच, इन्द्रियनिग्रह, धी, विद्या, सत्य र अक्रोध यी दश लक्षण उल्लिखित छन्।

विशेष धर्ममा वर्णधर्म, आश्रमधर्म, राजधर्म, उपासना, व्रत-उपवास, तीर्थाटन, यज्ञ- याग, पितृधर्म, पुत्रधर्म, सेवकधर्म, आदि अनेक रूपमा फैलिएको पाइन्छ। यसमा दीक्षित नर-नारीहरूमा रहेको गुण, तिनको व्यक्तित्व परिस्कार र विकासमा अत्यन्त उपयोगी र प्रभावकारी मानिएको छ। योगद्वारा आत्मदर्शन गर्ने मार्ग **परमधर्ममा** पर्दछ। (अयं तु परमो धर्म यद्योगेनात्मदर्शनम्)।

सामान्यतया सबैले आआफ्नो धर्म सदा एकरूपमा नै निरन्तर पालन गर्नैपर्छ, तर कहिले काहीँ रूप र अवस्थानुसार त्यसको स्वरूपमा विस्तार र सङ्कुचन पनि हुनसक्छ। जसमा सूर्यादि देवता, पञ्चप्रकृति आदि समेत आआफ्ना धर्मअनुसार गतिशील छन्। तिनमा देशकाल आदिको विस्तार-सङ्कोचको सम्भावना नै हुँदैन। सूक्ष्मातिसूक्ष्म अंशमात्र पनि फरक पर्न गए प्रकृतिको व्यवस्था नै खलबलिन्छ। सृष्टिचक्र बिथलिन्छ॥ स्वधर्मानुसार गतिशील तिनै सूर्यादिका कारण नै सृष्टिजगत्मा हामी सबै प्राणीको जीवन सुरक्षित छ।

गाई, विप्र, वेद, सती-साध्वी, सत्यवादी, लोभरहित र दानीहरूद्वारा पृथिवीको धारण गरिएको हुन्छ। धर्म, काम, सर्वार्थसाधक काल, अर्थसाधक वसु र वासुकी तथा मोक्षसाधक अनन्त र कपिल यी ७ धरणीधारक तत्त्व हुन्। धर्म सम्पूर्ण जगत्को प्रतिष्ठा हो। धर्म कुनै पन्थ होइन। यो कर्तव्यकर्मको नाम हो।

७.२ निष्कर्ष

सृष्टिकर्ता र सृष्टिजगत्का सम्बन्धमा अध्ययन गर्ने विभिन्न प्रकार, विधा, दर्शन, सिद्धान्त, सम्प्रदाय र मतमतान्तरका कारण यसको अध्ययनमा विविधता देखिन्छ। जसमा सृष्टिकर्ता र सृष्टिजगत्लाई

फरक फरक तत्त्वका रूपमा अध्ययन गर्ने परम्परामा द्वैतवाद भेटिन्छ भने एकै तत्त्व मान्ने अध्ययन पद्धतिलाई अद्वैतवाद भनिएको छ।

द्वैतवादका अध्येताहरू ब्रह्मलाई मात्र सत्य र जगत्लाई मिथ्या मान्दछन्। उनीहरूले त्यस सम्बन्धमा राख्ने तर्कका केही नमुना यहाँ देखाइन्छ– (१) ब्रह्म निर्विकार छ, त्यहाँ माया छैन। (२) मायापरिचालक ईश्वर मायाबाधित छैन। ऊ आफ्नो इच्छानुसार मायाद्वारा सृष्टि गर्छ। (३) जीव मायाद्वारा बाधित छ। यसरी ब्रह्म र जीवका बीचमा माया वा प्रकृतिको अवरोधका कारण जीवले ब्रह्मसाक्षात्कार गर्न वा स्मरण गर्न नसकेको हुँदा जीव मुक्त हुन नसकेको हो। यसको सार यही हो।

अद्वैतवादका अध्येताहरू सम्पूर्ण जगत्लाई ब्रह्ममय मान्दछन्। एउटै परमात्मा नै सम्पूर्ण सृष्टिका रूपमा विस्तारित भएको हो। सृष्टिको आरम्भमा जगदीश्वर आफै नै आकाश, वायु, तेज, जल र पृथिवीका रूपमा उत्तरोत्तर अवतरित हुँदै अन्न, वीर्य र जीवको स्वरूपमा परिणत भएर यस संसारको सृष्टि भएको मान्दछन् अद्वैतवादीहरू।

उक्त द्वैताद्वैत मध्ये जुन सिद्धान्त माने तापनि यस सृष्टिजगत्मा जन्मलिने सम्पूर्ण नर/मनुष्यले शास्त्रविधिको अनुसरण गरेर आआफ्नो निर्धारित कर्तव्यकर्म पालन गरेमा मनुष्य/नरबाट नारायण बन्न पुग्छ, तर शास्त्रविधिको उल्लङ्घन गर्दा नरमा वा थपिन्छ र वानर/बाँदर बन्न पुग्छ।

मनुष्यले गर्नुपर्ने कर्तव्यकर्मलाई विभिन्न प्रकारले वर्णन गरिएको छ। तिनलाई यसप्रकार बताइएको छ। जस्तै– (१) वर्ण, आश्रम, वर्णाश्रम, गुण, निमित्त र साधारणधर्म, (२) साधारण, असाधारण, विशिष्ट, अपवाद् र आपत् धर्म, (३) सामान्य, विशेष तथा परम धर्म (४) नित्य, नैमित्तिक र काम्यकर्म आदि। तीमध्ये आआफ्नो धर्मपालन गर्नु सबैको परम कर्तव्य हुन आउँछ।

त्यसमा पनि विभिन्न मार्ग छन्। जस्तै- कर्ममार्ग, भक्तिमार्ग र ज्ञानमार्ग आदि। यसैलाई ज्ञानयोग, कर्मयोग र भक्तियोग पनि भनिन्छ। यसैलाई कर्मकाण्ड, उपासनाकाण्ड र ज्ञानकाण्डका रूपमा पनि हेरिन्छ। वेदमा रहेका १ लाख मन्त्रमध्ये ८० हजार मन्त्र कर्मकाण्ड वा कर्तव्यकर्मद्योतक छन्, उपासनाकाण्ड- भक्तिमार्गमा १६ हजार मन्त्र छन् भने ४ हजार मन्त्र ज्ञानमार्ग- ब्रह्मप्रतिपादक छन्। उल्लिखित विभागमध्ये जुनसुकै विभाग वा मार्गमा प्रवृत्त भए तापनि तिनको उद्देश्य शरीर, इन्द्रिय, अन्तःकरण आदिको घेरामा आवृत्त जीवदेखि परम तत्त्वसम्मको क्रम र सम्बन्धलाई बुझ्नुपर्दछ।

अतः हामीले परम तत्त्वसँगको आफ्नो सन्निकटता कायम राख्नका लागि, पुरुषार्थचतुष्टय- धर्म, अर्थ, काम, मोक्ष साधन गर्नका लागि, कारण तथा सूक्ष्मशरीर सहित हाम्रो यस स्थूलशरीरलाई समेत स्वस्थ, तन्दुरुस्त राख्नका लागि र हामी बाँचिरहेको यस धर्तीलाई स्वच्छ, सफा र सुरक्षित राख्नका लागि समेत हामी सचेत रहँदै आआफ्नो कर्तव्यकर्म गर्नु हामी सबैको परम कर्तव्य हो। आआफ्नो वर्ण र आश्रमधर्म पालन गर्नु तथा तदनुकूल सदाचारमा रहनु नै सनातनधर्म हो। आआफ्नो वर्ण र आश्रमधर्म पालन गर्दै तदनुकूल सदाचारमा रही सर्वजनहिताय कार्य गर्नु नै जीवन हो।

७.३ निष्कर्षात्मक बुँदाहरू

(१) सृष्टिदेखि प्रलयसम्मका समग्र ज्ञानविज्ञानलाई हेर्ने आँखा वेद हो।
(२) वैदिक संस्कृति विश्वको पहिलो संस्कृति र सभ्यता हो।
(३) वैदिक वाङ्मय विधि र प्रविधि दुबै पाटामा सम्पन्न छ।
(४) सहजीवनको उपादेयता प्रस्तुत गर्ने शिक्षा, वैदिक शिक्षा हो।
(५) विद्वान्हरू प्रमाणहरूलाई वेदद्वारा नै जाँच्ने गर्दछन्।
(६) वैदिक शिक्षाले एकताको उजागर र अन्वेषण गरेको छ।

(७) वैदिक विधि र प्रविधि दुबै पक्षबाट हाम्रा पुर्खाले सशक्त विज्ञान आर्जन गरेका हुन्।

(८) वैदिक परम्परामा विद्या दुई प्रकारका छन् परा विद्या र अपरा विद्या।

(९) अपरा विद्यालाई अविद्या भनिएको छ भने परा विद्यालाई विद्या भनिएको छ।

(१०) ईशावास्योपनिषद्का अनुसार विद्या र अविद्या दुवै जान्नु पर्दछ।

(११) (क) अविद्याले दुर्घटना, दुःख, दुर्यश, अभाव जस्ता सांसारिक सङ्कटबाट छुट्कारा दिन्छ भने विद्याले अजरता, अमरता तथा मुक्ति दिलाउँछ।

(ख) जुन विद्याले ब्रह्मको –परब्रह्मको) ज्ञान हुन्छ त्यो विद्यालाई परा विद्या र जुन विद्याले जगत्का विषयको ज्ञान हुन्छ। त्यस विद्यालाई अपरा विद्या भन्ने उल्लेख मुण्डकोपनिषद्मा छ। त्यहाँ ऋग्वेददि चार प्रकारका वेदलाई र शिक्षा, कल्प इत्यादि छ प्रकारका वेदाङ्गहरूलाई अपरा विद्यामा गनिएको छ । त्यहाँ ऋग्वेदादिलाई शब्दराशिका रूपमा लिएर अभ्यास मात्र गर्ने पक्षलाई लिएर अपरा विद्या भनिएको हो । ऋग्वेदादि प्रतिपाद्य ब्रह्मतत्त्व ज्ञान त परा विद्या नै हो।

तस्मै स होवाच। द्वे विद्ये वेदितव्ये ह स्म यद् ब्रह्मविदो वदन्ति परा चैवापरा ॥४॥ तत्रापरा ऋग्वेदो यजुर्वेदः सामवेदोऽथर्ववेदः शिक्षा कल्पो व्याकरणं निरुक्तं छन्दो ज्योतिषमिति। अथ परा यया तदक्षरमधिगम्यते ॥५॥ **मुण्डकोपनिषद्**, १। १। ४, ५।

(१२) चोरी, मिथ्यावचन, अनाचार, दुराचार, दुर्वचन, दुर्भोजन, दुश्चिन्तन, दुःसङ्ग, हत्या, हिंसा जस्ता अमानवीय व्यवहार नगरी धर्मानुकूल आचरण गर्नु नै सदाचारी हुनु हो।

(१३) सनातनशास्त्रसम्मत कर्तव्यकर्म नै धर्म हो। परमात्मा प्राप्तिका विविध प्रक्रिया र मार्ग नै धर्मका साधन हुन्। ऐहलौकिक तथा पारलौकिक सबै प्रकारका उत्कर्षको माध्यम धर्म हो। धर्म नै मानवकल्याणको परम साधक तत्त्व हो।

(१४) धार्मिक कृत्य गर्दा शास्त्रीय निर्देशको उल्लंघन गर्नु हुँदैन, उल्लङ्घन गरी सम्पादन गरिएको कृत्यबाट फल प्राप्त नहुने मात्र होइन, दुष्टपरिणामसमेत आइपर्ने हुन्छ।

(१५) विधिपूर्वक गरिएको शुभकर्मबाट इहलोक र परलोकमा समेत कल्याण प्राप्त हुन्छ।

(१६) नित्य, नैमित्तिक कर्म कदापि छाड्नु हुँदैन। छाड्दा प्रायश्चित्त लाग्छ त्यसैले अवश्यमेव नियत समयमा गर्नुपर्दछ।

(१७) सदाचार मानवको गहना हो। यसको सदैव पालन गर्नुपर्दछ। दुराचारीको कल्याण र सम्मान हुँदैन।

(१८) संस्कार कर्म अनिवार्य गर्नुपर्छ, संस्कारले जीवनलाई परिष्कृत पार्छ र उज्ज्वल बनाउँछ।

(१९) संस्कार छाड्यो भने प्रत्यवाय लाग्दछ र जीवन अशुद्ध, अपूर्ण, दूषित र कुत्सित पनि हुन्छ।

(२०) व्रतले अन्तःकरणलाई पवित्र बनाउँछ र कुनै पनि कार्य गर्न शक्ति र सिद्धि प्रदान गर्दछ।

(२१) मेला, पर्व, उत्सव जात्राहरूले चित्त शुद्ध गर्नमा सहायता गर्दछन् र समाजका अङ्ग अङ्गलाई जोड्ने काम गर्दछन्।

(२२) यज्ञ, मन्त्रदीक्षा, व्रत, पितृकर्म आदिका खास नियमहरू हुन्छन्, तिनको पालन गर्नु मानिसको कर्तव्य हो। यी नियमहरूको पालना गरी गरिएका यज्ञादिद्वारा मात्र इष्टफल सिद्ध हुन्छ।

(२३) प्रत्येक सनातनीले नित्यस्नान, सन्ध्योपासनादि नित्यकर्म, पाञ्चायनपूजा, तुलसीसेवा, अतिथिसेवा, परोपकार आदि सनातनसम्बद्ध सत्कर्म गर्नुपर्दछ।

(२४) शतपथब्राह्मण आदिका अनुसार मानिस भन्नाले मननशील प्राणी हो।

(२५) अरुको चित्त नदुखाउने, नराम्रो काम कुरो नगर्ने व्यक्ति मानिस हो।

(२६) ऐतरेयब्राह्मण आदिका अनुसार सोचविचार गरेर परिणाममा कतै कसैलाई प्रतिकूल असर नपार्ने व्यक्ति नै मनुष्य हो।

(२७) मनुष्य नै सबै देवताको प्रतिनिधि हो।

(२८) मनुष्य–जीवनलाई नै परिष्कार गर्दै देवत्व प्राप्त गर्नसक्नुपर्दछ।

(२९) मानिसले यो लोक र परलोक दुबै विशुद्ध राख्नका लागि आत्मसंयम र सदाचार पालन गर्दै पृथिवी, जल, तेज, वायु, आकाश आदि पञ्चतत्त्वलाई स्वच्छ राख्न सक्नुपर्दछ।

(३०) शाण्डिल्योपनिषद्का अनुसार मनुष्यको सामान्यधर्म दया, दान, तप, क्षमा, अक्रोध, धृति आदि गुण पालना गर्दै विशेषधर्मअनुसारको वर्णाश्रमधर्मको अनुशासनमा रहेर परम धर्मअनुसार यम, नियम, आसन, प्राणायाम, प्रत्याहार, धारणा, ध्यान र समाधिको ज्ञान गर्ने मार्गमा प्रवृत्त भएमा मानव–कल्याण, सुख–शान्ति, समुन्नति, आत्यन्तिक दुःखनिवृत्ति तथा त्रितापोन्मूलन हुन्छ।

(३१) चतुर्वेदमध्ये आफू कुन वेदको परम्पराको अनुयायी हो ? सो परम्परा र आफ्नो मूल धर्मग्रन्थ सबै सनातनीहरूले जान्नै पर्छ। अनि सोहीअनुसार आफ्नो वेद अर्थात् आफ्नो मूल धर्मग्रन्थले निर्देश गरेअनुसारका कर्म गर्नुपर्दछ। जस्तै– शुक्लयजुर्वेदको परम्पराका अनुयायी वा अध्येताका लागि मूल धर्मग्रन्थ परम्परा यसप्रकार छन्– (१) शुक्लयजुर्वेद, माध्यान्दिनीयशाखा, (२) धनुर्वेद, (३) शतपथब्राह्मण, ईशावास्योपनिषद्, कात्यायनश्रौतसूत्र, पारस्करगृह्यसूत्र, याज्ञवल्क्यस्मृति आदि।

(३२) सनातनधर्मको अनिवार्य प्रथम सोपान आआफ्नो वेद शखापरम्परा र कुलधर्मअनुसार नित्य, नैमित्तिक धर्म पालन गर्नु नै हो।

(३३) वैदिक परम्परामा प्रचलित द्वैत र अद्वैत आदि सिद्धान्त छन्। ती सिद्धान्तअनुसार जीव, प्रकृति, ब्रह्मका बारेमा विभिन्न प्रकारका शास्त्रीय मतहरू छन्। ती सबै मतहरू सनातनधर्मका दार्शनिक विविधता र वैशिष्ट्य हुन्।

(३४) शास्त्रोक्त साधना गर्दा गर्दै सामान्य साधक महात्मा, महापुरुष, सज्जन, दुःखी दरिद्री आदिमा पनि साधकलाई भगवद्दृष्टि विस्तारित हुन थाल्दछ।

(३५) साधना अझै परिपक्व हुँदै जाने क्रममा भगवद्दर्शनको परिधि अझ विस्तारित हुँदै अन्यत्र सर्वत्र नै भगवान्कै स्वरूपको दर्शन हुन थालेपछि उसलाई सिद्ध महापुरुषका रूपमा विस्तारित हुन्छ।

(३६) परब्रह्म, ईश्वर–भगवान्, देवता, ऋषि, सन्त–महापुरुष, विद्वान्–सिद्धपुरुष, साधक, सज्जन, अनुचर, सर्वसाधारण, निम्न, अतिनिम्न र निकृष्टकोटीका सहित सबै प्रकारका सृष्टिमा जीवनपद्धति र साधनाको कोटीका आधारमा पूर्व पूर्व स्तरवृद्धि हुँदै जान्छ।

(३७) सत् चित् आनन्दस्वरूप नित्य निरञ्जन निर्गुण निराकार ब्रह्म मायातीत छ।

(३८) ईश्वर नै शरीरमा प्रवेश गरेपछि जीवरूपमा भासित हुन्छ। यसरी परमात्माको अंश भएर पनि मायामा बाँधिएको रूप जीवात्मा हो।

(३९) परमात्माको मायाद्वारा परिचालित चेतन अचेतन समग्र सृष्टिजगत् परमात्माको विराटरूप हो।

(४०) सत् चित् आनन्दस्वरूप निर्विकल्प, निर्विकार, निरञ्जन, अनन्त विश्वब्रह्माण्डसर्जक, सृष्टि, स्थिति, प्रलयकर्ता ब्रह्म परमात्मा नै मूल प्राप्तव्य र गन्तव्य हो। त्यसका लागि निराकार र साकार यी दुई प्रकारका आराधनाविधि छन्।

(४१) क्रमैसित साधकको साधना परिपक्व र विस्तारित हुँदै जानेगरी आफूलाई स्वस्थ, प्रसन्न, आनन्द, स्वरूपमा परिणत गराउने र मुक्त हुने, समाजलाई सोहीअनुसार सत् मार्ग र वास्तविक विकासमा प्रवृत्त गराउन सक्षम व्यक्तित्वका रूपमा आफूलाई विकसित गर्ने शिष्ट,सभ्य र मर्यादित जीवन पद्धति नै सनातनधर्म हो॥

सनातन परमात्माद्वारा सनातन जीवहरूका त्रिविध तापत्रयको आत्यन्तिक निवृत्तिका लागि सनातन वेदमा सनातन उपायहरूको सनातन सङ्कलन गरिएको सनातन संहिताको नाम सनातन धर्म हो।

परिशिष्ट (१)

शास्त्रीय र व्यावहारिक सूक्तिहरू

असतो मा सद् गमय। तमसो मा ज्योतिर्गमय।
मृत्योर्मा अमृतं गमय। —**श्रुतिवचन**
ईशावास्यमिदं सर्वम्। —**ईशावास्योपनिषद्**
सर्वं खलु इदं ब्रह्म। —**बृहदारण्यकोपनिषद्**
वयं राष्ट्रे जागृयाम पुरोहिताः। —**शुक्लयजुर्वेद** अ. ९, मन्त्र २३।
उत्तिष्ठत जाग्रत प्राप्य वरान् निबोधत।
सुरस्य धारा निशिता दुरत्यया दुर्गं पथः सत्कवयो वदन्ति।
कठोपनिषद्, अ. १, बल्ली ३, मन्त्र १४।
संगच्छध्वं संवदध्वं सं वो मनांसि जानताम्।
ऋग्वेद, मण्डल १०, सूक्त १९१, मन्त्र २।
सत्यं वद, धर्मं चर, स्वाध्यायान् मा प्रमदः, भूत्यै न प्रमदितव्यम्, स्वाध्याय–प्रवचानाभ्यां न प्रमदितव्यम्, देव–पितृकार्याभ्यां न प्रमदितव्यम्, मातृदेवो भव, पितृदेवो भव, आचार्यदेवो भव।
वसुधैव कुटुम्बकम्। —**तैत्तिरीयोपनिषद्**
तर्कोऽप्रतिष्ठः श्रुतयो विभिन्ना नैको ऋषिर्यस्य वचः प्रमाणम्।
धर्मस्य तत्त्वं निहितं गुहायां महाजनो येन गतः स पन्थाः॥
—**तैत्तिरीयोपनिषद्**
कुर्वन्नेवेह कर्माणि जिजीविषेच्छतं समाः॥ —**शुक्लयजुर्वेद**
अभिवादनशीलस्य नित्यं वृद्धोपसेविनः।
चत्वारि तस्य वर्द्धन्ते आयुर्विद्या यशो बलम्॥ —**मनुस्मृतिः** २। २१
धारणाद् धर्ममित्याहुर्धर्मो धारयते प्रजाः।
यत् स्याद् धारणसंयुक्तं स धर्म इति निश्चयः॥
प्रभवार्थाय भूतानां धर्मप्रवचनं कृतम्।
यः स्यात् प्रभवसंयुक्तः स धर्म इति निश्चयः॥
अहिंसार्थाय भूतानां धर्मप्रवचनं कृतम्।

यः स्यादहिंसासम्पृक्तः स धर्म इति निश्चयः ॥
बहून् यो बाधते धर्मो न स धर्म कुधर्म तत् ।
अविरोधी तु यो धर्मः स धर्मः सत्यविक्रमः ॥
लोकयात्रार्थमेवेह धर्मस्य नियमः कृतः ।
उभयत्र सुखं चैकं इह चैव परत्र च ॥ **–महाभारत ॥**
दुर्योधनो मन्युमयो महाद्रुमः स्कन्धः कर्णः शकुनिस्तस्य शाखाः ।
दुःशासनः पुष्पफले समृद्धे मूलं राजा धृतराष्ट्रोऽमनीषी ॥
युधिष्ठिरो धर्ममयो महाद्रुमः स्कन्धोऽर्जुनो भीमसेनोऽस्य शाखाः ।
माद्रीसुतौ पुष्पफले समृद्धे मूलं कृष्णो ब्रह्म च ब्राह्मणाश्च ॥
महाभारत, आदिपर्व १ । ११०–१११ ।
मन्त्रो हीनः स्वरतो वर्णतो वा मिथ्याप्रयुक्तो न तमर्थमाह ।
स वाग्वज्रो यजमानं हिनस्ति यथेन्द्रशत्रुः स्वरतोऽपराधात् ॥
पाणिनीयशिक्षा, श्लो. ५२ । **महाभाष्यञ्च**
तपः श्रुतिश्च योनिश्च एतद् ब्राह्मणकारकम् ।
तपः श्रुतेभ्यो यो हीनो जाति ब्राह्मण एव सः ॥ **पा.व्या.भा.**
वेदा वेदाङ्गशास्त्राणि सूत्राणि चोपनीषदः ।
धर्मशास्त्राणि सर्वाणि ज्ञातव्यानि प्रयत्नतः ॥
गीता गङ्गा च गायत्री गो गुरुस्तुलसीदलम् ।
पूजा च पञ्चदेवानां हिन्दुधर्मस्य लक्षणम् ॥
उद्धरेदात्मनात्मानं नात्मानमवसादयेत् ।
आत्मैव ह्यात्मनो वन्धुरात्मैव रिपुरात्मनः ॥
श्रीमद्भगवद्गीता, अ. १७। २४
यज्ञ–दान–तप–कर्म न त्याज्यं कार्यमेव तत् ।
यज्ञो दानं तपश्चैव पावनानि मनीषिणाम् ॥ **पूर्ववत्** अ. १८। ५
तस्माच्छास्त्रं प्रमाणं ते कार्याकार्यव्यवस्थितौ ।
ज्ञात्वा शास्त्रविधानोक्तं कर्म कर्तुमिहार्हसि ॥
चातुर्वर्ण्यं मया सृष्टं गुण–कर्म–विभागशः ।
तस्य कर्तारमपि मां विद्ध्यकर्तारमव्ययम् ॥ **पूर्ववत्** अ. ४। १३
यतः प्रवृत्तिर्भूतानां येन सर्वमिदं ततम् ।
स्वकर्मणा तमभ्यर्च्य सिद्धिं विन्दन्ति मानवाः ॥ **पूर्ववत्** अ. १८। ४६

शमो दमस्तपः शौचं क्षान्तिरार्जवमेव च।
ज्ञानविज्ञानमास्तिक्यं ब्रह्मकर्म स्वभावजम्॥ **पूर्ववत्,** अ. १८। ४२
ब्राह्मणक्षत्रियविशां शूद्राणां च परं तपः।
कर्माणि प्रविभक्तानि स्वभावप्रभवैर्गुणैः॥ **पूर्ववत्,** अ १८। ४१
शौर्यं तेजो धृतिर्दाक्ष्यं युद्धे चाप्यपलायनम्।
दानमीश्वरभावश्च क्षात्रकर्म स्वभावजम्॥ **पूर्ववत्,** अ १८। ४३
कृषि-गोरक्ष-वाणिज्यं वैश्यकर्म स्वभावजम्।
परिचर्यात्मकं कर्म शूद्रस्यापि स्वभावजम्॥ **पूर्ववत्, अ** १८। ४४
कुलक्षये प्रंणश्यन्ति कुलधर्मसनातनाः।
धर्मे नष्टे कुलं कृत्स्नमधर्मोऽभिभवत्यतः॥ **पूर्ववत्, अ १। ४०**
अधर्माभिभवात् कृष्ण प्रदुष्यन्ति कुलस्त्रियः।
स्त्रीषु दुष्टासु वार्ष्णेय जायते वर्णसङ्करः॥ **पूर्ववत्, अ** १। ४१
सङ्करो नरकायैव कुलघ्नानां कुलस्य च।
पतन्ति पितरो ह्येषां लुप्तपिण्डोदकक्रियाः॥ **पूर्ववत्, अ** १। ४२
श्रेयान् स्वधर्मो विगुणः परधर्मात् स्वनुष्ठितात्।
स्पधर्मे निधनं श्रेयः परधर्मो भयावहः॥ **पूर्ववत्,** ३। ३५
विद्या-विनयसम्पन्ने ब्राह्मणे गवि हस्तिनि।
शुनि चैव श्वपाके च पण्डिताः समदर्शिनः॥ **पूर्ववत्,** ५। १८
योगस्थः कुरु कर्माणि सङ्गं त्यक्त्वा धनञ्जय।
सिद्ध्यसिद्ध्यो : समो भूत्वा समत्वं योग उच्यते॥ **पूर्ववत्, अ. २**
त्रिविधं नरकस्येदं द्वारं नाशनमात्मनः।
कामक्रोधस्तथा लोभस्तस्मादेतत् त्रयं त्यजेत्॥
भूमिरापोऽनलो वायुः खं मनो बुद्धिरेव च।
अहङ्कार इतीयं मे भिन्ना प्रकृतिरष्टधा॥ **पूर्ववत्,** ७। ४।
अश्रद्धया हुतं दत्तं तपस्तप्तं कृतं च यत्।
असदित्युच्यते पार्थ न च तत् प्रेत्य नो इह॥ **पूर्ववत्,** १७। १८॥
विहाय कामान् यः सर्वान् पुमांश्चरति निःपृहः।
निर्ममो निरहङ्कारः स शान्तिमधिगच्छति॥ **पूर्ववत्,** अ. २, श्लो. ७१
मातरं पितरं वृद्धं भार्यां साध्वीं सुतं शिशुम्।
गुरुं विप्रं प्रपन्नं च कल्पोऽविभ्रच्छ्वसन् मृतः॥ श्रीमद्भागवतमहापुराणम् १०।४५।७

अहिंसा सत्यमस्तेयमकाम-क्रोध-लोभता।
भूत-प्रियहितेहा च धर्मोऽयं सार्ववर्णिकः॥ **पूर्ववत,** ११। १७। २१
खं वायुरग्निं सलिलं महीं च ज्योतींषि सत्वानि दिशो द्रुमादीन्।
सरित् समुद्राश्ंच हरेः शरीरं यत् किञ्च भूतं प्रणमेदनन्यः॥
पूर्ववत, ११। २। ४१
कृषि-वाणिज्य-गोरक्षा कुसीदं तुर्यमुच्यते।
वार्ता चतुर्विधा तत्र वयं गोवृत्तयोऽनिशम्॥ **पूर्ववत,** १०। २४। २१
यावद् भ्रियेत जठरं तावत् स्वत्वं हि देहिनाम्।
अधिकं योऽभिमन्येत स स्तेनो दण्डमर्हति॥
मृगोष्ट्र-खर-मर्काखु-सरिसृप्खग-मक्षिकाः।
आत्मनः पुत्रवत् पश्येत् तैरेषामन्तरं कियत्॥ **पूर्ववत,** ७। १४। ८-९
न सन्ति पितरश्चेति कृत्वा मनसि यो नरः।
श्राद्धं न कुरुते तत्र तस्य रक्तं पिवन्ति ते॥ **आदित्यपुराणम्**
विद्या समस्तास्तव देवि भेदाः स्त्रियाः समस्ताः सकला जगत्सु।
दुर्गासप्तशती ११। ६
आचिनोति च शास्त्राणि आचारे स्थापयत्यपि।
स्वयमाचरते यस्मात् तस्मादाचार्य इष्यते॥
श्रूयतां धर्मसर्वस्वं श्रुत्वाचाप्यवधार्यताम्।
आत्मनः प्रतिकूलानि परेषां न समाचरेत्॥ **विष्णुधर्मोत्तरपुराणम्** ३। ३५३। ४४।
आत्मनः प्रतिकूलानि परेषां न समाचरेत्॥ **कूर्मपुराणम्** १६। ३५
जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसि॥
एतद् देशप्रसूतस्य सकाशादग्रजन्मनः।
स्वं स्वं चरित्रं शिक्षेरन् पृथिव्यां सर्वमानवाः॥
सर्वकाले सना प्रोक्ता विद्यमाने तनीति च। ....-**सनातन॥**
कर्म राष्ट्रस्य पूजास्ति कर्म राष्ट्रस्य गौरवम्।
निष्कामं कर्म कर्तव्यं कर्म जीवनपद्धति॥ **धर्मबोध १०॥**
जयतु संस्कृतं धर्मभूतये। जयतु संस्कृतं राष्ट्रभूतये।
जयतु संस्कृतं राजभूतये। जयतु संस्कृतं विश्वभूतये॥
अष्टयङ्योग-यम, नियम, आसन, प्राणायाम, प्रत्याहार, धारणा, ध्यान, समाधि-योग,

परिशिष्ट (२)

कूटस्थ ब्रह्म

ब्रह्मा, विष्णु, महेश्वर
गणेश, सूर्य, विष्णु, शिव, देवी

शास्त्रमर्यादा

ऋगादि प्रत्येक वेदका आआफ्ना शाखा छन् । वेद (मन्त्र र ब्राह्मण), आरण्यक, उपनिषद् आदि वेदभित्रै पर्दछन् । अनुक्रमणिका, सम्बन्धित शिक्षा (श्रौतसूत्र, गृहसूत्र र धर्मसूत्र) प्रत्येक वेदका फरक फरक हुन्छन् । सवैतिर मिल्ने मनुस्मृति आदि हुन् । ती परम्परा यहाँ साङ्केतित छन्–

शास्त्रक्रम

वेद

ऋक्	यजु	साम	अथर्व

वेदाङ्ग

शिक्षा	कल्प	व्याकरण	निरुक्त	छन्द	ज्योतिष

पुराणादि

पुराण	न्याय	मीमांसा	धर्मशास्त्र

सनातनपरिवार

हिन्दु	बौद्ध	जैन	शिख	किरात,	नेवार आदि

द्रष्टव्य– वैदिक सनातनीहरू सबै प्रकृतिलाई सदा संरक्षण गर्छन् र सबै प्रकृतिपूजक हुन्, तथापि निश्चित समूहका व्यक्तिहरू किरात, नेवार र बोन आदि समूहले आफूलाई प्रकृतिपूजक हौँ भन्न मन पराउँछन् । जे होस् यी सबै सनातनी हुन् ।

सन्दर्भविवरण

अथर्ववेद, अनु. तिलकप्रसाद लुइँटेल, विद्यार्थी पुस्तक भण्डार, काठमाडौँ, वि.सं. २०६३।

ऋग्वेद, अनु. तिलकप्रसाद लुइँटेल, विद्यार्थी पुस्तक भण्डार, काठमाडौँ, वि.सं. २०६३।

कल्याण, ध्रर्मशास्त्राङ्क, गीताप्रेस गोरखपुर, भारत, वि.सं. २०७४।

ज्योतिषरत्नमाला, सीताराम झा, चौखम्बा विद्याभवन, वाराणसी, इसं १९९७।

धर्मशास्त्राङ्क, गोवर्धनमठपुरीपीठाधीश श्रकृिष्णतीर्थजी, गीताप्रेस गोरखपुर।

धार्मिकविज्ञान, राधाकृष्ण अधिकारी, वि.सं. २०६१।

पाणिनीयशिक्षा, सम्पा. विद्यासागर डा. दामोदर महतो, मोतीलाल बनारसीदास, ई.सं. १९९९।

बृहत् संस्कृत नेपाली शब्दकोश, फणीन्द्र पाण्डेय, विद्यार्थी प्रकाशन, काठमाडौँ, वि.सं. २०७३।

बौधायनधर्मसूत्र, वाराणसी, १९७२॥

मत्स्यमहापुराण, गीताप्रेस गोरखपुर, भारत, वि.सं. २०७२।

मनुस्मृति, सम्पा. शिवराज आचार्य कौण्डिन्न्यायन, चौखम्बा विद्याभवन वाराणसी, इ.सं. २०१३।

महाभाष्यम्, पतञ्जलि, भाष्यकार– नागेश भट्ट, काशीयन्त्रालय, वाराणसी, वि.सं. १९६३।

मीमांसान्यायप्रकाश, पूना, १९७२।

याज्ञवल्क्यस्मृति, प्रकाशन आदि अनुपलब्ध।

विष्णुधर्मोत्तरपुराण, वेङ्कटेश्वरयन्त्रालय, मुक्बइ, वि.सं. १९६९।

वेदको सामान्य ज्ञान, निर्मलमणि अधिकारी उपाध्याय, जरोकिलो प्रतिष्ठान नेपाल, वि.सं. २०७६।

वैदिक धर्म मूल रूपमा, शिवराज आचार्य

कौण्डिन्यायन,स्वाध्यायशालाकुटुम्ब, काठमाडौँ, वि.सं. २०६२ ।

वैज्ञानिक सत्ययुगको आधारशिला, निर्मलमणि अधिकारी, युगनिर्माण महिला समाज नेपाल, वि.सं. २०६१ ।

वैशेषिकदर्शन, जीवानन्द, कोलकाता, १८८६ ।

शतपथब्राह्मण, सम्पा. स्वामी सत्यप्रकाश सरस्वती, विजयकुमार गोविन्दराम हासानन्द, दिल्ली, २०१४ ।

शास्त्रीय अंशवण्डा..., प्रा.डा. गोविन्दप्रसाद आचार्य, वि.सं. २०६९ ।

श्रीमद्देवीभागवतमहापुराण, गीताप्रेस गोरखपुर, भारत, वि.सं. २०७०।

श्रीमद्भगवद्गीता, श्रीपरमहंस स्वामी अखण्डानन्दजी आश्रम ट्रस्ट मुम्बई, इ.सं. २०१९ ।

श्रीमद्भगवद्गीता, शाङ्करभाष्य, गीताप्रेस गोरखपुर, भारत, वि.सं. २०७३ ।

श्रीमद्भागवतमहापुराण, गीताप्रेस गोरखपुर, भारत, वि.सं. २०७२ ।

शुक्लयजुर्वेदसंहिता, सम्पा.वेदमूर्ति तपोनिष्ठ पं.श्रीराम शर्मा आचार्य, युगनिर्माण योजना विस्तार ट्रस्ट, मथुरा, भारत, २०१२ ।


सनातनधर्म प्रश्नोत्तर मालिका, स्वामी निश्चलानन्दसरस्वतीजी, पूर्वाम्नाय गोवर्धनमठ पुरी (ओडिसा), भारत, वि.सं. २०६६

सप्तशतीचण्डी, सम्पा. प्रा. विद्यानाथ उपाध्याय भट्ट, लम्बकर्ण भट्ट तन्त्रविद्या संस्था, काठमाडौ, वि.सं. २०७० ।

सामवेद, अनु. तिलकप्रसाद लुइँटेल, विद्यार्थी पुस्तक भण्डार, काठमाडौँ, वि.सं. २०६७ ।

हिन्दुधर्मकोश, डा. राजवली पाण्डेय, उत्तरप्रदेश हिन्दीसंस्थान, लखनऊ, इ.सं. २००३ ।

जैमिनीयधर्ममीमांसासूत्र ॥
स्कन्दपुराण, ब्राह्मखण्ड ॥
अथर्ववेद शौनकसंहिता ॥
शाकटायनीयोपनिषद् ॥
जैमिनिन्यायमीमांसा ।
माधवदिग्विजय ।
अध्यात्मोपनिषद् ।
मैत्रायणीसंहिता ।
शब्दकल्पद्रुम ।
अद्‌भूतकोष ।
स्कन्दपुराण ।
हिन्दुरहस्य ।
अत्रिस्मृति ।
महाभारत ।
दक्षस्मृति ।



गावो विश्वस्य मातरः

सनातन विद्वत् परिषद् नेपाल

परामर्श मण्डल

कार्यसमिति

संगठित विभागहरू

वेद, इतिहास पुराण, संस्कृति, दर्शन, धर्मशास्त्र, ज्योतिष, तन्त्र, कर्मकाण्ड आदि ।



मुद्रण
सनातन प्रेस

प्रकाशक
सनातन विद्वत् परिषद् नेपाल

मूल्य : रु. २७० -

